साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३१ ✪ अङ्क ६ ✪ १५ फागुन २०८०, मङ्गलबार ✪ 27 Feb., 2024, Tuesday ✪ मूल्य रू. १०।-

## महिला स्वास्थ्य र शिक्षा क्षेत्रमा आमा समूहको ध्यान केन्द्रित हुनुपर्ने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा शनिबार भक्तपुर नगरपालिका वडा नं. ७ महिला समूहको आयोजनामा महिला भेला भयो ।

भेलामा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छैँ (रोहित) ले अध्ययनमा अब्बल छात्राहरूलाई अभिभावकहरूको चेतनाको अभावको कारण चाँडै विवाह गरिदिँदा समाज पछाडि पर्न गएको धारणा राख्दै महिला शिक्षित, दीक्षित र स्वस्थ भए परिवार तथा समाज नै स्वस्थ हुने बताउनुभयो ।

समाज परिवर्तनमा महिलाको भूमिका महत्त्वपूर्ण हुने भएकोले महिलाहरूलाई हुने विभिन्न स्वास्थ्य समस्याबाट मुक्त गर्न सबै आमा समूह र समाज नै एकताबद्ध भई लाग्नु आवश्यक छ, उहाँले भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले बिचमा पढाइ छोडेर बसेका महिलाहरूले पुन: समय मिलाएर अध्ययन गर्नुपर्ने आवश्यकता औँल्याउँदै देशमा भइरहेको राजनीतिक परिवर्तन र त्यसबाट जनतामाथि परेको प्रभावको बारेमा पनि थाहा पाइराख्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुर नेपालकै सबभन्दा उदाहरणीय सहर बनेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “पुर्खाले सिर्जेको सम्पत्तिलाई हामीले कला र संस्कृतिको रूपमा जीवन्तता प्रदान गर्‍यौँ । यो नेमकिपाको स्पष्ट दृष्टिकोण र दूरदर्शिताको कारण सम्भव भएको हो । नेमकिपा पछाडि परेको जनतालाई उठाउने र शोषण र शोषकको विरुद्ध लड्न सिकाउने पार्टी हो ।”

नेमकिपाका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष सृजना सैंजूले

*बाँकी पृष्ठ १२ मा*

## कृषि प्राथमिकतामा परेको नेपालमा दाल, चामल र तरकारी भारतबाट आउने !




भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयको २४ औँ, ख्वप कलेजको २२ औँ, शारदा क्याम्पस माविको ३३ औँ र ख्वप कलेज अफ लको प्रथम वार्षिकोत्सव कार्यक्रमको उद्‌घाटन बुधबार भव्य समारोहबिच कलेज प्राङ्गणमा सम्पन्न भयो ।

कार्यक्रमको उद्‌घाटन गर्दै सांसद सुवालले राजनीतिक नेताहरू स्वअनुशासनमा नबसेसम्म देश विकास नहुने स्पष्ट पार्दै भन्नुभयो, “चीनका नेताहरूमा स्वअनुशासन छ । सन् २०२४ नयाँ वर्षको शुभकामना दिँदै चीनका राष्ट्रपति सि चिनफिङले चीनमा २० वर्षदेखि कृषि उत्पादन बढेको बताउनुभयो । अमेरिकी राष्ट्रपति बाइडेनसँगको भेटवार्तामा सिले चीनका जनता गरिबीबाट मुक्त भएको बताउनुभयो । नेपालका ८० लाख युवाहरू वैदेशिक रोजगारीमा पठाइएको हुँदा खेतीपाती बाँझो छ ।”

उहाँले भन्नुभयो, “नेपालको अर्को प्राथमिकता शिक्षा हुनुपर्छ । शिक्षामा गरिएको कामबाट जलविद्युत् उत्पादन, खनिज, वन, रोजगारी, स्वाथ्य, उद्योग, व्यापार र पूर्वाधार विकासमा मद्दत पुग्नेछ । सरकारले विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गर्नु जरुरी छ । २०७२ सालको भूकम्पपछि जिल्ला जिल्लामा विद्यालय भवनहरू बने । तर, सहरतिर बसाइँसराइ बढेको हुँदा बनेका विद्यालय भवनमा अध्ययन गर्ने विद्यार्थी १०-२० जनामात्र छन् ।”

सरकारले १२ कक्षा उत्तीर्ण विद्यार्थीलाई परिवारको घर खेत बेच्न लगाएर विदेश अध्ययनमा पठाएको पनि देशको हितमा नभएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, “संसद्‌मा ख्वप विश्वविद्यालय र नेपाल विश्वविद्यालयको चर्चा छ । भक्तपुर नगरपालिकाबाट स्थापना हुने ख्वप विश्वविद्यालयको विधेयक २०७३ सालमै सांसदहरूलाई वितरण भइसकेको थियो । २०७४ सालको चुनावपछि यो विधेयकलाई निष्क्रियमा पुर्‍याइयो । २०७९ को चुनावपछि यो विधेयक ल्याउन संसद्‌मा हामीले बारम्बार उठायौँ । अहिले शिक्षा मन्त्रालयले ख्वप विश्वविद्यालयको विधेयकलाई अन्तिम रूप दिएको छ । यो विधेयक ऊँट बन्ने गरी संसद्‌बाट पारित हुनु हुँदैन । भक्तपुर नगरपालिकाले सञ्चालन गर्दै आएका ७ वटा शैक्षिक संस्थानबाट देशभरिका ४१ हजार विद्यार्थीले अध्ययनको अवसर पाएका छन् ।”

सांसद सुवालले भन्नुभयो, “बङ्गलादेशका २८ प्रतिशत युवामात्र विश्वविद्यालयमा भर्ना हुने गरेको बताइन्छ । त्यहाँ १६० विश्वविद्यालय भएको र ११२ मेडिकल कलेज भएको बताइन्छ । इथोपियामा नेपालको दुई गुणा जनसङ्ख्या छ त्यहाँ ७० वटा विश्वविद्यालयहरू छन् । यो अनुपातमा नेपालमा विश्वविद्यालय पुग्दो छैन । संसारमा सहरी विश्वविद्यालय सञ्चालनमा छन् । ख्वप विश्वविद्यालय पनि सहरी विश्वविद्यालयको रूपमा सञ्चालन गर्ने भक्तपुर नगरपालिकाको तयारी हो । नेपालमा पनि १५ प्रतिशत युवामात्र विश्वविद्यालयमा पुगेका छन् । अर्थात् नेपालमा पनि विश्वविद्यालयको सङ्ख्या पुगेको छैन ।”

उहाँले भन्नुभयो, “नेपाल मजदुर किसान पार्टीले विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गर्न सरकारहरूको ध्यानाकर्षण गराउँदै छ । राणा शासनले शिक्षा रोक्न सकेन । अन्तत: त्रिचन्द्र कलेज, पद्‌मोदयलगायत शैक्षिक संस्था खोल्न राणा शासकहरू बाध्य भए । बहुदल र गणतन्त्र दाबी गरेका अहिलेका सरकारहरूले ख्वप विश्वविद्यालयलाई रोक्न सक्नेछैनन् । हाम्रो विश्वविद्यालयमा सबै किसिमको स्नातक तह अध्ययन गर्ने विद्यार्थीहरूलाई इतिहास, भूगोल, संस्कृति, राजनीतिशास्त्र, अर्थशास्त्र, कानुन, पत्रकारिता, अन्तर्राष्ट्रिय सम्बन्धलगायत विषयसमेत अध्ययन गराई प्रतिस्पर्धी बनाउनु जरुरी छ ।”

कार्यक्रमका सभापति, कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाले ख्वप विश्वविद्यालय विधेयक संसद्‌बाट पारित गराउन आवश्यक पहल गरिरहेको जानकारी दिँदै भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्थाहरू बन्द र हडतालबाट मुक्त रहेको बताउनुभयो ।

शिक्षा, स्वास्थ्य उपचार, खाद्यान्नदेखि हरेक वस्तुमा विदेशनिर्भर हुँदै गएको बताउँदै उहाँले विद्यार्थीहरूलाई आत्मनिर्भरताको पाठ सिकाउनुपर्नेमा जोड दिनुभयो ।

अमेरिका युद्ध गराएर हतियार बिक्री गर्ने देशको रूपमा अगाडि बढिरहेको उल्लेख गर्दै उहाँले न्यायप्रेमी नेपालीले अमेरिकी साम्राज्यवादको विरोध निरन्तर गरिरहने बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले शैक्षिक क्षेत्रको विकास र उन्नयनमा भक्तपुर नपाबाट सञ्चालित ख्वप सर्कलअन्तर्गतका कलेजहरूले शैक्षिक प्रकाशस्तम्भको रूपमा काम गरिरहेको बताउनुभयो ।

उहाँले नेपालमा वैदेशिक ऋणको भार बढ्दै छ, देश आर्थिकरूपमा टाट पल्टिने अवस्थामा रहेको स्पष्ट पार्दै ख्वपले जनतामाझ चेतनाको बीउ छर्ने काम गरिरहेको बताउनुभयो ।

समाजको तल्लोवर्गको सेवा गर्ने पवित्र उद्देश्यले जन्मेको ख्वपले देशको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गरी सेवा गरिरहेको विचार व्यक्त गर्दै सांसद गोसाईले देशको भविष्य शिक्षक, बुद्धिजीवी र विद्यार्थीहरूको हातमा रहेको बताउनुभयो ।

कर्णाली प्रदेशको १ सय ५७ भन्दा बढी विद्यालयमा १० जनाभन्दा कम विद्यार्थी सङ्ख्या हुनुमा देशमा असन्तुलित विकास र बसाइँसराइ प्रमुख कारण भएको बताउँदै उहाँले यसले देशमा विकराल समस्या निम्त्याइरहेको प्रस्ट पार्नुभयो ।

रुसलाई समाप्त पार्ने र चीनलाई घेर्ने रणनीति बनाएको अमेरिका आज आफैँ हारको सङ्घारको रहेको बताउँदै उहाँले प्यालेस्टिनी जनताप्रति न्यायप्रेमी जनताको सधैँ ऐक्यबद्धता रहने धारणा राख्नुभयो ।

*बाँकी पृष्ठ १२ मा*

## समाजवादी गणतन्त्र नै सहिदको सपना हो – सांसद सुवाल



भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले समाजवादी गणतन्त्र नै सहिदको सपना हो भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ जिल्ला समिति भक्तपुरको आयोजनामा मङ्गलबार सम्पन्न ३३ औँ सहिद दिवस कार्यक्रममा अतिथि सुवालले बेलायत, फ्रान्स र संयुक्त राज्य अमेरिकामा भएको स्वतन्त्रता आन्दोलनमा कामदारवर्गका जनताको हित नभएको उल्लेख गर्नुभयो । उहाँले नेपालमा २०४६ सालमा भएको जनआन्दोलनपश्चात् ठुला पार्टीका नेताहरू मन्त्री भए पनि सहिदहरूको सपनाअनुसार कामदार जनताको हित हुन नसकेको बताउनुभयो ।

कम्युनिस्ट नाम गरेका ठुला पार्टीहरू वास्तविक कम्युनिस्ट नभएको स्पष्ट पार्दै उहाँले नि:शुल्क शिक्षा, स्वास्थ्य, कृषिमा आत्मनिर्भरता र देशको सन्तुलित विकास नहुने पुँजीवादी गणतन्त्रले कामदारवर्गको हित नगर्ने बताउनुभयो । शासक दलहरूले नेपालमा विदेशी लगानी बढाउनु भनेको देश विदेशीको हातमा बेच्नुसरह हो, देशलाई उपनिवेश बनाउनु हो भन्दै जनताले विदेशी पुँजीको विरोध गर्दै समाजवादी व्यवस्था स्थापनाको लागि अगाडि बढ्नु नै सहिदको सपना साकार पार्नु हो भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले समाज परिवर्तनको निम्ति काम गर्दा गर्दै आफ्नो ज्यान आहुती गर्नेहरू सहिद हुने उल्लेख गर्दै सरकारको जथाभावी सहिद घोषणाले सहिदको अपमान भएको बताउनुभयो ।

नेपालको राजनीति भारतीय शासकवर्गको इसारामा चलिरहेको हुँदा सहिदको सपनामा कुठाराघात भइरहेको उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ, भक्तपुरका अध्यक्ष एवं वाग्मती प्रदेश सभासद् सृजना सैंजूले २०४६ सालको जनआन्दोलन नेपालको लागि इतिहास हो भन्दै प्रजातन्त्र स्थापनाको तीन दशक बितिसक्दा पनि देशमा प्रजातन्त्रको आभास हुन नसकेको बताउनुभयो । उहाँले अहिले देशका युवाहरू बिदेसिने क्रम बढिरहेकोमा चिन्ता व्यक्त गर्दै ७० लाखभन्दा बढी युवा जनशक्ति विदेशमा हुँदा देशको शिक्षा, विकास निर्माण तथा उत्पादनलगायतका धेरै क्षेत्रमा प्रत्यक्ष असर परेको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घका सचिव एवं भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवाल, नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुरका अध्यक्ष एवं भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवाल, सहिद परिवारको तर्फबाट रचना सुवाल, जनआन्दोलनका घाइते राजेन्द्र दुमरु, नेपाल क्रान्तिकारी किसान सङ्घका जिल्ला समिति सदस्य गंगाराम ज्याख्वले सहिदहरूको योगदान र देशको वर्तमान परिस्थितिबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।

## बजेटको सिद्धान्त र प्राथमिकतामा कुनै नवीनता छैन

काठमाडौँ । माओवादीका प्रधानमन्त्री पुष्पकमल दाहालका अर्थमन्त्री नेकाका प्रकाशशरण महतले प्रतिनिधिसभामा पेस गरेको विनियोजन विधेयक, २०८१ को सिद्धान्त र प्राथमिकतामा ऊर्जा, कृषि, पर्यटन, सूचना प्रविधिलाई जोड दिइएको छ ।

सरकारको प्राथमिकतामा कृषि हुनुपर्नेमा ऊर्जालाई राखिएको नेपालको बाँकी जलविद्युत्‌मा पनि भारतलाई दिने जालसाजी हो । गएको जेठमा भारत गएका प्रम दाहालले १० वर्षमा १० हजार मेघावाट जलविद्युत् भारतलाई बेच्नेमा सहमति गरेका थिए । यसैलाई मदत पुग्ने गरी बजेटको सिद्धान्त र प्राथमिकतामा ऊर्जालाई जोड दिइएको हो ।

सरकारले कृषिलाई प्राथमिकतामा राख्नुपर्ने हो । नेपालको बिजुली भारतलाई दिने र दाल, चामल, तरकारी भारतबाट ल्याउने सरकारको नीति गलत हो । सार्वजनिक ऋण २३ खर्ब रुपैयाँभन्दा बढी र उच्च व्यापार घाटा भएको वर्तमान अवस्थामा सरकारले कृषिलाई प्राथमिकतामा नराखेको नेका र माओवादी सरकारको देशघात नै हो ।

अर्थमन्त्री महतले २०८१ वैशाख २१ गते लगानी सम्मेलन गर्ने उल्लेख गरे । यो विदेशी पुँजीलाई नेपालीलाई शोषण गराउने र देशलाई नवउपनिवेश गराउने हो । विदेशी पुँजीसँगै विदेशी सेना आउनेतर्फ सरकार सचेत भएन ।

नेपाली काङ्ग्रेस आफूलाई ‘प्रजातान्त्रिक समाजवादी’ दाबी गर्छ भने माओवादी आफूलाई ‘कम्युनिस्ट’ दाबी गर्छ । बजेटको सिद्धान्त र प्राथमिकतामा औद्योगिक विकासको लागि निजी क्षेत्र इन्जिन हुने दाबी गरियो । निजी बैङ्कहरूले नेपालको विदेशी मुद्रा विभिन्न देशमा लगेको सार्वजनिक भइरहेको छ ।

बजेटको सिद्धान्त र प्राथमिकता अघिल्लो वर्षको सँग शब्द र भाषा फरक, बुँदा तलमाथि परे पनि सार फरक छैन । अर्थात् कुनै नवीनता छैन ।

## बन्दीपुरमा नेमकिपा स्थापनाका आधारबारे छलफल

तनहुँ । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा तनहुँ बन्दीपुर गाउँपालिका वडा नं. ४ र व्यास नगरपालिका वडा नं. १ राजा आँप टोलमा नेमकिपा स्थापनाका आधार र समसामयिक विषयमा शनिबार छलफल कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय अध्यक्ष मिनबहादुर बाटाले कामदारवर्गको मुक्तिको निम्ति समाजवादी गणतन्त्रको आवश्यकता औँल्याउँदै देश आत्मनिर्भर बनाउन युवाहरूलाई स्वदेशमै रोजगारीको बन्दोबस्त गर्नु जरुरी रहेको बताउनुभयो ।

नेक्रायुङ्घका केन्द्रीय सदस्य महेन्द्र बखुन्छेँले शोषितपीडित जनता राजनीतिकरूपले सचेत र सङ्गठित भएर क्रान्तिको निम्ति तयार नभएसम्म देश उँभो नलाग्ने औँल्याउँदै शासक दलका नेता कार्यकर्ताहरूले भ्रष्टाचारलाई बढावा दिइरहेकोतर्फ नेपाली जनता सचेत हुनु जरुरी रहेको बताउनुभयो । पार्टी स्थापना दिवसकै अवसरमा शुक्रबार गोरखामा पनि नेमकिपाको स्थापनाका आधारहरूबारे छलफल कार्यक्रम भयो ।



*सबै कूटनीतिहरू अर्को माध्यमका युद्धका निरन्तरता हुन् । त्यसैले कूटनीतिक क्षेत्रका योद्धाहरूले विचारधारा र अनुभवका शस्त्रअस्त्रहरू बोक्नुपर्छ ।*

*–चाउ एनलाई*

## सम्पादकीय

# के प्रमज्यू समाचारपत्रहरू हेर्नुहुन्छ ?

समाचारपत्रहरू हेर्ने हरेक नागरिकले 'सार्वजनिक जग्गा हडप्नेमाथि अख्तियारको आक्रामक कारबाही' मा छानबिन गर्दा सरकारी कर्मचारीहरूकै नाम अगाडि आउने गरेको देखिन्छ । सिंहदरबारका माथिल्ला कर्मचारीहरूदेखि जिल्ला-जिल्लाका साधारण कर्मचारीहरूसमेत सरकारी सम्पत्ति निजी गर्ने कार्यमा लागेको देखिन्छ । त्यस्ता कर्मचारीहरू भ्रष्टाचारमा पक्राउ पर्न थालेका छन् । यस्तो बेहालको स्थितिको कारण के होला भन्नेबारे जाँचबुझ र विश्लेषणको जरुरी छ ।

१) 'अर्को बालुवाटार सम्झाउने झापाको ७८१ रोपनी जग्गा हडप्ने ३५९ विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ (नेपाल समाचारपत्र - १४ फागुन २०८०) ।'
२) 'वीरगञ्ज सुक्खा बन्दरगाह प्रकरण, ३ अर्बको अवैध वस्तु ल्याउने गिरोहको किन हुँदैन खोजतलास र कारबाही ?'
३) 'खराब आचरणको आरोप लागेका न्यायाधीशहरूमाथि न्यायपरिषद्को 'एक्सन', 'थपलिया र निरौला बर्खास्त, कोइराला निगरानीमा' (राजधानी - १४ फागुन २०८०) ।
४) 'पाँच वर्षमा ११ न्यायाधीश बर्खास्त', 'आचरणविपरीत कार्य गरेको ठहरसहित आइतबार दुई न्यायाधीश पदमुक्त, अडियो प्रकरणमा जोडिएका न्यायाधीशलाई सचेत गराई सरुवा गरियो ।' 'न्यायाधीश हुँदैमा जसरी पनि फैसला गर्न पाइन्छ भन्ने हुँदैन, छाडा हुन पाइँदैन' (नयाँ पत्रिका- १४ फागुन २०८०) ।

उपर्युक्त समाचारपत्रका शीर्षकहरूले माथिल्लादेखि जिल्लाका कर्मचारीहरूसमेत सरकार वा व्यापक जनताको सम्पत्ति म्हास्ने काममा लागेको भन्ने बुझ्न सकिन्छ । कर्मचारीहरूले तलब नपुगेर वा कसैले बाध्य पारेर त्यस्ता देशविरोधी भ्रष्ट कार्यहरू गरेका त होइनन् होला ! त्यसोभए के प्रजातन्त्र र गणतन्त्रसँग सहमत नभएरै त्यस्ता देश र जनताविरोधी अपराध गरेका हुन् त ? अथवा धेरै काण्डहरूमा प्रधानमन्त्री, मन्त्रीहरू, राजनैतिक नेता र कार्यकर्ताहरूसमेत त्यस्ता कार्यमा लाग्दा कर्मचारी र न्यायाधीशहरू पनि भ्रष्टाचार गर्न उत्साहित भएका त होइनन् भन्ने प्रश्न उठ्छ । यसकारण, देशमा राम्रो शासन चलाउने हो भने शासक दलहरू प्रधानमन्त्री, मन्त्री र नेताहरू पहिले सुध्रिनुपर्दछ । परिस्थितिले यही सन्देश दिन्छ ! छानबिन र विश्लेषण आवश्यक छ ।

'अर्बौं मूल्यको जग्गा हिनामिना माओवादी नेता' शीर्षकको समाचार भन्छ-'दमकको करिब ३० बिघा (७८२ रोपनी) जग्गा माओवादी नेताको मिलेमतोमा व्यक्तिको नाममा दर्ता भएको देखिएको छ' (अन्नपूर्ण पोष्ट- १४ फागुन २०८०) ।

शीर्षकले नै माओवादी नेता भनिएजस्तै ललिता निवास र अन्य भ्रष्टाचार र सार्वजनिक जग्गासम्बन्धी अपराधमा नेताका छोराछोरी पनि संलग्न भएको समाचारले बताउँछ ।

यो समस्याको समाधान के हो ? पार्टी नेताहरूले बन्दुक देखाएर अनियमित काम गर्नुभएन, शासक वा राज्य सत्ता कब्जा गरेर 'क्रान्ति' गर्ने नाममा डकैती र चोरी एवं भ्रष्टाचार गर्नुभएन । एक आदर्श समाज स्थापित गर्न आदर्श व्यक्तिको आवश्यकता हुन्छ । 'आदर्श व्यक्ति' नेता र कार्यकर्ता हुनु आवश्यक छ ।

आफ्नो पार्टी सत्तामा पुगेपछि अपराधी छुटाउने, किर्ते, मूर्ति चोर, लागूपदार्थको अपराधी, डाँकू, जनतालाई विदेशमा काम लगाइदिन्छु भनी लाखौँ ठगेर हिँड्ने, धर्मको नाममा विदेशी पैसाबाट समाजलाई लोभी र पापी बनाउनेहरूसँग मिलेर काम गर्नुहुन्न भन्ने कार्यकर्ताहरूलाई तालिम दिनु अनिवार्य भएको छ ।

तर कार्यकर्ताहरूले प्रश्न गर्नेछन् - त्यसो भए पूर्वप्रधानमन्त्री र मन्त्रीहरू वा नेताहरूले सार्वजनिक सम्पत्तिमा भ्रष्टाचार गर्ने, नीतिगत भ्रष्टाचार गर्नेहरूलाई के गर्ने त ? के ती प्रधानमन्त्री र मन्त्रीहरूले राजीनामा गर्नुपर्दैन ?

कार्यकर्ताहरूले मन्त्री र नेताहरूलाई भन्नुपऱ्यो - आफ्नो नातागोता र अयोग्य व्यक्तिहरूलाई पदमा राख्ने काम गर्नुभएन - त्यो पनि राजनैतिक भ्रष्टाचार नै हो ।

नेताहरूले पनि कार्यकर्ताहरूलाई 'आदर्श समाज' को निर्माण गर्न सोअनुसारको आचरण र अध्ययन गराउनु आवश्यक पर्ला ! नत्र मुद्दामा परेका कर्मचारीहरू र न्यायाधीशहरूले अदालतमा तर्कै तर्कबाट प्रधानमन्त्री र नेताहरूलाई नैतिकताको कठघरामा पराजित गर्नेछन् । सबै पक्ष होसमा आउनु जरुरी छ । कि त भन्नुपर्ने भो - 'ती माथिल्ला कर्मचारी र न्यायाधीशहरू राजावादी र पञ्चायतवादी हुन् !' एउटा अपराध लुकाउन अर्को अपराध गर्नुजस्तै हुनेछ ।

# भन्सारमा मल थन्काउने र भारतबाट खाद्यान्न आयात, यो कस्तो सरकार !

✍ **प्रेम सुवाल**

आम सञ्चारमा प्रकाशित भयो, "तातोपानी भन्सारमा १० महिनादेखि ७ लाख ३५ हजार बोरा मल थन्किरहेको छ । किसानले समयमा मल नपाउँदा उत्पादन घट्यो । भारतीय खाद्य उत्पादन महँगोमा किन्नुपर्दा नेपालको व्यापार घाटा बढ्यो ।"

देश र जनताविरोधी यो षड्यन्त्रमा संलग्न प्रधानमन्त्री, कृषिमन्त्री, कृषि सामग्री कम्पनीका अधिकारीहरू को को हुन् ? यी दोषीलाई मृत्युदण्ड दिने कानुनी व्यवस्था हुनु जरुरी छ ।

७५ वर्षदेखिको युद्ध क्षेत्र इजरायलमा नेपाली युवा र विद्यार्थीलाई काम गर्न पठाउने प्रधानमन्त्री, मन्त्री र अधिकारीहरूलाई कारबाही हुनुपर्दछ । विपिन जोशी इजरायली सरकार वा हमास कसको कब्जामा छ सरकारलाई स्पष्ट गराउनु जरुरी छ ।

खर्बौं रुपैयाँ बचत फिर्ताको लागि बचतकर्ताहरू ठग सहकारी सञ्चालकको विरुद्ध पीडित धर्नामा छन् । लघुवित्त पीडित र मिटरब्याज पीडित जनता पनि सडक सङ्घर्षमा छन् । प्रधानमन्त्री पुष्पकमल दाहालले पीडितहरूको समस्या चाँडै समाधान गर्ने बताउनुभयो । समाधानको उपाय के के हुन् प्रधानमन्त्रीलाई संसद्मा स्पष्ट गर्न लगाउनु जरुरी छ । मिटरब्याज चक्रवर्ती ब्याज हो । सावाँभन्दा बढी ब्याज तिर्नेहरूको ऋण माफी हुने कानुनी व्यवस्था छ । आफूलाई समाजवादी र कम्युनिस्ट दाबी गरेका शासक दलहरू किन केही गर्न सक्दैनन् ?

नगरकोट र दुवाकोटको सडक ७-८ वर्षदेखि बिगारी त्यतिकै राखिएको छ । निर्माण बिलम्ब गर्ने को को हुन् ? मेलम्ची खानेपानी आयोजनाको इन्टेक निर्माण बिग्रिएको हुँदा खर्च भएको ६० अर्ब रुपियाँ खेर जाने भयो । यसका दोषीहरूलाई पनि कारबाही हुनुपऱ्यो ।

आईसीयूमा रहेका बिरामी र एनआईसीयूमा रहेका नवजात शिशुको फोक्सो, छाती, क्षयरोग, मुटु, क्यान्सरका बिरामीलाई आवश्यक औषधि नेपालमा सहज उपलब्ध छैन । बच्चाको फोक्सो फुलाउने सर्फेक्टटेन्ट औषधि भारतमा ६ हजार पर्ने नेपालमा १६ हजारभन्दा बढी मूल्यमा बिनाबिल बिक्री भइरहेको छ । यो जनविरोधी काममा संलग्न स्वास्थ्य मन्त्रालय र औषधि व्यवस्था विभागका अधिकारीहरूलाई कारबाही नगरिएकोमा जनता आक्रोसित छन् ।

प्रधानमन्त्री र मन्त्रीलगायत सत्तागठबन्धनका नेताहरू तथा प्रमुख विपक्षी दलका नेताहरूको लवाइखवाइमा स्वदेशी उत्पादन नहुँदा सरकारसँग कुनै सकारात्मक उदाहरण नै नभएको जनताको गुनासो छ । यो सात महिनामा सरकारको आयात ८ खर्ब ९७ अर्ब ९४ करोड पुग्यो भने निर्यात ८६ अर्ब ८३ करोडमात्र भयो । कृषिलाई यति कमजोर पारेको सरकारले कृषिप्रधान नेपाल भनी दाबी गरिरहनु लाजमर्दो होइन र ?

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० फागुन १० गते प्रतिनिधिसभाको विशेष समयमा राख्नुभएको मन्तव्यको सार - सं.)*

**के शासक दलहरू तिहुन चाखुवा र दहीचिउरे हुन् र ?**

राजनैतिक दल एक वर्ग आधारमा स्थापना र सञ्चालन हुन्छ । राजनैतिक दलको निश्चित दर्शन, सिद्धान्त र विचार हुन्छ । अर्थात् राजनैतिक दलको मस्तिष्क राजनैतिक दर्शन नै हो ।

नेपालको संविधानमा समाजवादउन्मुख व्यवस्था छ । नेपाली काङ्ग्रेसले आफूलाई 'प्रजातान्त्रिक समाजवाद' र एमाले एवम् माओवादीले आ-आफूलाई 'कम्युनिस्ट' दाबी गर्छन् । समाजवादको अर्थ कामदारवर्गको सरकार, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, योग्यताअनुसार काम र कामअनुसारको ज्याला र शोषण गर्न नपाउने हो । कम्युनिस्टहरूको एउटै स्वार्थ मजदुर र किसानको हित हेर्नु हो ।

अहिले सरकार विदेशी पुँजीको दलालजस्तै भइरहेको छ । सरकारले निजीकरणको नाममा अर्थतन्त्र विदेशी दलालकै कब्जामा दिइरहेको छ । सरकारले योग्यलाई जिम्मेवारी दिएको छैन । सरकारी नियुक्तिमा आफ्ना मान्छे, प्रधानमन्त्री र मन्त्रीका मान्छेलाई राखिएका छन् । शिक्षा समितिमा आमन्त्रित सहभागी चैतन्य मिश्रले अहिलेलाई त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा प्राध्यापक राममनोहर श्रेष्ठ नै उपयुक्त हुने सुझाउनुभयो । तर, उहाँको नाम उपकुलपतिको सूचीमा अटेन । सरकारले शोषणलाई कानुनी बनाउँदै छ । समाजवादमा शोषण अन्त्य हुन्छ ।

यस अगाडि एक राजनैतिक दललाई विभाजन गराउन केन्द्रीय समिति वा संसदीय दलको २० प्रतिशत भए पुग्ने अध्यादेश जारी गरियो । अब नेका, एमाले, माओवादीमध्ये कुन दललाई विभाजनबाट रोक्न केन्द्रीय समिति र संसदीय दलको ४० प्रतिशत मत चाहिने साबिक व्यवस्था यो विधेयकमा गरियो ?

नेकाका सांसद शेखर कोइरालाले गठबन्धन सरकार पूर्ण असफल भएको बताए । के अब शेखर कोइराला समर्थक नेकाका सांसदहरूले सरकारलाई दिएको समर्थन फिर्ता लिने हो र ?

शासक दलहरू तिहुन चाख्ने र दहीचिउरे हुनु भएन । दल विभाजन ऐनमा कहिले २० प्रतिशत कहिले ४० प्रतिशत राख्नु तिहुन चखुवा र दहीचिउरे हुनु होइन र ? राजनैतिक दललाई निर्वाचनको मतको आधारमा 'राष्ट्रिय' वा 'अराष्ट्रिय' भनी छुट्याउनु पनि प्रजातन्त्र होइन । तत्कालीन पञ्चायत सरकारले नेपाली काङ्ग्रेस पार्टीलाई नै 'अराष्ट्रिय पार्टी' भनेको हो, होइन र ? अहिले नेका, एमाले, माओवादी ३ प्रतिशत मत सीमा राखी पञ्चायती भाषा किन बोल्दै छन् ?

सांसद माधवकुमार नेपाल पनि ३ प्रतिशत प्रावधानको पक्षमा थिए । अहिले उनको पार्टी नेकपा (एस) का १० सांसद छन् तर ३ प्रतिशत छैन, राष्ट्रिय पार्टी भएन । यसकारण, सांसद माधवकुमार नेपालको दोस्रो पटकको प्रधानमन्त्रीमा आरोहण खुस्किने भयो । नेताहरूसँग दूरदृष्टि नभएको पुष्टि भयो ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा आफ्नो दृष्टिकोण राख्ने राष्ट्रिय पार्टी हुन्छ । त्यस्तो दृष्टिकोण नराख्ने पार्टी सदस्य सङ्ख्या धेरै र देशभरि फैलिए पनि राष्ट्रिय पार्टी हुने छैन ।

सिद्धान्त र नीति मिल्ने दलबिचमात्र निर्वाचन र सत्तामा गठबन्धन हुन सक्छ । प्रधानमन्त्री, मन्त्री, सांसद बन्न सिद्धान्तहीन गठबन्धन बनाउनु देशको हितमा हुने छैन । सरकारमा गएर निर्वाचन घोषणापत्रअनुसार काम नगरेका दलहरूको गठबन्धन देशको लागि घातक नै हुनेछ ।

इतिहासमा पुँजीपतिवर्गले सामन्तवादविरोधी सङ्घर्षमा सहयोग गरेका कामदारवर्गलाई दबाएको उदाहरण संसारमा धेरै छन् । सन् १६४९ मा पुँजीपतिवर्गले बेलायतको किसान विद्रोहलाई दबायो । सन् १७८६ मा अमेरिकी पुँजीपतिवर्गले डेनियल रोजको किसान विद्रोहलाई दबायो । सन् १७९४ मा फ्रान्सको पुँजीपतिवर्गले समानतावादीहरूलाई दबायो । भारतमा पनि तेलङ्गाना किसान आन्दोलनलाई दबाइएको थियो । नेपालमा २०४६ सालपछि बहुदलको लागि लडेका कामदारवर्गलाई शासक दलहरू अहिले दबाउँदै छन् ।

मजदुरवर्गका गुरु एङ्गेल्सले भन्नुभएको थियो, "सामन्ती दृष्टिकोणले 'भूत' को प्रतिनिधित्व गर्छ । पुँजीवादी दृष्टिकोणले पराजयको प्रतिनिधित्व गर्छ । मजदुरवर्गको हित मजदुरवर्गले मात्र गर्छ ।"

नेताको नाममा सहर, सडक, प्रतिष्ठान, औद्योगिक क्षेत्र बनाएर भ्रष्टाचार र कमिसन खाने दलहरू कसरी राष्ट्रिय दल हुन सक्छन् ?

बेलायतको पुँजीवादी पार्टीको नाम 'श्रमिक पार्टी' राखियो भने हिटलर र मुसोलिनीजस्ता फासीवादीहरूले 'राष्ट्रिय समाजवाद' दाबी गरी मजदुरवर्गलाई धोका दिए । भारतको दक्षिणपन्थी 'भाजपा' ले पनि युवाहरूको दस्ता 'राष्ट्रिय स्वयम्सेवक दल' तथा विद्यार्थी र युवाहरूको सङ्गठन बनाएर कामदारवर्गलाई धोखा दिँदै छन् ।

नेपाली काङ्ग्रेको 'समाजवाद' र एमाले-माओवादीको 'कम्युनिस्ट' दाबी गोर्खा परिषद्को 'शोषणविहीन समाज' र पञ्चायती सरकारको 'शोषणरहित समाज' जस्तै धोका साबित भइरहेको छ ।

दलगत अहङ्कारको ठाउँमा विनम्रता, अरूमाथि आफ्नो विचार थोप्नुभन्दा अरूको सकारात्मक अनुभव र योगदानबाट सिक्ने, तल्लोवर्गको सेवा गर्ने धैर्यले मात्र नेपाललाई अघि बढाउन सक्नेछ ।

बाल मन्दिर, छायाँ कम्प्लेक्सलगायत सार्वजनिक सम्पत्ति जग्गा, जङ्गल, पोखरी निजी बनाउनेहरूमाथि तत्काल कारबाही गरी ती सम्पत्ति पुन: सार्वजनिक गर्न गराउन सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० फागुन १० गते प्रतिनिधिसभाको बैठकमा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक २०८० माथि विरोधको सूचना प्रस्तुत गर्दै राख्नुभएको मन्तव्यको सार - सं.)*

**सार्वजनिक जग्गा र पोखरी व्यक्तिको नाममा दर्ता गराउनेहरूलाई कारबाही जरुरी**

गृह मन्त्रालयले सरकारी जग्गाको विवरण प्रमुख जिल्ला अधिकारीमार्फत माग्दै छ । भूमि व्यवस्था मन्त्रालयअन्तर्गतको मालपोत र नापी कार्यालयसँग यसको विवरण छ । नापी नक्साको बेला सार्वजनिक पोखरी, पर्ती, खोला, गौचरण, ऐलानी भनी किटानसहित उल्लेख भएका जग्गा मालपोत कार्यालयकै मिलेमतोमा व्यक्तिको नाममा दर्ता गरिएको हो । यसरी निजी गरिएका जग्गा र पोखरी पुन: सार्वजनिक गर्नु जरुरी छ ।

बसाइँसराइ बढेसँगै सहरका सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता बढेको हो । मालपोत ऐनअनुसार जुनसुकै कारणले सार्वजनिक जग्गा, पोखरी, पर्ती जग्गा व्यक्तिको नाममा दर्ता गरिएको भए पनि पुन: सार्वजनिक/सरकारी गर्न मिल्ने कानुनी व्यवस्था छ । तर, मालपोत कार्यालयका अधिकारीहरू भूमाफियाको प्रभावमा परेर पुन: सार्वजनिक गर्न मानिरहेका छैनन् । यसमा गृह मन्त्रालय र भूमि व्यवस्था मन्त्रालयको

*बाँकी पृष्ठ १२ मा*

# सरकारी/सार्वजनिक जग्गा र पोखरी निजी गर्नेलाई मृत्युदण्ड जरुरी




**शुक्र**

शासक दलकै संरक्षणमा सरकारी/सार्वजनिक/पर्ती जग्गा व्यक्तिको नाममा दर्ता भएको तथ्य एकपछि अर्को खुल्दै छन् । झापा दमक नगरपालिका वडा नं. १३ र १४ स्थित रतुवा र दिपिनी खोला दोभानको उत्तरतर्फको बालुवाटार भनिने ठाउँको ७८१ रोपनी सरकारी/सार्वजनिक जग्गा स्ववासी र हालसाविक गरी व्यक्तिका नाममा दर्ता गरेको खुल्न आएको छ ।

यसको मुख्य योजनाकार प्रधानमन्त्री दाहालको माओवादी केन्द्र कोशी प्रदेशका कोषाध्यक्ष गगन भनिने रेवतराज पुरी हुन् । उनले २०६३ सालपछि मालपोत र नापी कार्यालयका अधिकारीहरूलाई हातमा लिएर सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गराए । व्यक्तिका नाममा जग्गा दर्ता गरेवापत मालपोत र नापीका तत्कालीन अधिकारी र कर्मचारीहरूले सोही जग्गाको केही घुस लिएका थिए ।

२०६३ सालदेखि २०७३ सालसम्मको अवधिमा ९ वटा कित्ता जग्गाको २९ बिघा १७ कट्ठा ४ धुर जग्गा हालसाविक गरेर व्यक्तिका नाममा दर्ता गरिएको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले फागुन १३ गते विशेष अदालतमा मुद्दा दायर गऱ्यो र माओवादीका नेता पुरीसहित १ सय ७२ जनालाई प्रतिवादी बनायो । मुद्दामा ६४ जनाविरुद्ध ३४ करोड ६६ लाख ५४ हजार ८ सय ४९ रुपियाँ बिगो कायम गरेर सोबमोजिमको जरिवाना र कैद सजाय माग गरिएको छ भने १ सय ८ जना जग्गाधनीको जग्गा जफत गर्नुपर्ने अभियोगपत्रमा उल्लेख छ ।

नापी कार्यालय चन्द्रगढीका तत्कालीन ३ जना नापी अधिकृतसहित १० जना कर्मचारी, मालपोत कार्यालय दमकका प्रमुख मालपोत अधिकृतसहित ११ जना र नापी कार्यालय दमकका ७ सहित २८ कर्मचारीहरू सरकारी/सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्ने कार्यमा संलग्न भएको देखियो । सार्वजनिक जग्गा आफ्नो जग्गामा घुसाई दर्ता गर्ने स्थानीय ३६ जनालाई पनि बिगो, जरिवाना र कैद सजाय माग गरिएको छ ।

रतुवा र दिपिनी खोला दोभानको उत्तरतर्फको २८ बिघा १७ कट्ठा १३ धुरको विभिन्न ११ कित्ता जग्गा हालसाविक गरी व्यक्तिको नाममा लगेको अभियोगमा माओवादी नेता पुरीसहित नापी कार्यालय चन्द्रगढीका २ प्रमुख अधिकृतसहित ९ जना कर्मचारीलाई बिगो, जरिवाना र कैद सजाय माग गरिएको छ । सो अभियोगमा १ सय ८७ जनालाई प्रतिवादी बनाएकोमा ७४ जनालाई ४१ करोड ६२ लाख १९ हजार ८ सय १ रुपियाँ बिगो, जरिवाना र कैद सजाय र १ सय १३ जना जग्गाधनीको जग्गा जफत गर्नुपर्ने उल्लेख छ ।

२०२१ र २०३४ सालको नापीमा सरकारी/सार्वजनिक प्रकृतिको जग्गा कायम भएको अभिलेख हुँदाहुँदै २०६३ पछि सरकारी जग्गा केही जग्गा स्ववासी दर्ता गराइयो भने बाँकी हालसाविकको नाममा व्यक्तिको नाममा दर्ता गराइयो । यो काममा शासक दलका नेताहरू संलग्न भएको जन चर्चा छ ।

२ वर्ष लामो अनुसन्धानपछि ३ सय ५९ जनाविरुद्ध ७६ करोड २८ लाख ७४ हजार ६ सय ५९ रुपियाँ बिगो, सोबमोजिम जरिवाना र कैद सजाय माग गरिएको छ । यो मुद्दामा अदालतबाट सफाइ हुने सम्भावना छ । जनता सचेत भएर खवरदारी गर्न लागिपर्नु आवश्यक छ ।

यसअघि माओवादी नेता पुरी र उनकी श्रीमती सम्पत्ति शुद्धीकरण मुद्दामा विशेष अदालतले दोषी ठहर गरेका व्यक्ति समेत हुन् । सम्पत्ति शुद्धीकरण मुद्दामा गत फागुन ६ गते पुरीलाई ४ करोड ३ लाख ३४ हजार रुपियाँ जरिवाना गरिएको थियो ।

देशभरका सरकारी/सार्वजनिक पर्ती जग्गा, पोखरी, कमलपोखरी, खोला किनारा, जङ्गल व्यक्तिको नाम गर्ने काममा शासक दलका नेता कार्यकर्ता संलग्न भएको हुँदा संलग्न सबैलाई संविधान संशोधन गरी मृत्युदण्डको सजाय हुनु जरुरी छ ।

# कृषिमा अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन नसक्नु सरकारकै असफलता

नेपालको प्राथमिकता कृषि भनिए पनि कागजमा मात्र सीमित भएको स्पष्ट छ। ६ महिनायता १२ अर्ब रुपैयाँको तरकारी भारतबाट आयात भयो। दाल, चामल र अन्य खाद्यान्नसमेत आयात गर्नुपर्ने सरकारले नेपाललाई कृषिप्रधान देश भन्नु छलछाम नै हो। सरकारले कृषि अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन नसक्नु प्रधानमन्त्रीहरूको असफलता नै हो।

यसकारण, सार्वजनिक ऋण २३ खर्बभन्दा बढी पुग्यो। आगामी आ.व.को बजेट १८ खर्ब रुपैयाँको आउने बताइन्छ। आत्मनिर्भर अर्थतन्त्र नभएको देश आत्मनिर्भर हुनेछैन। अहिले नेपालको आयात भारतनिर्भर छ। भारतीय एकाधिकार पुँजीले नेपालको जङ्गल, जल, जलविद्युत् कब्जा गर्दै छ; कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरुण, पश्चिम सेती, मुगु, कर्णाली, तिला-१, तिला-२ कब्जा गरेको छ।

दुई वर्षअघि लुम्बिनीमा ध्यान गर्न आएका भारतीय प्रम मोदीलाई नेपालका तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले तल्लो अरुण जलविद्युत् 'प्रसाद' दिए। गत जेठ महिना भारत गएका प्रम पुष्पकमल दाहालले भारतलाई फुकोट कर्णाली दिए।

राजनीतिक नेताहरू स्वअनुशासनमा नबसेको देशको विकास हुने छैन। चीनका नेताहरूमा स्वअनुशासन छ। सन् २०२४ मा नयाँ वर्षको शुभकामना दिँदै चीनका राष्ट्रपति सि चिन फिङले चीनमा २० वर्षदेखि कृषि उत्पादन बढेको बताउनुभयो। अमेरिकी राष्ट्रपति बाइडेनसँगको भेटवार्तामा सिले चीनका जनता गरिबीबाट मुक्त भएको बताउनुभयो। नेपालका ८० लाख युवाहरू वैदेशिक रोजगारीमा पठाइएको हुँदा खेतीपाती बाँझो छ।

नेपालका प्रधानमन्त्री, मन्त्री, सांसद र उच्च अधिकारीहरू भारतीय पैसामा भारत भ्रमण जानु नेपालको हितमा हुने छैन। भारतको प्रत्यायोजनमा भारत भ्रमण जाने प्रधानमन्त्री, मन्त्री, सांसद र उच्च अधिकारीहरूको नेपाली टोलीले खुला सीमामा भारत सरकारको ज्यादती, नेपाली सीमामा भारतीय अतिक्रमण, कालापानीमा भारतीय सेना तैनाथी, नेपाली भूमि लिम्पियाधुरासम्म भारतीय अतिक्रमणको विरोध गर्न सकेन। नेपाली सेना, प्रहरी, कर्मचारीहरूको तालिमसमेत भारतमा गराउन नहुने र भारतीय प्रशिक्षक ल्याएर गराउन नहुने देखिन्छ। केही वर्षअगाडि नेपाल प्रहरीको महानिरीक्षक हुनेलाई भारतीय दूतावासबाट करोडौं रुपैयाँ बोकाएर प्रधानमन्त्रीलाई दिन लगाएको चर्चा चल्यो। अहिले भारतीय दूतावासको छनोटमा २० करोड रुपैयाँसम्मको योजना छनोट हुने सम्झौता गरियो। यसले नेपालीलाई भारतीय दलाल बनाउने भयो।

नेपालको अर्को प्राथमिकता शिक्षा हुनुपर्छ। शिक्षामा गरिएको कामबाट जलविद्युत् उत्पादन, खनिज, वन, रोजगारी, स्वास्थ्य, उद्योग, व्यापार र पूर्वाधार विकासमा मद्दत पुग्नेछ। सरकारले विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गर्नु जरुरी छ। २०७२ सालको भूकम्पपछि जिल्ला जिल्लामा विद्यालय भवनहरू बने। तर, सहरतिर बसाइँसराइ बढेको हुँदा बनेका विद्यालय भवनमा अध्ययन गर्ने विद्यार्थी १०-२० जनामात्र छन्।

सरकारले १२ कक्षा उत्तीर्ण विद्यार्थीलाई परिवारको घरखेत बेच्न लगाएर विदेश अध्ययनमा पठाएको पनि देशको हितमा छैन।

संसदमा ख्वप विश्वविद्यालय र नेपाल विश्वविद्यालयको चर्चा छ। भक्तपुर नगरपालिकाबाट स्थापना हुने ख्वप विश्वविद्यालयको विधेयक २०७३ सालमै सांसदहरूलाई वितरण भइसकेको थियो। २०७४ सालको चुनावपछि यो विधेयकलाई निष्क्रियमा पुऱ्याइयो। २०७९ को चुनावपछि यो विधेयक ल्याउन संसदमा हामीले बारम्बार उठायौं। अहिले



प्रेम सुवाल, सचिव नेमकिपा

शिक्षा मन्त्रालयले ख्वप विश्वविद्यालयको विधेयकलाई अन्तिम रूप दिएको छ। यो विधेयक उँट बन्ने गरी संसद्बाट पारित हुनु हुँदैन। भक्तपुर नगरपालिकाले सञ्चालन गर्दै आएका ७ वटा शैक्षिक संस्थानबाट देशभरिका ४१ हजार विद्यार्थीले अध्ययनको अवसर पाएका छन्।

बङ्गलादेशका २८ प्रतिशत युवामात्र विश्वविद्यालयमा भर्ना हुने गरेको बताइन्छ। त्यहाँ १६० विश्वविद्यालय र ११२ मेडिकल कलेज भएको बताइन्छ। इथोपियामा नेपालको दुई गुणा जनसङ्ख्या छ तर ७० वटा विश्वविद्यालय छन्। यो अनुपातमा नेपालमा विश्वविद्यालय पुग्दो छैन।

संसारमा सहरी विश्वविद्यालयहरू सञ्चालनमा छन्। ख्वप विश्वविद्यालय पनि सहरी विश्वविद्यालयको रूपमा सञ्चालन गर्ने भक्तपुर नगरपालिकाको तयारी हो। नेपालमा पनि १५ प्रतिशत युवामात्र विश्वविद्यालयमा पुगेका छन्। अर्थात् नेपालमा पनि विश्वविद्यालयको सङ्ख्या पुग्दो छैन।

नेपाल मजदुर किसान पार्टीले विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गर्न सरकारहरूको ध्यानाकर्षण गराउँदै छ। राणा शासनले शिक्षा रोक्न सकेन। अन्तत: त्रिचन्द्र कलेज, पद्मोदयलगायत शैक्षिक संस्था खोल्न राणा शासकहरू बाध्य भए।

बहुदल र गणतन्त्र दाबी गरेका अहिलेका सरकारहरूले ख्वप विश्वविद्यालयलाई रोक्न सक्ने छैनन्। हाम्रो विश्वविद्यालयमा सबै किसिमका स्नातक तह अध्ययन गर्ने विद्यार्थीहरूलाई इतिहास, भूगोल, संस्कृति, राजनीतिशास्त्र, अर्थशास्त्र, कानुन, पत्रकारिता, अन्तर्राष्ट्रिय सम्बन्धलगायत विषयसमेत अध्ययन गराई प्रतिस्पर्धी बनाउनु जरुरी छ।

दर्शनअनुसार राजनीतिक पार्टीहरूको आर्थिक र वैदेशिक मामिलासम्बन्धी विषय फरक हुनुपर्दछ। नेपालमा नेका, एमाले, माओवादी रास्वपालगायत सरकारमा गएका पार्टीहरूको आर्थिक र वैदेशिक मामिला फरक भएन, उस्तै भयो। २०४८ सालपछि नेकाले सुरु गरेको निजीकरणलाई कम्युनिस्ट दाबी गरेका एमाले र माओवादीले समर्थन गरे।

सरकारमा गएका कुनै पनि दलले नेपाली भूमि कालापानीमा तैनाथ भारतीय सेना हटाउन सकेनन्; नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खाभर्ती खारेज गराउन सकेनन्। नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को सन्धि खारेज गराउन सकेनन्।

अमेरिकी सरकारको फोनको धम्कीमा नेका र माओवादीले अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता संसद्को बहुमतबाट पारित गरे भने प्रमुख विपक्षी एमाले मौन बस्यो। युक्रेनमा रुसविरुद्ध अमेरिकी छद्मयुद्धबारे संयुक्त राष्ट्र सङ्घमा मतदान हुँदा अमेरिकी सरकारकै धम्कीमा नेका र माओवादी सरकारले युक्रेनको पक्षमा मत दिए। नेपाल मजदुर किसान पार्टीले एमसीसी सम्झौता र युक्रेनको पक्षमा मत दिने नेपाल सरकारको विरोध गरेको छ।

नेपाल मजदुर किसान पार्टी २०५६ सालमा ख्वप शैक्षिक संस्था सुरु गर्दै गर्दा नेका, एमाले पुनरुत्थानवादीहरूको सहयोगमा प्रधानमन्त्री बन्ने होडबाजीमा थिए भने माओवादी गृहयुद्धको निहुँमा देशको ठाउँ ठाउँमा बमबारी गर्दै थियो।

नयाँ पुस्ता ख्वप नामको यो शैक्षिक धरोहर देशको नमुना बनाउन लागिपर्नु जरुरी छ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० फागुन ९ गते ख्वप मावि, ख्वप कलेज र शारदा क्याम्पस माविको स्थापना दिवसको अवसरमा राख्नुभएको मन्तव्यको सार-सं.)*

# एनजीओ आइएनजीओहरू: साम्राज्यवादका आर्थिक हतियार !

✍ **विवेक**

अहिले नेपालमा गैरसरकारी संस्था (एनजीओ) र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ) हरूको गतिविधि बढ्दो छ। माघ १० गतेको अन्नपूर्ण पोष्ट दैनिकले '५ वर्षमा एनजीओ आइएनजीओले ल्याए १० खर्ब, हिसाब भन्ने अपारदर्शी।' शीर्षकमा विस्तृत समाचार छाप्यो। समाचारमा नेपालमा अहिले '१२० वटा आइएनजीओ र ५५ हजार एनजीओहरू क्रियाशील छन्' भन्ने पनि उल्लेख छ। समाचारअनुसार वर्षको झण्डै २ खर्ब रुपैयाँ जति एनजीओ र आइएनजीओहरूले नेपालमा पैसा खर्च गर्दा रहेछन्। नेपालमा त्यसको उपलब्धी के भयो र किन विदेशीहरू त्यसरी अरू देशमा पैसा खर्च गर्छन् ?

कुरा स्पष्ट छ, आफूभन्दा कमजोर र अविकसित देशलाई उपनिवेश गर्न साम्राज्यवादीहरू आर्थिक हतियारको रूपमा एनजीओ र आइएनजीओहरूलाई प्रयोग गर्छन्। साम्राज्यवादीहरू जुन देशलाई उपनिवेश बनाउने हो, त्यस देशमा आफ्ना दलाल तयार गर्ने गर्छन्। त्यसको निम्ति उनीहरू पैसाको खोला बगाउँछन्। नयाँ नयाँ युवाहरू छिट्टै नै साम्राज्यवादीहरूको गुलियो पोतेको विषतिर आकर्षित हुन्छन् र उनीहरूलाई नै हतियार बनाएर विभिन्न खाले उपद्रव गराउँछन्।

शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमा पैसा लगानी गरेको देखाउँछन् र भित्री रूपमा आफ्ना गुप्तचरहरू तयार गर्छन्। सञ्चारमाध्यममा लगानी गरेर आफ्नो उद्देश्यअनुसारको प्रचारप्रसार गर्छन्। संसारमा बढ्दो कम्युनिस्ट प्रभावलाई कम गर्नु, साम्राज्यवादी देशहरूको प्रभाव बढाउँदै लानु र त्यस देशको प्राकृतिक स्रोत र साधनमाथि कब्जा जमाउनु नै उनीहरूको मुख्य उद्देश्य हुने गर्छ। साम्राज्यवादीहरू सबभन्दा पहिले कुनै पनि देशलाई परनिर्भर बन्न बाध्य पार्छन्। विश्व बैङ्क, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष जस्ता आर्थिक हतियारहरूले ऋण प्रवाह गर्दा समेत राज्यको स्वामित्वमा रहेका कलकारखानाहरू अनिवार्य रूपमा निजीकरण गर्नुपर्ने शर्त राख्छन्। त्यस्ता शर्तहरू स्वीकार गर्नु पुँजीवादलाई स्वीकार गर्नु हो। विश्व बैङ्क, एसियाली विकास बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषले राखेका सर्तहरू पालना गर्दै जाने क्रममा नेपाल सरकार भृकुटी कागज कारखाना, हेटौंडा कपडा उद्योग, बाँसबारी छाला जुत्ता कारखानालगायत सबैजसो कारखानाहरू निजीकरण गर्न बाध्य भएको र देश पूर्णरूपमा विदेश निर्भर हुन पुगेको हो।

साम्राज्यवादीहरू जनप्रतिनिधि, सरकारी उच्च पदाधिकारीदेखि सामान्य नागरिकसम्मलाई आर्थिक प्रभावमा पार्छन्। मन्त्री, सांसदहरू, प्रमुख र उपप्रमुख जस्ता नीति निर्माताहरूलाई ठूल्ठूला होटलहरूमा लगेर कार्यक्रम गर्नेदेखि विदेश भ्रमण लैजाने, सचिव सहसचिवहरूलाई विभिन्न शीर्षकहरूमा भत्ताको व्यवस्था गर्ने र स्थानीय तहमा युवाहरूलाई आकर्षक सुविधाहरू देखाएर उनीहरूप्रति बफादार बनाउने तथा हाम्रो मौलिक ज्ञान र सीपलाई ध्वस्त पार्ने गर्छन्। विकास निर्माण गर्दा श्रमदान गर्ने हाम्रो पहिलेदेखि चलिआएको परम्परा हो। त्यसको सट्टामा उपभोक्ता समितिमा बसेर पैसा बाँडचुँड गरी खाने गलत प्रवृत्तिको विकास हुँदै छ। बिरामी भएमा आयुर्वेदिक औषधि वा उपचार विधिजस्ता हाम्रा मौलिक उपचार विधिलाई करिब ध्वस्तै बनाइ सक्यो। झाडा पखाला लागेमा नून, चिनी, पानीको सरल विधिलाई नयाँ पुस्ताले बिर्सिसकेका छन्। यी सबै काममा प्रत्यक्ष र अप्रत्यक्षरूपमा एनजीओ र आइएनजीओहरूको भूमिका छ।

समाज कल्याण मन्त्रालयका अनुसार अहिले वार्षिक ११-१२ सय जति गैरसरकारी संस्थाहरू दर्ता हुन्छन्। ती संस्थाहरूले कुन कुन क्षेत्रमा के कस्तो काम गरिरहेका छन् भन्ने कुरा राज्यको जानकारीमा हुनु आवश्यक छ। वार्षिक कूल १५ खर्ब ३० अर्ब रुपैयाँ बजेट भएको देशमा झण्डै वार्षिक २ खर्ब बजेट एनजीओले खर्च गर्ने तथ्याङ्कले नेपालमा बारीमा छाडा साँढे पसेझैं विदेशीहरूको पसिरहेको प्रस्ट हुन्छ। कति मन्त्रालयका अधिकारीहरू आफू अवकाशपछि परामर्शदातामा नियुक्ति पाउने आशाले विदेशीको दलाली गर्छन्। अहिले धेरै सचिव र सहसचिवहरू अवकाशपछि विदेशी एनजीओ आइएनजीओ चलाएर बसेका छन्। तिनीहरू नेपालको भन्दा विदेशीको हित सोच्ने गर्छन्। त्यसैको परिणाम रोजगारीको निम्ति युवाहरू सबै विदेशमा गएर रगत र पसिना बगाउन बाध्य भए भने नेपालको अर्थतन्त्र ध्वस्त हुँदै छ।

सार्वजनिक भएको एक तथ्याङ्कले देखाउँछ दाता देशहरूले परामर्शदाता, ठेकेदार, आवतजावत समेत सबै गरेर अनुदानको ७० देखि ८० प्रतिशत आफैं फिर्ता लान्छन् र बाँकी मात्रै लाभग्राही देशमा खर्च गर्छन्। त्यसले एनजीओ र आइएनजीओमा काम गर्नेहरू २-४ वर्षमै करोडपति र अर्बपति बनेका छन्। सरकारले त्यस्ता व्यक्तिहरू वा पदाधिकारीहरूको सम्पत्ति छानबिन गरेको खण्डमा धेरै कुराहरू स्पष्ट हुनेछन्।

युगोस्लाभिया १९९० सम्म एक समाजवादी देश थियो। त्यहाँ धेरै जातजातिहरू थिए। एनजीओ र आइएनजीओहरूले खुल्लारूपमा काम गर्न थालेपछि त्यहाँ विभिन्न जातीय र क्षेत्रीय द्वन्द्वहरू भए। अन्तत: देश टुक्रा टुक्रा भए र अहिले कोसोभोसमेत सातवटा स्वतन्त्र देशहरू बने।

सोभियत सङ्घमा सन् १९५६ मा संशोधनवादी नेता ख्रुश्चेभ नेतृत्वमा आएपछि बिस्तारै अन्तर्राष्ट्रिय क्षेत्रलाई खुल्ला गर्दै लग्यो। १९९१ सम्ममा समाजवादी व्यवस्थाको अन्त्य भई पुँजीवादको पुन:स्थापना भयो। देश १५ टुक्रामा विभाजित भयो। यसले के देखाउँछ भने एनजीओ आइएनजीओहरू रूपमा दाता देखिने तर सारमा राजनैतिक हस्तक्षेप वा देशलाई उपनिवेश बनाउने साम्राज्यवादी हतियारहरू हुन्।

विदेशले सहायता दियो भनेर खुशी हुनुपर्ने कुनै कारण छैन। उनीहरू मालिक बनेर पस्छन् र लाभग्राही देशका जनतालाई दोस्रो दर्जाको व्यवहार गर्छन्। पछिल्लो चरणमा भारतका विदेशमन्त्री एस. जयशङ्कर आएर भारतले नेपालमा सोझै २० करोड खर्च गर्न पाउने सम्झौता गरे। त्यो पनि भारतीय हस्तक्षेपकै सिलसिला हो। राम्रो र स्वच्छ मनले नेपाललाई सहयोग गर्न चाहेको भए त्यो रकम नेपाल सरकारको खातामा जम्मा गरी दिनुपर्थ्यो। नेपाल सरकारले चाहेको ठाउँमा खर्च गर्न पाउनुपर्थ्यो। भारतले छानी छानी योजना स्वीकृत गर्ने, नेपालको बजेटमा नदेखिने त्यो रकम नेपालमा भारतीय दलालहरू तयार गर्न प्रयोग हुने निश्चित छ। नेपाली जनता नेपाल सरकारका मन्त्रालय, प्रदेश मन्त्रालय वा स्थानीय तहमा जानुभन्दा पनि भारतीय दूतावास जाने वातावरण बन्दै छन्। अबका दिनमा हाम्रा मन्त्रीहरू र भारतीय राजदूतले संयुक्त उद्घाटन गरेका थुप्रै दृश्यहरू देखा पर्ने छन्। हाम्रा मन्त्रीहरू भारतीय राजदूत (सहसचिव) स्तरमा झरेका देख्नुपर्ने छ। कुनै पनि सार्वभौमसत्ता सम्पन्न देशमा त्यसरी कुनै पनि देशलाई स्वतन्त्र रूपमा बजेट खर्च गर्ने अधिकार हुन्न। विदेशीले स्वेच्छाचारी तरीकाले बजेट खर्च गर्न पाउने कुनै पनि देशको स्वतन्त्र हैसियत हुँदैन। त्यो सम्झौतालाई नेपालमाथि भारतको उपनिवेश स्वीकारेको अभिलेख पनि भन्न सकिन्छ।

संरा अमेरिका यस विषयमा भन्ने प्रस्ट छ। तत्कालीन अमेरिकी राष्ट्रपति ट्रयुमेनका विदेश मन्त्रीले एक पटक भनेका थिए - 'विदेशी सहयोग हाम्रो सुरक्षा कवच हो। हाम्रो विदेश नीतिको अभिन्न अङ्ग हो। यसले हामीलाई चाहिने कच्चा पदार्थ, माल सामानको ढोका खुल्छ र हाम्रो उत्पादनहरूको लागि नयाँ बजार बनाउँछ। (२३ असोज २०७८ 'मजदुर')

केही वर्षअघि संरा अमेरिकाले इराक र लिबियामाथि आक्रमण गरे। त्यहाँको तेल कब्जा गर्न नै अमेरिकाले त्यो आक्रमण गरेको थियो। आक्रमण पूर्व उसले ती देशहरूमा हजारौंको सङ्ख्यामा आइएनजीओहरूमार्फत काम गर्यो। सेनामा समेत गुप्तचरहरू बनायो। अन्तत: त्यो देश ध्वस्त बनायो र संसारकै धेरै तेल उत्पादन गर्ने मध्येको एक इराक अमेरिकी तेल व्यापारीहरूको कब्जामा गयो।

नेपाल सरकारले विदेशी सहयोग पाउने नाउँमा जथाभावी एनजीओ दर्तालाई रोक्नु आवश्यक छ। जति विदेशी सहयोग आउने हो त्यो सरकारी माध्यमबाटै गर्नुपर्छ। नभए नेपाल नेपालीहरूको रहने छैन।

भक्तपुर नगरपालिकाले सायद यही कुरालाई ध्यान दिएर होला त्यहाँ विदेशी पैसाबाट चल्ने एनजीओ आइएनजीओलाई सजिलै स्वीकृति दिएको छैन। २०७२ को भूकम्प पछि नेपाल सरकार र जर्मनी विकास बैङ्क (केएफडब्लू) बिच भक्तपुरको सम्पदा पुन:निर्माण र जीर्णोद्धारको लागि रु. १ अर्ब २० करोड (१ करोड युरो) सहयोग सम्झौता भएको थियो। त्यो सम्झौतामा नेपालको स्वाभिमानमै आँच पुग्ने बुँदाहरू उल्लेख भएको भन्दै भक्तपुर नगरपालिकाले अस्वीकार गर्यो। त्यतिबेला भक्तपुर नपाको धेरैले विरोध पनि गरे। भक्तपुरका जनप्रतिनिधिहरूले प्राय: सबै सम्पदाहरू नगरवासीहरूको साथ र सहयोग लिई सम्पन्न गरेपछि सर्वत्र चर्चा पाएको छ। आत्म निर्भरताको राम्रो उदाहरण बनेको छ, भक्तपुर। त्यसैले भक्तपुर देशकै नमूना नगरपालिका बन्न सफल भयो। नगरबासीहरूले गर्व गर्नु ठाउँ पाए।

शिक्षा, स्वास्थ्य, विकास निर्माण, सम्पदा संरक्षणको लागि भनी पछिल्लो समयमा पनि धेरै एनजीओहरू भक्तपुर नगरपालिका आउने गरेको तर भक्तपुर नगरपालिकाले त्यसलाई स्वीकार नगरेका जनप्रतिनिधिहरू स्वयं बताउँछन्। भक्तपुरको त्यो अडानबारे नेपाल सरकारले पनि ध्यान दिन सके नेपाली जनतामा आत्मनिर्भरताको चेतना बढ्ने हो कि !

# अन्तर्राष्ट्रिय अदालतमा इजरायली नरसंहारविरुद्ध कानुनी लडाइँ

**शिक्षा क्षेत्रमा समेत पाखण्ड, आडम्बर, अन्धपरम्परा, बेथितिका कैयौँ जन्जालहरू चिर्न ख्वपले नयाँनयाँ नमुना तथा अभ्यासहरू प्रस्तुत गरेर शैक्षिक प्रकाशस्तम्भ बन्दै जाओस्, शुभकामना छ ! गम्भीर रोग लागिसक्दासमेत 'कस्मेटिक उपचार' या 'टाउको दुखेको औषधि के कता लाई' जस्तै तुच्छ तरिका अन्त्य गर्न ख्वपको भूमिका यतिखेर अपरिहार्य बनिसकेको छ । शैक्षिक क्षेत्रको शिशिर ऋतुको अन्त्य गरी वसन्तलाई स्वागत गर्न नेपाली समाज आतूर छ । वसन्तको एक वाहक ख्वप बन्दै छ । धेरैको मनमनमा यही विश्वास छ । सारा फूलहरू निमोठे पनि वसन्तको आगमन रोक्न सकिन्न ! पूर्वका झ्यालढोका थुने पनि पश्चिमका झ्यालढोकाका कापकापबाट छिर्नेलाई नै प्रकाश भनिन्छ । त्यो प्रकाश ख्वप हो भनी स्वीकार्नेहरू र यही प्रकाशमा ख्वपलाई बुझ्नेहरूको आज कमी छैन ।**



✍ **सुरेन्द्रराज गोसाईं**

सर्वप्रथम, एक-दुई अन्तर्राष्ट्रिय घटनाबारे दुई-चार शब्द राखेर भनाइ सुरु गर्ने प्रयास गर्छु । अमेरिकी काँध चढेर इजरायलले प्यालेस्टाइनमा जातीय नरसंहार मचाएको १४० दिन पुग्दै छ । आजको दिनसम्ममा २९ हजार १९५ जना प्यालेस्टिनीलाई एक चिहान बनाइएको छ । २३ लाख गाजाबासीमध्ये ८० प्रतिशत विस्थापित भइसकेका छन् । ८० प्रतिशतभन्दा बढी भवनहरू ध्वस्त भइसकेका छन् । करिब ७० हजार घाइते भइसकेका छन् । घाइतेहरू स्वास्थ्य उपचार नपाएर छट्पटाइरहेका छन् । भग्नावशेषबाट लास निकाल्न सम्भव भइरेहको छैन । बाँचेकाले खान पाइरहेका छैनन् । यद्यपि, प्यालेस्टिनी जनताले लड्न छोडेका छैनन् ।

गाजामा भइरहेको युद्धको छाल हेगसम्म पुगिसकेको छ । हेगस्थित अन्तर्राष्ट्रिय अदालतमा इजरायलको नरसंहारविरुद्ध दक्षिण अफ्रिकाले कानुनी लडाइँ सुरु गरिसकेको छ । संसारका ५० वटाभन्दा बढी देशले दक्षिण अफ्रिकाको न्यायिक सङ्घर्षमा साथ दिँदै छन् । उपनिवेशवादविरुद्ध लडेर विजय हासिल गरेको दक्षिण अफ्रिकाले अहिले अन्तर्राष्ट्रिय क्षेत्रमा जुन भूमिका निर्वाह गर्दै छ त्यसको चौतर्फी प्रशंसा हुँदै छ । तर, विगतमा उपनिवेशवादसँगै लडेको भारतको यतिखेरको मौनता र इजरायलको पक्षधरता या तावेदारीले भारतीय शासक वर्ग उदाङ्गो भएको छ ।

रुसलाई समाप्त गर्ने, चीनलाई घेर्ने र संसारमा अमेरिकी एक ध्रुव कायम राख्ने उद्देश्यबमोजिम अमेरिकाकै प्रायोजनमा सुरु भएको युक्रेन युद्ध दुई वर्षमा पनि टुङ्गिएन । युद्धले तेस्रो वर्ष टेक्दै छ । त्यहाँ पनि अमेरिका पूर्णरूपमा असफल हुने निश्चित छ । विश्व र विश्वका जनता बहुध्रुव निर्माणको बाटोमा लम्किसकेका छन् ।

अब म स्वदेशका केही समसायिक विषयमा थोरै चर्चा गर्ने अनुमति चाहन्छु ।

भर्खरै प्रकाशित तथ्याङ्कले कर्णाली प्रदेशमा मात्र १५७ भन्दा बढी सामुदायिक विद्यालयमा १० जनाभन्दा कम विद्यार्थी रहेको देखाएको छ । देशैभरि १ हजारभन्दा बढी विद्यालयमा यसरी शून्य विद्यार्थी भएको अनुमान गलत नहुने निश्चित छ । असन्तुलित विकास, रोजगारीको अभाव, बसाइँसराइ त्यसको मुख्य कारण बताइन्छ ।

नेपालको २ करोड ९० लाख जनसङ्ख्यामध्ये ७० लाखभन्दा बढी विदेशमा छन् । देशमा रहेका ६० लाखभन्दा बढी गरिबीको रेखामुनि बाँचिरहेका छन् । प्रत्येक नेपालीको टाउकोमा ८२ हजारभन्दा बढी वैदेशिक ऋण छ । हरेक वर्ष करिव २ खर्बको दरले सार्वजनिक ऋण थपिँदै छ र यो वर्ष करिब २४ खरब पुगेको छ । आर्थिक रूपमा देश टाट-पल्टाइको स्थितितिर उन्मुख भएकोमा सर्वत्र चिन्ता व्याप्त छ ।

तेस्रो, केही शैक्षिक र राजनीतिक विषयमा छलफल गर्ने अनुमति चाहन्छु ।

ख्वपको वार्षिकोत्सव तथा शैक्षिक प्रदर्शनीको भव्य सफलताका निम्ति शुभकामना छ । वसन्तको आगमनसँगै हरेक साल हुने यी गतिविधि ख्वपको आफ्नै शैलीको शैक्षिक वसन्त पर्व हो भन्नु समीचीन होला ! वसन्त पञ्चमीमा कलिला मस्तिष्कहरूलाई सरस्वतीको तस्बिर बेचेर या सरस्वतीको मूर्ति ढोगाएर अक्षर आरम्भ तथा ज्ञानको खोजी गरेको दाबी गर्ने उपबुज्रुकहरू तथा सफा पोशाकका ढोँगीहरूको जगजगी बढिरहेको परिस्थितिमा यो मौलिक शैलीको शैक्षिक वसन्त पर्वको आफ्नै विशिष्ट महत्ता रहेको निर्विवाद छ ।

शिक्षा क्षेत्रमा समेत पाखण्ड, आडम्बर, अन्धपरम्परा, बेथितिका कैयौँ जन्जालहरू चिर्न ख्वपले नयाँनयाँ नमुना तथा अभ्यासहरू प्रस्तुत गरेर शैक्षिक प्रकाशस्तम्भ बन्दै जाओस्, शुभकामना छ ! गम्भीर रोग लागिसक्दासमेत 'कस्मेटिक उपचार' या 'टाउको दुखेको औषधि के कता लाई' जस्तै तुच्छ तरिका अन्त्य गर्न ख्वपको भूमिका यतिखेर अपरिहार्य बनिसकेको छ । शैक्षिक क्षेत्रको शिशिर ऋतुको अन्त्य गरी वसन्तलाई स्वागत गर्न नेपाली समाज आतूर छ । वसन्तको एक वाहक ख्वप बन्दै छ । धेरैको मनमनमा यही विश्वास छ । सारा फूलहरू निमोठे पनि वसन्तको आगमन रोक्न सकिन्न ! पूर्वका झ्यालढोका थुने पनि पश्चिमका झ्यालढोकाका कापकापबाट छिर्नेलाई नै प्रकाश भनिन्छ । त्यो प्रकाश ख्वप हो भनी स्वीकार्नेहरू र यही प्रकाशमा ख्वपलाई बुझ्नेहरूको आज कमी छैन ।

विद्यार्थीहरूलाई अवसर, प्रोत्साहन, मार्गनिर्देशन दिँदै थप सक्रिय, मिहिनती एवम् सिर्जनशील बनाउने अवसरको रूपमा यो वार्षिकोत्सव समारोह र यी गतिविधिलाई लिनु व्यावहारिक हुनेछ । विद्यालय जीवनमा वार्षिकोत्सवले वसन्त बहार ल्याउँछ । वार्षिकोत्सव बिनाको विद्यालय जीवन फूलबिनाको बगैँचाभैँ हुन्छ । त्यसैले आइन्स्टाइनले भनेका थिए– 'विद्यालयमा पढेका कुराहरू सबै बिर्सिसकेपछि जे बाँकी हुन्छ त्यही नै शिक्षा हो ।' विद्यार्थीहरूले दबु पाउनु या 'एक्सपोजर' पाउनु भनेको क्यामेराले प्रकाश पाउनु र फोकस मिल्नु हो जसबाट एउटा सुन्दर तस्बिरको जन्म हुन्छ. खालि क्यान्भासले रङ्ग पाउनु हो जसबाट मनमोहक चित्र सम्भव तुल्याउँछ । विद्यार्थी जीवनमा यस्तो वातावरण पाउनु भनेको सही समयमा सही मानिसले सही चिज पाउनुभैँ हो जसले आशा गरिएको नतिजा नजिक ल्याउँछ । पानीले पात सफा गरेर टल्काउने होइन जरामा पानी दिएमात्र पात हरियो हुन्छ र बिरुवामा जीवन सल्बलाउँछ । समयमै जराले पानी पाए फलको बारे धेरै चिन्ता लिन नपर्ला !

चौबीस वर्ष अगाडिको घटना आज सम्भिँदा गर्वको अनुभूति मिल्छ । नयाँ ख्वपको जन्म भएको पवित्र दिन । ख्वप देले पुन:जीवन पाएको दिन । ख्वप माविसँगै ख्वप देले नयाँ जीवन पाएको खुसीको दिन । ख्वप देले नयाँ परिचय पाएको नयाँ दिन । शैक्षिक पुनर्जागरणको बिहानी भुल्केको शुभदिन ।

कसैले ध्वंशको आयातित हतियार उठाइरहँदा ख्वपले निर्माणको ज्यावल उठाएको दिन ! पद, पैसा र प्रतापको पछाडि धेरैधेरै दौडिरहँदा ख्वपले शिक्षा सेवाको शङ्खनाद गरेको गौरवशाली दिन ।

कहिलेकाहीँ भयमिश्रित भाव मनमा छचल्किन्छ र एउटा भयानक चित्र सामुन्ने खडा हुन्छ ! ख्वपले चौबीस वर्ष अगाडि यो बाटो नहिँडेको भए ! ख्वप पनि अरूकै लहलहैमा लागेको भए ! ख्वप पनि अन्यत्रै बहकिएको भए ! ख्वप पनि अरूसँगै लहसिएको भए ! ख्वपले पनि बाटो बिराएको भए ! हो, त्यसो भएको भए के हुन्थ्यो ! सोच्दा मात्र पनि कहाली लाग्छ ! सौभाग्यवश भनौँ या अरू कारण, त्यसो हुन पाएन र आज ख्वप छ । यतिखेर पाण्डोराको बाकसभित्रको शैक्षिक आशा, विश्वास एवम् भरोसा बन्दै छ, ख्वप । ख्वप आज अनिकालको बिउ बन्दै छ । यो आत्मश्लाघा जरुर होइन । यसमा नार्सियाली रोगको गन्ध कदापि छैन ।

ख्वपको जन्म कसरी सम्भव भयो त ? ख्वपको जन्मदाता को हो ? ख्वप कसरी ख्वप बन्यो ? अनिकालमा बिउ जोगाउने आखिर को हो त ? यी सवाल यतिखेर उठिरहेका छन् ।

ख्वप जन्मिनुभन्दा २५ वर्षअगाडि अर्थात् आजभन्दा ४९ वर्ष अगाडि नेपाल र नेपाली जनताको नि:स्वार्थपूर्वक सेवा गर्ने दृढ सङ्कल्पसहित समाजको तल्लो वर्गको मुक्ति एवम् आमूल परिवर्तनका निम्ति सङ्घर्ष गर्ने मुख्य उद्देश्यका साथ एउटा राजनीतिक दलको जन्म भयो । देशको स्वतन्त्रता तथा स्वाधीनता जोगाउन सुझबुझपूर्ण तरिकाबाट चालिएको त्यो साहसिक कदम थियो । समाजको पीँधसम्म पुगेर मजदुर, किसान, शोषित–पीडित जनतालाई शिक्षित बनाउने, सचेत एवम् सङ्गठित पार्ने र समाजवादी क्रान्तिको तयारी गर्ने दीर्घकालीन लक्ष्यसहित नेपाली जनताकै पार्टी नेपाल मजदुर किसान पार्टी स्थापना गरिएको थियो विसं २०३१ माघ १० गते । नेमकिपाको जनपक्षीय राजनीति, नि:स्वार्थ सेवाभाव तथा कामदारवर्गलाई शासकवर्गमा उठाउने चिन्तनको परिणाम नै यो शैक्षिक ख्वप हो भन्नु बढी उपयुक्त हुनेछ । सही विचार, चिन्तन तथा सिद्धान्त र त्यसलाई व्यवहारमा उतार्ने इमानदारीबिना यस खालका उपलब्धि सम्भव नहुने आज हामी भोगेरै अनुभव गर्दै छौँ । त्यसअर्थमा यो शैक्षिक ख्वप सही चिन्तन, इमानदारी तथा सङ्घर्षका सुन्दर उपहारहरूमध्ये एउटा हो भन्नु मनासिव हुन्छ ।

यो वर्ष नेमकिपा स्थापनाको ५० औँ वर्ष हिमाल–पहाड–तराईका कामदार जनताबिच मनाइँदै छ । नेमकिपालाई जति मात्रै अरू कसैलाई पनि देश दुखेको भए यति दुर्दशा नेपाली जनताले देख्न नपर्ने संवेदनशीलहरू अनुभव गर्दै छन् । नेमकिपा जति अरू कोही पनि इमानदार बनिदिएको भए नेपाली समाज यति भ्रष्टीकरणको खाडलमा जाकिने थिएन भनी चिया चौतारीमा चुकचुकाइँदै छ । नेमकिपाले जति निर्भिकतापूर्वक देश बोलेको भए देशको सार्वभभौमिकता यति कमजोर र देशभित्रै देश हार्ने थिएन भनी सच्चा नेपालीहरू चिन्ता व्यक्त गर्दै छन् । नेमकिपाले जति सिद्धान्त र व्यवहारको तादात्म्यता अरू कसैले पनि मिलाएको भए देश यति बिघ्न खोक्रो हुने नै थिएन भनी पर्यवेक्षकहरू थाप्लोमा हात राख्दै छन् । यथार्थमा यो नेमकिपाको नैतिक जीत हो ।

समय अभैै बाँकी छ । वास्तवमा बल बुद्धिजीवीहरू, शिक्षाक, प्राध्यापकहरूको कोर्टमा छ । हामीले पनि विवेक पुऱ्याएनौँ भने भावी पुस्ताले योभन्दा बढी अपमान, दु:ख, बर्बादी व्यहोर्नुपर्ने छ । विदेशमा मात्र होइन देशभित्रै दोस्रो दर्जाको जीवन यापन गर्नुपर्नेछ । यो हाम्रो निम्ति कदापि मञ्जुर छैन ।

त्यसैले त पि बि शेलीले लेखे– आज शिशिर छ भन्दैमा के वसन्त टाढा छ र ?

*(नेमकिपाका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले ख्वप मावि, ख्वप कलेज, ख्वप कलेज अफ ल, शारदा कलेज र शारदा कलेज माविको वार्षिकोत्सव समारोह, फागुन ९ गते, मा व्यक्त विचार)*

---

# धर्म र जातको नाममा राजनीति गर्नु पाखण्ड मात्र

✍ **सरोज साह**

नेपालको संविधान २०७२ ले नेपाल धर्म निरपेक्ष देश रहनेछ भन्ने घोषणा भए तापनि मधेसलगायत विभिन्न ठाउँमा धर्मको नाममा हिंसात्मक घटनाहरू समय समयमा हुने गरेको देखिन्छ ।

नेपालको संविधानअनुसार हरेक नेपालीले नेपालको सार्वभौमिकता र भूअखण्डतामा आँच नपुग्ने गरी आ-आफ्नो धर्म र संस्कृतिअनुसार क्रियाकलापहरू गर्न पाइन्छ । एउटा पक्षको धार्मिक गतिविधिबाट अर्काको धर्ममा खलल पुऱ्याउने गतिविधिहरू गर्ने र गराउन लगाउने दुवै पक्ष कानुनीरूपमा अपराधी नै हो । यस्ता गतिविधिहरू गर्न एकले अर्कोलाई उक्साउनु हुँदैन ।

तराईका विभिन्न जिल्लामा हिन्दू र मुस्लिम समुदायका मान्छेहरू बसोबास गर्ने गर्दछन् । एकले अर्कोलाई आवश्यक परेको खण्डमा सहयोग गर्ने गर्दछन् । दुवै समुदायका मान्छेहरूबिच आपसी सद्भाव हुनुका साथै एकले अर्काको धार्मिक गतिविधिहरूमा शुभकामना आदानप्रदान गर्नुका साथै प्रसाद ग्रहण गर्ने गर्दछन् । तर, धर्मको नाममा एकले अर्कोलाई ज्यान मार्नेलगायतका विभिन्न हिंसात्मक गतिविधिहरूमा अग्रसर भएको देखिन्छ ।

हाम्रो छिमेकी देश भारतको इतिहास हामी सबैलाई राम्ररी थाहा छ । त्यहाँ धार्मिक द्वन्द्व हुँदा लाखौँ भारतीय नागरिकले अकालमा ज्यान गुमाउनुपऱ्यो । हिन्दू बाहुल्यता भएको ठाउँमा मुसलमानहरू असुरक्षित र मुसलमान बाहुल्यता हुने ठाउँमा हिन्दूहरू असुरक्षित हुन्थे । अन्तत: सिङ्गो भारत धार्मिक द्वन्द्वको कारण दुई भागमा विभाजित भयो । अहिले पनि भारतमा धर्मको नाममा समय समयमा विभिन्न हिंसात्मक गतिविधिहरू हुने गरेको देखिन्छ ।

नेपाल एक सार्वभौमसत्ता सम्पन्न देश हो । नेपालमा पनि केही प्रतिक्रियावादीहरूले धार्मिक नाराहरू अघि सारेर यहाँ पनि अस्थिरता ल्याउन खोज्दै छन् । त्यस्ता प्रतिक्रियावादीहरूलाई समयमै पहिचान गरी कडाभन्दा कडा सजाय दिनुका साथै बहिष्कार गर्नु आवश्यक छ । नत्र धर्मको नाममा अनाहकमा ज्यान गुमाउनुका साथै अनावश्यक क्षति भोग्नुपर्ने हुन्छ । यदि समयमा हामी सचेत भएनौँ भने भारतको इतिहास नेपालमा दोहरिन नसक्ला भन्न सकिँदैन ।

गत असोज महिनाको दसैँमा दुर्गा पूजाको समयमा मूर्ति सेलाउने क्रममा सर्लाही जिल्लाको मलङ्गवामा पनि धार्मिक हिंसा भड्कँदा त्यहाँको शान्ति सुरक्षा कायम राख्न स्थानीय प्रशासनले अनिश्चितकालीन कर्फ्यु आदेश जारी गऱ्यो । त्यहाँको अवस्था सामान्य नबन्दै जङ्गलमा लागेको डढेलोजस्तै तराईका मुख्य मुख्य सहरहरूमा धार्मिक हिंसा भड्कने गतिविधिहरू हुन थाल्यो । वीरगञ्ज, नेपालगञ्ज, भैरहवालगायतका विभिन्न ठुलाठुला सहरहरूमा स्थानीय राजनीतिक दलहरूको सक्रियतामा सद्भाव ऱ्याली भयो । अन्तत: ती ठाउँहरूको जनजीवन सामान्य बन्दै गयो ।

फागुन २ गते सम्पन्न श्रीपञ्चमीमा सरस्वतीको मूर्ति सेलाउने क्रममा रौतहटमा इसनाथ नगरपालिकामा हिंसा भड्कँदा स्थानीय प्रशासनले कडा सुरक्षा निगरानी गर्नुका साथै शान्ति सुव्यवस्था कायम राख्न फागुन ३ गतेदेखि कर्फ्यु लगायो । अन्तत: फागुन ७ गेको सर्वदलीय सहमतिपश्चात् सम्यक एवम् शान्ति पूर्ण तरिकाले मूर्ति सेलायो । रौतहटको समस्या समाधान भए पनि वीरगञ्जमा धार्मिक हिंसा नभड्कोस् भने फागुन ७ गतेदेखि अर्को सूचना नहुञ्जेलसम्मका लागि स्थानीय प्रशासनले कर्फ्यु आदेश जारी गरेको छ ।

तराईमा हुने गरेको धार्मिक हिंसा र सामाजिक सद्भावमा खलल पुग्दा अन्तत: समाधान हुने बाटो भनेको राजनीतिक दलहरूको माध्यमबाट नै समाधान भएको देखिन्छ । राजनीति भनेको इमानदारीपूर्वक देश र जनताको सेवा गर्नु हो । तर, यहाँका ठुला तथा शासक दलहरूले राजनीतिलाई कमाइखाने भाँडो बनाउनुका साथै सरकारमा सहभागी हुने र पुस्तौँ पुग्ने गरी पैसा कमाउने साधनको रूपमा उपयोग गरेको देखिन्छ ।

शासक दलहरूले आफ्ना कार्यकर्ताहरूलाई समय समयमा प्रशिक्षण दिएका भए उनीहरू धर्म र जातको पछाडि लाग्नुभन्दा देश र जनतालाई प्राथमिकता क्रममा राखेर अगाडि बढ्थे । यहाँका कतिपय विश्लेषक र सचेत जनताले विश्लेषण गर्ने गरेका छन् कि यहाँका शान्ति सुव्यवस्थामा खलल पुग्नु भनेको राजनीतिक अपरिपक्वता हो किनभने अहिलेसम्म भएका जति पनि हिंसात्मक गतिविधिहरू जस्तै धार्मिक हिंसा, जातीय र क्षेत्रीय द्वन्द्व हुँदा राजनीतिक तवरबाटै समाधान भएको देखिन्छ ।

राजनीतिक दलका नेताहरूमाथि जनताले ठुलो आशा र भरोसा राखेका हुन्छन् । प्रहरी प्रशासनबाट समाधान हुन नसक्ने समस्याहरू राजनीतिक पहलबाट समाधान भएको देखिन्छ । त्यसै यहाँका राजनीतिक दलहरूले आफ्नो सत्ता स्वार्थ पूरा गर्नको लागि वर्गीय कुराभन्दा जातीय र क्षेत्रीयजस्तै हिन्दू समुदायमा हिन्दूहरूको पक्षमा र मुस्लिम समुदायमा मुसलमानहरूको पक्षमा पहाडी समुदायका पहाडीहरूको र मधेसी समुदायमा मधेसीहरूको बखान गरी नै रहेको छ भने यहाँ जहिले पनि द्वन्द्व भइ नै रहन्छ । समय गतिशील भएकोले नयाँ पुस्ताले यस्ता कुराहरूको बारेमा गहन अध्ययन र छलफल गर्ने छ । यसले पाखण्डी राजनीतिक दल र त्यसका नेताहरूलाई तह लगाउने छ ।

# चिनियाँ विशेषतासहितको समाजवादको मार्ग: एक छलफल–३

✍ समा

एउटा पछाडि परेको अर्थात् विकासोन्मुख अर्थतन्त्रबाट चीनले करिब ४० वर्षको छोटो अवधिमा 'मध्यमरूपले समृद्ध' देशमा फड्को मार्यो । अबको केही दशकमै चीन पूर्णत: समृद्ध, शक्तिशाली, प्रजातान्त्रिक र सांस्कृतिकरूपले निकै अगाडि बढेको समाजवादी देशको रूपमा रूपान्तरण हुने थुप्रै आधारहरू यस पुस्तक "What is the path of Socialism with Chinese Characteristics" भित्र छन् । यो शताब्दीमा समाजवादको आधुनिकीरण के हो भन्ने बुझ्न चीनतिर हेर्नुपर्छ । आर्थिक र प्रविधिमा अद्वितीय चमत्कार हेर्न चीनलाई पढ्नैपर्छ । चीनमा आधुनिकीकरणसँगै देशको बौद्धिक सम्पत्ति संरक्षण गज्जबको छ । विकासमा जनसहभागिता र चीनको सभ्यता नै आजको विश्वमा चीनको 'सफ्ट पावर' अर्थात् विशिष्ट शक्ति हो भन्दा अतिशय हुन्न ।

आज चिनियाँ जनताको सबैभन्दा ठूलो प्राप्ति भनेको सहज जीवनयापन हो, पुग्दो प्रतिव्यक्ति आम्दानी हो । आज चिनियाँ जनताको सुख भनेको सुशासन र शान्ति हो । शान्तिविना समृद्धिको अर्थ हुँदैन भन्नेमा चिनियाँ जनता स्पष्ट छन् । जनता आधुनिकीकरणसँगै चीनलाई अझ प्रजातान्त्रिक र सांस्कृतिक सम्पन्नतातर्फ डोऱ्याउन कटिबद्ध छन् । विश्वअर्थतन्त्रमा चीनको योगदानबारे पुस्तकको तथ्याङ्कले भन्छ – 'अब विश्व व्यवस्थामा चीनको अग्रणी स्थान र विचार अपरिहार्य छ । विश्व मानवसभ्यताको विकासमा चीनको सभ्यता र अगुवाइहरूलाई उपेक्षा गर्न मिल्दैन ।


कुनै बेला चीन अन्य देशलाई पछ्याउनुपर्ने अवस्थामा थियो । एउटा अवधिमा चीन थुप्रै देशको प्रतिस्पर्धी मात्र होइन प्रतिद्वन्द्वी बन्यो । आज चीन विश्वको एउटा महत्त्वपूर्ण नेतृत्वकर्ता देश बन्न सफल छ । चीनमाथि कुनै बेला अमेरिकाले बौद्धिक चोरीको आक्षेप लगाएको थियो । आज चीन बौद्धिक सम्पत्तिमा सबैभन्दा धनी देश हो । ४३ लाख ८० हजारभन्दा बढी प्याटेन्ट आवेदन आजभन्दा ४-५ वर्षअघि नै थियो । यो तथ्याङ्क सन् २०१५ बाट ५६.५ प्रतिशतले वृद्धि भएको हो । खोज अनुसन्धानमा चीन विश्वले अपेक्षा गरेभन्दा धेरै अगाडि छ ।

समाजवादअन्तर्गत बजार अर्थतन्त्र चीनको महत्त्वपूर्ण विशेषतामध्ये एक हो । योजनाबद्ध विकास र बजार अर्थतन्त्र एकै सिक्काका दुई पाटा हुन सक्छन् भन्ने प्रयोग या अभ्यास चीनको भूमि नै हो । चीनको समाजवादी बजार अर्थतन्त्र के हो भन्नेबारे मिहिन जानकारी पुस्तकले दिन्छ । चीनमा बजारको माग–पूर्ति सम्बन्ध सन्तुलित राख्न मूल्यको सिद्धान्तअनुसार नै आर्थिक गतिविधि अघि बढाउने, स्रोतसाधनको बाँडफाँड गर्न सरकारले बजारको "म्याक्रो रेगुलेसन" अर्थात् बृहत्तर नियमन गर्छ । बजारमा सेवालाई प्राथमिकता दिने र सरकारलाई नाफा हुने पक्षलाई उत्पादन र व्यवसाय गर्न दिइन्छ । सरकार तल पर्ने र निजी क्षेत्र हावी हुने कुनै पनि नीति चीनमा छैन । उद्योग व्यवसायको स्वामित्वको ढाँचामा मुख्य या प्रवल भूमिका सार्वजनिक क्षेत्र या सरकारी पक्षकै हुने प्रावधान छ । व्यक्तिगत वा निजीभन्दा पनि सामुहिक स्वामित्वको अभ्यास छ । व्यक्तिगत, निजी, या विदेशी लगानीभन्दा सार्वजनिक लगानीको प्रतिशत सदैव बढी हुन्छ । अर्को भाषामा सार्वजनिक लगानी ५१ प्रतिशतभन्दा ज्यादा नै हुन्छ । तब सार्वजनिक पक्षको नियन्त्रण र सरकारको नियमनलाई स्वाभाविक बन्छ । बजारमा राज्यको सूक्ष्म नियन्त्रण मात्र समाजवाद होइन बृहत्तर अर्थात् म्याक्रो नियन्त्रण वा नियमन पनि समाजवादी मोडल हुन सक्छ भन्ने उदाहरण बनेको छ चीन ।

पुँजीवादी अर्थशास्त्रीहरू एक समय एउटा बहसमा उत्रे र प्रश्न गरे– समाजवादी बजार अर्थतन्त्र किन ? बजार अर्थतन्त्र मात्रै भने पुग्दैन ? यी प्रश्नकै आधारमा चीनलाई डब्लुटिओ अर्थात् विश्व व्यापार सङ्गठनको सदस्यता समेत दिइएन । विश्वमा या त बजार अर्थतन्त्र हुन्छ या समाजवादी अर्थतन्त्र भन्ने भाष्य चीनले चिर्यो । यो समाजवादी शब्द अनावश्यक छ भन्ने तर्क गलत साबित भयो । आज चीनको समाजवादी बजार अर्थतन्त्र पहिलो शक्ति बन्ने मार्गमा छ । पश्चिमको बजार अर्थतन्त्र पुँजीवादी व्यवस्थाअन्तर्गत हो भने चीनमा समाजवादी व्यवस्थाअन्तर्गत समाजवादी बजार अर्थन्त्र स्थापित भयो । यो भिन्नता आज प्रस्टसँग खुल्दै छ । चीनले लिएको यो नयाँ किसिमको बाटो अझ मानव विकाससङ्गत र पृथक प्रमाणित हुँदै छ ।

चीनले अर्थतन्त्रको बृहत्तर नियन्त्रणअन्तर्गत वित्तीय र करप्रणालीमा सुधार गऱ्यो । बैङ्किङ, वैदेशिक विनिमय र व्यापार सुधार गऱ्यो । प्रशासकीय झन्झटहरू हटाइए । चीनजस्तो वस्तु ( कमोडिटी) बजारका लागि बजार नियमन निकै जरुरी थियो । चीनको सुधार र खुलापनले अर्थात् वैदेशिक लगानी खुला गरिएपछि सन् २००१ नोभेम्बर १० मा डब्लुटिओमा पनि सदस्यता मिल्यो । डब्लुटिओमा सदस्यतापछि सम्पूर्ण रूपले बहुक्षेत्रमा खुलापनले ठूलो आकार लियो । वित्तीय क्षेत्रमा पुँजी, विमा, व्यापार, पर्यटन र अन्य सेवा क्षेत्र अझ फराकिलो बन्यो । डब्लुटिओ मात्र होइन भन्सार र व्यापार सम्झौता ग्याट (GATT) मा चीन संलग्न बन्यो । यी सङ्गठनको व्यापारका सबै नियम चीनले पालना गऱ्यो । उसले विश्वमा जीत–जीत व्यापार संस्कृति बसाल्यो । उसले व्यापारमा 'छिमेकलाई मार्ने नीति' विरुद्ध लड्यो भने व्यापारमा संरक्षणवादी नीतिविरुद्ध व्यावहारिक सङ्घर्ष गऱ्यो ।

चीनले विश्वव्यापी अर्थतन्त्रमा गरेको योगदानको फेहरिस्ट पुस्तकमा छ । समाजवादी बजार अर्थतन्त्रभित्र समस्याहरू नभएका होइनन् । बजारमा अनियमित नाफा लिन खोज्ने तत्त्वहरू पनि देखा नपरेको होइनन् तर व्यवस्था बलियो भए समाधानसहितको प्रगति सम्भव हुन्छ भन्ने उदाहरण बन्यो चीन । चीनमा स्रोत व्यवस्थापन या बाँडफाँडमा निर्णायक भूमिका बजारको भए पनि सम्पूर्ण या मुख्य भूमिका बजारको होइन । अर्थतन्त्रको स्थायित्व र बजारको सफलतामा सरकारकै प्रमुख भूमिका रहन्छ । ठुल्ठुला व्यापारीहरू पनि अनुशासित र राज्यप्रति इमानदारीसाथ व्यवसाय गर्छन् । यो पुस्तकले चीनको बजार अर्थतन्त्रको सफलताको कथा बताउँछ ।




चीनका निम्ति छोटो समयमा आर्थिक, सामाजिक रूपान्तरण र आधुनिकीकरणको यात्रा कुनै चमत्कारभन्दा पक्कै कम छैन । हिजो दोस्रो विश्वयुद्धपछि पश्चिम जर्मनीमा त्यस्तै चमत्कार भएको थियो । प्रजग कोरियाको हकमा "हान नदीको चमत्कार" निकै चर्चित थियो । कोरियाको विकास त एसियाकै निम्ति चमत्कार थियो । अर्जेन्टिना र चिलीमा भएको विकासले "दक्षिण अमेरिकामा चमत्कारको" पदवी नै पायो । ब्राजिल सन् १९६८ देखि १९७३ त्यही ढङ्गले विकासमा चमत्कारको पथमा थियो । तर विकासोन्मुख देशहरूमा भएका ती चमत्कारहरू दिगो बन्न सकेनन् । ती देशहरू 'अमेरिकी पासो' मा परेको तितो यथार्थ पनि छ । चीनको चमत्कार विश्वमा योभन्दा अघि भएका सम्पूर्ण चमत्कारभन्दा दिगो र अद्भूत छ भन्ने अनुभूति पुस्तकले दिन्छ ।

**चीनका निम्ति छोटो समयमा आर्थिक, सामाजिक रूपान्तरण र आधुनिकीकरणको यात्रा कुनै चमत्कारभन्दा पक्कै कम छैन । हिजो दोस्रो विश्वयुद्धपछि पश्चिम जर्मनीमा त्यस्तै चमत्कार भएको थियो । प्रजग कोरियाको हकमा "हान नदीको चमत्कार" निकै चर्चित थियो । कोरियाको विकास त एसियाकै निम्ति चमत्कार थियो । अर्जेन्टिना र चिलीमा भएको विकासले "दक्षिण अमेरिकामा चमत्कारको" पदवी नै पायो । ब्राजिल सन् १९६८ देखि १९७३ त्यही ढङ्गले विकासमा चमत्कारको पथमा थियो । तर विकासोन्मुख देशहरूमा भएका ती चमत्कारहरू दिगो बन्न सकेनन् । ती देशहरू 'अमेरिकी पासो' मा परेको तितो यथार्थ पनि छ । चीनको चमत्कार विश्वमा योभन्दा अघि भएका सम्पूर्ण चमत्कारभन्दा दिगो र अद्भूत छ भन्ने अनुभूति पुस्तकले दिन्छ ।**

तीव्र आर्थिक विकासमा चीनले चमत्कार देखायो । ४० वर्षसम्म दुई अङ्कको आर्थिक वृद्धिदर कायम गऱ्यो । छोटो समयमै एसियाका '४ बाघ' लाई पछाडि पाऱ्यो । सन् १९७८ मा ३ खर्ब ६७ अर्ब ९० करोड युआन कुल गार्हस्थ उत्पादनमा सीमित चीनको अर्थतन्त्र सन् २०२० सम्म आइपुग्दा कुल गार्हस्थ उत्पादन १०१५९ खर्ब ८६ अर्ब युआन पुग्यो । विश्वको दोस्रो अर्थतन्त्र मात्र होइन, पहिलो आयातकर्ता, निर्यातकर्ता देश बन्यो । विश्वको सबैभन्दा ठूलो औद्योगिक देश बन्यो । त्यति मात्र होइन वैदेशिक विनिमय सञ्चिति र वैदेशिक विकास लगानीमा सबैभन्दा ठूलो देश पनि बन्यो चीन । विश्व अर्थतन्त्रमा सबैभन्दा ठूलो योगदान आज चीनकै छ । चीनमा ४१ भन्दा बढी प्रमुख औद्योगिक डिभिजन छन् । ५२५ उपडिभिजन छन् । सन् १९७८ मा ३८१ युआन प्रतिव्यक्ति आयबाट सन् २०२० मा ७२४४७ युआन प्रतिव्यक्ति आम्दानी पुग्नु के चमत्कार होइन ? सन् २०४० सम्म विश्वमा ४ भागको एक भाग उत्पादन चीन एक्लैले गर्ने योजना छ । अबको २० वर्षमा विश्वको उपयोग र महत्त्वपूर्ण आर्थिक वृद्धिको सूचक एसिया प्रशान्त क्षेत्र बन्ने प्रक्षेपण आधारहीन छैन । चीनको घरेलु उत्पादन र श्रमबजार चिनियाँ अर्थतन्त्रको अर्को विशेषता हो ।

गरिबी निवारणमा चीनको उपलब्धि मानव समाजको इतिहासमै ठूलो चमत्कार हो । एकैचोटी १० करोडभन्दा बढी जनतालाई गरिबीको रेखामुनिबाट माथि उठाउनु गरीबीविरुद्धको लडाईंमा विजयी बन्नु हो । छोटो अवधिमा हजारौं गाउँहरू सहरमा फेर्नु र करिब १०८००० ग्रामीण विद्यालय सधार्नु चानचुने विषय होइन । चिनियाँ किसानहरूको लागि स्वास्थ्य सुविधा प्रदानमा चीनको मोडलबारे डब्लुटिओ र विश्व बैङ्कले नै प्रशंसा गरेको थियो । चीनमा बेरोजगारी समस्या न्यूनीकरणका साथै कामसँग सम्बन्धित दुर्घटना, मातृस्वास्थ्य विमा व्यवस्था गरियो । कपडा, खाना, आवास, स्वास्थ्योपचार, मृत्यु संस्कार गरी जनताका पाँच आवश्यकताको प्रत्याभूति राज्यले गऱ्यो । चीनले गरिबी निवारणका लागि विपन्न क्षेत्रमा रोजगारी सृजना, अस्पताल या स्वास्थ्य उपचारको बन्दोवस्त गर्ने, पर्यावरणीय क्षति न्यूनीकरण गर्दै प्राकृतिक प्रकोपमा परेका जनतालाई आर्थिक क्षतिपूर्ति प्रदान गर्ने, शिक्षामा जोड दिने, गरिबीबाट उठ्ने काम या व्यवसाय गर्न नसक्ने समुदायलाई राज्यले नै अनुदान र सहुलियत प्रदान गर्ने काम गऱ्यो । यी मापदण्डकै आधारमा चीन गरिबीविरुद्धको लडाइँमा विजयी बन्यो । करिब ८३२ गरिब काउन्टीहरू र १२८००० गाउँहरूलाई गरिबीबाट मुक्त गऱ्यो ।

सन् २००८ मे १२ मे १२ मा सिचुआन प्रान्तको वेनचुआनमा ८ रेक्टरको भूकम्प हुँदा थुप्रै धनजनको क्षति भयो । ६९ हजार चिनियाँ जनताको मृत्यु भयो, १८ हजार बेपत्ता भए । सहर करिब करिब ध्वस्त भयो । त्यो सहरलाई २-३ वर्ष मै पुन: उठाउन चीन सफल भयो । भूकम्पले ध्वस्त बनाएको सहर पुन: निर्माणमा चीनले देखाएको चमत्कारको एउटा दृष्टान्त थियो त्यो घटना ।

कोभिड-१९ महामारी चीनका लागि १०० वर्ष पछिको ठूलो सङ्कट थियो । त्यो सङ्कटसँग सामना गर्न चीनले तत्काल रातारात १० दिनमा दुई अस्पताल हुओसेनसान र लाइसेनसान अस्पताल निर्माण गऱ्यो । तत्काल ६०० वटा आइसोलेसन केन्द्र बनाइयो । हुबेइ र उहानका लागि आवश्यक सम्पूर्ण उपचार र बन्दोवस्त तत्काल गऱ्यो । भ्याक्सिन उत्पानद गऱ्यो । कोभिड महामारीसँग लड्ने स्वास्थ्यकर्मी मात्र होइन पत्रकारहरू पनि तयार भए । सुरक्षित वातावरण दियो । दैनिक हजारौंको सङ्क्रमणबाट केही समयमै एक अक्षरको सङ्क्रमण सङ्ख्यामा झर्यो । त्यति मात्र होइन स्वास्थ्य अनुशासन कायम गऱ्यो । कोभिड १९ महामारीमा विश्वको लडाइँमा चीनको योगदान बेजोड रह्यो । पश्चिमले कोभिडबाट मृत्यु हुने सङ्ख्या रोक्न नसक्दा चीनले सङ्क्रमणको सङ्ख्या रोक्नु के चमत्कार थिएन ?

चीन उच्च वेगको ट्रेन धमाधम व्यवस्था गर्दै छ । जलविद्युत् र खानेपानी व्यवस्थापनमा गज्जबको मोडल स्थापित गर्दै छ । 'खानेपानी दक्षिणबाट' भन्ने भाष्य स्थापित गर्दैछ । जल डाइभर्सनहरू निर्माण गरी देशभरिको खानेपानी समस्या समाधानतिर जाँदै छ । बीआरआई, जीडीआई, जीएसआई, जीसीआईलगायतका अवधारणाहरू विश्वका निम्ति चीनको सैद्धान्तिक योगदानका केही उदाहरणहरू हुन् ।

चीनले आज विश्वव्यापीकरणबारे नयाँ परिभाषा दिँदै छ । सहयोग र सहकार्य नै विश्वव्यापीकरणको व्यवहार हो भन्ने पुष्टि गर्दै छ । आज चीन विश्व व्यवस्थाको नेतृत्व गर्दै छ । विश्वव्यापी आदानप्रदानका लागि उत्कृष्ट विकल्प बेनको छ चीन । विज्ञहरू भन्छन् -"आजको चीन कसैले कल्पना गरेभन्दा ज्यादा सुन्दर र विशाल छ । चीन शान्तिको पक्ष लिन्छ । चीन अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्दैन । चीन संरा अमेरिका जस्तो साम्राज्यवादी युद्धपिपासु छैन । चीन त्यसकारण विश्वको निम्ति चुनौति होइन बरु अवसर हो । चीन संरा अमेरिकी प्रभुत्वको निम्ति भने ठूलो चुनौती र टाउको दुखाइको विषय बनेको हुनुपर्छ ।"

आज विश्व व्यवस्थामा चीनको स्थान चीनले पहिल्याएको बाटोको कारण सम्भव भयो । चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्व र समाजवादले मात्रै चीनलाई जोगायो र विकसित बनायो । चिकपा पनि ४० वर्षमा निकै फैलिएको शब्ददृश्य पुस्तकमा छ । सन् २०१९ को तथ्याङ्क अनुसार ९ करोड ९१ लाख ४० हजार चिकपा सदस्य बने भने ४ करोड ६८ लाखभन्दा बढी प्रारम्भिक तहको पार्टी सङ्गठन विस्तार भयो । आजको युवा पुस्ता पनि पार्टी कार्यकर्ता र जनताको सेवक बन्ने उद्देश्य राख्छन् । तसर्थ चीनको नेतृत्व र चिकपाको सैद्धान्तिक आधार या विचारनै सबैभन्दा महत्त्वपूर्ण चिनियाँ विशेषता हो भन्न सकिन्छ । यो पुस्तकले इतिहासदेखि वर्तमानसम्म चीनले अङ्गिकार गरेको मार्ग, विचार, अभ्यासबारे प्रस्ट पार्छ ।

आजको विश्व अर्थतन्त्र, राजनीतिक व्यवस्था र सभ्यताको विकासबारे प्रस्ट दृष्टिकोण राख्न चीनको अध्ययन अनिवार्य छ । नयाँ विश्व व्यवस्थाको नेतृत्वकर्ता देश चीनको इतिहास, अर्थतन्त्र, वैदेशिक सम्बन्ध विश्वव्यापी अगुवाइ, सामाजिक र सांस्कृतिक अवस्था बुझ्न नपढी नहुने यस पुस्तकका लेखकहरू र प्रकाशकप्रति साधुवाद छ ।

# उग्र-साम्राज्यवाद : विकराल पतनोन्मुख चरण-५

द ट्राइकन्टिनेन्ट

*(यो अनुसन्धान वर्षौंको सामूहिक प्रयासका कारण सम्भव भएको हो । यसका निष्कर्षहरूमा धेरै विद्वान तथा समाजवादी अभियन्ताहरूको महत्त्वपूर्ण योगदान छ । यस दस्तावेजमा प्रयोग भएका तथ्यतथ्याङ्क 'दक्षिणी गोलार्द्ध दृष्टि' (जीएसआई) बाट लिइएको हो । यी तथ्याङ्कको सम्पादन र संयोजन गिसेला केर्नाड्स, मिकाइला न्होन्डो इस्कर्ग, टिका मोरेनो र देबोरा भेनेजियलले गर्नुभएको हो । दस्तावेजको चौथो खण्ड अर्थशास्त्री जोन रोसले प्रकाशित गर्नुभएका अनुसन्धानहरूमा आधारित छ । पाठकको सहजताका निम्ति यहाँ दस्तावेजमा उल्लेख टिपोटहरूका सम्पादित अंश मात्र उल्था गरिएको छ भने सन्दर्भ सामग्रीहरू दिइएको छैन । अनुवादक)*

## कब्जा, जातिवाद र जातिसंहार : साम्राज्यवादी गुटको साझा इतिहास

उत्तरी गोलार्द्धको धन ऐतिहासिक चोरीबाट आएको थियो । सयौँ वर्षसम्म हिंस्रक लुटपाटबाट त्यो धन थुपारिएको थियो ।

पुँजीवादी व्यवस्थाको आर्थिक जम्माखोरी र आर्थिक वृद्धिको बढ्दो मागले अन्य क्षेत्रको स्रोतसाधन लुट्न घचघच्यायो । मध्यपूर्वका अरबी र मुसलमानी क्षेत्रहरूविरुद्ध क्रुसेड वा धर्मयुद्ध (सन् १०५०-१२९१) थालेदेखि यसखाले सैन्य कब्जाको थालनी भएको थियो ।

सन् ९५० बाट सुरु भएर सन् १२५० मा युरोपको मध्यकालीन न्यायो अवधि टुङ्गियो । त्यस्तै सन् १३४६ बाट सुरु भएर सन् १३५३ मा ब्ल्याक डेथ महामारी पनि टुङ्गियो । यससँगै परिस्थिति कुलीनतन्त्रबाट टाढा किसानको पक्षमा ढल्किँदै गयो । युरोपभरि किसान विद्रोह भए र वनलाई सर्वसाधारण जनताको लागि खुला गर्ने बडापत्रहरू जारी भए । यसबाट पुँजीवादी भविष्यको ढोका खुल्ने सङ्केत देखियो ।




त्यसपछि जलसेनाको माध्यमबाट युरोप विश्वभरि प्रभुत्व जमाउने पथमा लम्कियो । यो प्रक्रिया सन् १४१५ बाट सुरु भयो । त्यो वर्ष पोर्चुगलले मोरक्कोको मोर्चाबद्ध बन्दरगाह क्युता कब्जा गरेको थियो । त्यो मितिलाई आज पश्चिमा दबदबाको ६०० वर्ष बढी भनी सम्झना गरिन्छ । पहिलो युरोपेली औपनिवेशिक शक्ति पोर्चुगलले आफ्ना कब्जाकारी अभियानहरूको खर्च जिनोभाली पुँजी प्रयोग गरेको थियो । त्यो शताब्दीभरि अन्य युरोपेली देश पनि पोर्चुगलकै पथमा हिँडे ।

गैरगोरा राष्ट्रको लुटपाट र कब्जा तथा रैथाने जनतालाई तिनको थातथलोबाट लघार्ने र तिनलाई कज्याउने कार्यबाट जातिवादी विचारधाराहरू जन्मे । यी विचारधारा युरोपका विभिन्न देशका समाज तथा तिनले उपनिवेश बनाएका समाजका (आर्थिक) आधार र माथिल्ला संचरना दुवैमा भित्रैसम्म घुसे । गोरा बसोबासी उपनिवेश देशहरूमा यी विचारधारा अत्यन्त मुखरित भए । यी उपनिवेशहरू सुरुदेखि नै जातिवादी प्रकृतिका थिए । संरा अमेरिका र इजरायल यिनै गोरा बसोबासी उपनिवेशहरूभित्र पर्छन् । यिनीहरू जातिवादी-धार्मिक कब्जाको इतिहासकै सबैभन्दा सङ्गीन, स्थायी र गहिरा जरासितका गोरा बसोबासी उपनिवेश हुन् ।

आर्थिक विश्लेषण गर्दा थाहा हुन्छ, बेलायतमा पुँजीवादी लगानीको वास्तविक उदय दास व्यापारको नाफाबाट सुरु भएको थियो । भारतजस्ता देशको लुटपाटसँगै यो लगानीमा ऐतिहासिक वृद्धि भएको थियो । कथित पुँजीवादी आदिम सञ्चय तथा 'औद्योगिक क्रान्ति' मा वित्तीय लगानीका लागि यसैखाले लुटपाट निर्णायक सिद्ध भएका थिए । सन् २०२२ को एक अध्ययनमा उत्सा पटनायकले एउटा तथ्य सार्वजनिक गरिन् । सो अध्ययनअनुसार सन् १७६५ देखि सन् १९३६ बिच भारतबाट मात्र बेलायतले ४५० खर्ब डलर बराबरको सम्पत्ति लुटेको थियो ।

बेलायतका धेरै अगुवा संस्थानहरूले एटलान्टिक महासागर आरपार हुने दास व्यापारबाट नाफा लिएका थिए । यसबाट निक्लेको जातिवादी विचारधाराले उपरान्त पुँजीवाद र साम्राज्यवाद दुवैको विकासलाई आकार दियो ।

सयौँ वर्षसम्म युरोपले थप गोरा बसोबासी उपनिवेशहरू बनाइरह्यो । यसमा अमेरिकी महादेश, अस्ट्रेलिया तथा केन्या, दक्षिण अफ्रिका र जिम्बाब्वे पर्छन् । यसमा 'सफल हुनेहरू' ले उजाड भूमिमा उपनिवेश बनाएका थिएनन् । ती भूमि कसैको पनि थिएन भन्नु मिथक मात्र हो । बरु जातिसंहार र सैनिक कब्जामार्फत त्यहाँ गोरा जनताको बहुमत कायम गरेर राज्य स्थापना गरिएको थियो । जर्मनीले सन् १९०४ देखि सन् १९०८ बिच नामिबियाका ८० हजार हेरेरो र नामा जातिलाई सखाप पारेर २० औँ शताब्दीको पहिलो जातिसंहार गरेको थियो । गोरा बसोबासी उपनिवेशमध्ये आज पाँचवटा देश अझै कायम छन् । ती हुन् - संरा अमेरिका, क्यानडा, अस्ट्रेलिया, न्युजील्यान्ड र इजरायल । यी सबै उपनिवेश बेलायतले बनाएको थियो । बेलायतले आफ्नो औपनिवेशिक अभियान १५ औँ शताब्दीको आधाआधीबाट थालेको थियो । अमेरिकी महादेशमा बेलायती हस्तक्षेपबाट संरा अमेरिका जन्मेको थियो । कुख्यात बाल्फोर घोषणा (सन् १९१७) बाटै इजरायलको स्थापना भएको थियो । त्यसको लागि बेलायतले आफ्नो तत्कालीन उपनिवेश प्यालेस्टिनलाई अचानोमा राख्यो । एसियाका 'बर्बर झुन्ड' लाई छेक्ने पर्खालको रूपमा इजरायलको स्थापना गर्न यहुदीवादी योजना आवश्यक थियो । अमेरिकामा इजरायलजत्तिको प्रभावशाली अर्को राष्ट्र छैन । क्षेत्रफल र भूमिकाका कारण संरा अमेरिका विश्व आतङ्कवादको वर्चस्वशाली शक्ति हो । तर, हिंसा र सैन्य खर्चका हिसाबले इजरायलको भूमिका अचाक्ली छ । इजरायलसँग आणविक हतियार छ । पश्चिमा मिडियाले यो तथ्यलाई लुकाउँदै आएका छन् ।

स्थापनायता आजसम्म पनि संरा अमेरिकालाई जातिवादी देश मानिन्छ । 'अमेरिकी होलोकस्ट : नयाँ संसारको कब्जा' (सन् १९९२) नामक पुस्तकमा डेभिड स्टेनार्डले रोचक तथ्यहरू दिएका छन् । सो पुस्तकअनुसार अमेरिकी महादेशमा युरोपेली कब्जा सुरु भएको डेढ सय वर्षमा १० करोड आदिवासी जनता मारिएका थिए । कब्जामा प्रयोग गरिएका रोगका किटाणु, युद्ध तथा दासत्व जस्ता हत्कण्डाका कारण अमेरिकाका रैथाने जनता मारिएका थिए ।

सन् १८६० मा अमेरिकामा मात्र काला जातिका झन्डै ४० लाख दास थिए ।

सन् २०२२ मा ७ करोड २० लाखभन्दा बढी अश्वेत जनतालाई अमेरिकी कारागारमा बन्दी बनाइयो । अमेरिकामा अश्वेत जनसङ्ख्या १२ प्रतिशत छ । तर, कारागारहरू ३८ प्रतिशत अश्वेत बन्दीले भरिएका छन् । अमेरिकामा विश्वका ५ प्रतिशत मानिस बस्छन् । तर, विश्वका २० प्रतिशत बन्दी अमेरिकामा छन् । दास व्यापार सुरु भएको ५०० वर्षभन्दा बढी भयो । (दास ओसारपसार गर्ने विश्वको पहिलो जहाज सन् १५१९ मा बनेको प्रमाण छ ।) तर, अझै पनि संरा अमेरिकाले काला जातिका दसौँ हजार मानिसलाई कालकोठरीमा राख्दै छ । संरा अमेरिकाको बडापत्र अनुसार यस्तो सजायलाई यातनाको कोटीमा राखिएको छ ।

सन् २०१३ मा आएर मात्र अमेरिकाको मिसिसिपी राज्यले औपचारिक रूपमा (संविधानको) १३ औँ संशोधनलाई प्रमाणीकरण गऱ्यो । यसै संशोधनबाट १८६५ डिसेम्बर ६ मा अमेरिकाबाट वैधानिक रूपमा दास उन्मूलन गरिएको थियो ।

अमेरिकी शासक वर्गको जातिवादी चरित्र केलाएर मात्र उसको विचारधारा बुझ्न सकिन्छ ।

सन् २०२३ को नेटो घोषणा र प्यालेस्टिनी जनताविरुद्ध इजरायली जातिसंहारप्रतिको एकमुस्ट समर्थन हेर्दा साम्राज्यवादलाई उसको जातिवादी इतिहासबाट अलग्गाउन सकिन्न भन्ने साबित हुन्छ । ६०० वर्षयता युरोप र गोरा बसोबासी देशहरूले विश्वलाई नै आफ्नो खटनमा चलाउन खोज्दै आए । यसमा उनीहरू सफल पनि भए ।

दोस्रो विश्वयुद्धपछि संरा अमेरिकाले हजार वर्षसम्म उक्त शासन लम्ब्याउने जमर्को गऱ्यो । साम्राज्यवादी खेमाका सम्पूर्ण देश गोरा छन् । दोस्रो विश्वयुद्धमा जापानको पूर्ण पराजयपछि जापानलाई साम्राज्यवादी खेमामा गाभियो । यसकारण, दक्षिण अफ्रिकीहरूले जापानले 'सम्मानार्थ गोरो' दर्जा पाएको भने । जापान पहिले फासीवादी शक्ति हुनाले नै यो सम्भव भएको थियो । जापानले पनि कुनै बेला जातिवादी व्यवहारकै बलमा आफ्नो साम्राज्य विस्तार गरेको थियो ।

साम्राज्यवादको जरामा जातिवादी पुरुषसत्तात्मक सोच पनि छ । श्रमको लैङ्गिक विभाजन, महिलाको प्रजनन क्षमतामाथिको नियन्त्रण र महिलाको बेतलबी कामको शोषणजस्ता समस्या यहीबाट जन्मिन्छन् । पश्चिमा उनिवेशवादको हित अनुसार यी समस्यालाई आकार दिइयो । पुँजी सञ्चयलाई संसारभरि फिजाउने पृष्ठभूमि तयार भयो ।

त्यसयता आजसम्म पनि युद्ध र कब्जाको बेला लैङ्गिक शोषण र हिंसाको अत्यधिक प्रयोग भएको छ । चीन र इन्डोनेसियामा सैन्य कब्जा गर्दा जापानले 'आरामदायी महिला' को नाममा दसौँ हजार महिलालाई यौनदासी बनाएको थियो । आज फिलिपिन्सस्थित अमेरिकी सैन्य अखडामा यौन शोषण भइरहेको छ ।

चित्र १६ मा देखाइएका ८ किसिमका ऐतिहासिक हिंसामध्ये संरा अमेरिकाले ७ हिंसा गरिसकेको छ । यो प्रक्रिया सन् १८९० को दशकमा आधुनिक साम्राज्यवादको विकाससँगै सुरु भएको थिएन । यसको जरा सन् १४९२ मा छ । त्यो वर्ष युरोपेली कब्जाकारीहरूले अमेरिकी महादेश दक्खल गर्न सुरु गरेका थिए ।

सन् २०२३ अक्टोबरमा राष्ट्रसङ्घका १९३ सदस्यमध्ये संरा अमेरिका र इजरायलले मात्र गौरवशाली क्युवाविरुद्ध अवैध नाकाबन्दी र प्रतिबन्ध टुङ्ग्याउनुपर्ने प्रस्तावविरुद्ध मत दिए । २०२३ अक्टोबर १६ मा गाजामा युद्धविरामको लागि अघि सारिएकोप्रस्तावको खेस्रामा अमेरिकी संसद्का एकजना पनि गोरा सांसदले हस्ताक्षर गरेनन् ।

पश्चिमा अफ्रिकामा पोर्चुगलको दास व्यापारदेखि लिएर प्यालेस्टिनविरुद्ध इजरायल र अमेरिकाको जातिसंहारमा एउटा लामो साइनो छ ।

## "उग्र-साम्राज्यवाद" को इतिहास र परिभाषा

### (अ) पूर्व इतिहास

आधुनिक साम्राज्यवादको पूर्व इतिहास सन् १४१५ बाट सुरु हुन्छ । त्यो वर्ष समुद्री मार्गबाट युरोपेली विस्तार सुरु भयो । अफ्रिका त्यस विस्तारको पहिलो पीडित बन्यो । यसपछि अमेरिकी महादेशलाई उपनिवेश बनाउने काम सुरु भयो । त्यसक्रममा लाखौँ आदिवासी जनताको जातिसंहार गरियो । त्यसपछि युरोप र उसका बसोबासी राज्यहरू मानव दासत्वबाट निस्केको रक्तरञ्जित पुँजीमा निर्भर हुँदै गए । यो क्रम ४०० वर्षसम्म चल्यो ।

आधुनिक शक्तिको रूपमा बेलायतको उदय रक्तपिपासु जीवको रूपमा भयो । यो राक्षस दास र उपनिवेशका श्रमजीवीको रगत चुसेर बाँच्थ्यो । एटलान्टिक (आन्ध्र) महासागर आरपार हुने दास व्यापार र औपनिवेशिक कब्जायुद्धमा बेलायतीहरूले लाखौँ लाख मानिसको हत्या गरे । अमेरिकी महादेशको दास श्रमका साथै स्पेनी र पोर्चुगली उपनिवेशहरूको जगेडा उपजको बेलायती लुट नै कथित आदिम सञ्चयको 'विशेष' विषय बन्यो । (कार्ल मार्क्सले आफ्नो बहुचर्चित कृति 'पुँजी' मा पुँजीवादको उदयका लागि जिम्मेवार औपनिवेशिक लुटलाई 'आदिम सञ्चय' भनी कटाक्ष गर्नुभएको छ ।)

अमेरिकी साम्राज्यवादले जातिवादी अभियान सुरु मात्र गरेन । अमेरिकी पुँजीवादको विकासले विशेष बाटो लियो । यसका निम्न विशेषता छन् :

- दासप्रथाको अत्यन्त लाभदायी पुँजीवादी स्वरूप ।
- सामन्ती समाजका बक्यौतासँग लड्ने झन्झट नखेपीविशाल भूभागमा निर्बाध विस्तार भएको राज्य ।
- अन्य साम्राज्यवादी देशले सरहदभित्र सैन्य आक्रमण नगरेको एक मात्र प्रमुख साम्राज्यवादी देश ।
- युरोपले विश्वलाई बाँडफाँट गरिसकेपछि सुरु भएको साम्राज्यवादी शक्ति ।
- मुनरो नीति (सन् १८२३) एवम् 'स्वाभाविक भाग्य' र 'अमेरिकी अपवाद' जस्ता अवधारणामार्फत स्वघोषित असीमिति शक्ति ।

आधुनिक उद्योगको थालनीदेखि पुँजीवादी विश्व व्यवस्थामा एकै पुँजीवादी शक्तिको प्रभुत्वका दुई क्रमबद्ध युग आए - बेलायती र अमेरिकी प्रभुत्वका युग । १८ औँ शताब्दीको अन्त्यदेखि दोस्रो विश्वयुद्धसम्म बेलायतलाई अन्तर्राष्ट्रिय वित्तको वर्चस्वशाली शक्ति मानिन्थ्यो । सन् १९३१ मा बेलायतले सुनमा रूपान्तरण हुने पाउन्डको सामर्थ्य त्यागेपछि र सुन-पाउन्ड मानकको अन्त्य गरेपछि बेलायती दबदबा खस्कियो । यथार्थमा दोस्रो विश्वयुद्धपछि अमेरिकी प्रभुत्व स्पष्ट भयो । अमेरिकी वर्चस्वले सन् १९४५ मा मान्यता पायो भने युरोप छिद्रछिद्र भयो । यसकारण, साम्राज्यवादी प्रणालीको अन्तरमा जे छ, त्यसलाई अङ्ग्रेज-अमेरिकी योजना वा अभियान भन्न सकिन्छ ।

सन् १८७० को दशकमा अमेरिकी अर्थतन्त्रले आकारमा बेलायतलाई उछिनिसकेको थियो । तर, २० औँ शताब्दीसम्म पनि अमेरिकी प्रतिव्यक्ति गार्हस्थ उत्पादन बेलायतको हाराहारीमा पुगेको थिएन । सन् १९१३ मा अमेरिकी अर्थतन्त्र बेलायती गार्हस्थ उत्पादनको भन्दा दोब्बर पुग्यो ।

तर, सन् १९४५ मा गएर अमेरिकी अर्थतन्त्र बेलायतको भन्दा पाँच गुणा ठूलो भयो । यसपछि नै पूर्ण र औपचारिकरूपमा अमेरिकी प्रभुत्व स्थापित भयो । त्यसबेला संरा अमेरिकाले विश्वभरि हुने उत्पादनको आधा उत्पादन एक्लैले गर्दै थियो ।

# जातिसंहार रोक्न नसक्ने संसार

✍ क्रिस हेजेज

'इजरायलले गाजाविरूद्ध गरिरहेको सैन्य कारबाही तत्काल रोक्नुपर्ने' दक्षिण अफ्रिकाले राखेको सबैभन्दा महत्त्वपूर्ण माग अन्तर्राष्ट्रिय अदालतले लागु गर्न अस्वीकार गरेको छ ।

यही सिलसिलामा उसले इजरायलको आधारभूत मिथकमा भने ठूलो धक्का दिएको छ । इजरायलले आफूमाथि सनातन कालदेखि अन्याय भइरहेको बताउँदै आएको छ । यद्यपि गाजामा उसले प्यालेस्टिनी जनताविरूद्ध जातिसंहार जारी राखेको दरिलो आरोप पनि लाग्दै आएको छ ।

गाजाबासीहरू 'महाअपराधी' होइनन्, अपराधका पीडित हुन् । कुनै बेला जातिसंहारबाट सुरक्षा खोजेका यहुदीहरू नै आज जातिसंहार गर्दै छन् ।

'यहुदी राज्य' (इजरायल) को अस्तित्वको मूल मर्ममाथि अन्तर्राष्ट्रिय अदालतले प्रश्न उठाएको छ । स्थापना यताका ७५ वर्षसम्म इजरायलले पाइरहेको सहुलियतलाई चुनौती दिएको छ ।

अन्तर्राष्ट्रिय अदालतले जातिसंहारक गतिविधि रोक्न इजरायललाई ६ अन्तरिम पाइला चाल्न आदेश दिएको छ । इजरायलले गाजामाथि बमबारी जारी राख्छ र महत्त्वपूर्ण पूर्वाधारहरूलाई तारो बनाइरहन्छ भने ती पाइला चाल्न अत्यन्त गाह्रो हुनेछ ।

अदालतले इजरायललाई 'जातिसंहार गर्न प्रत्यक्ष र सार्वजनिकरूपमा उक्साउनेहरूलाई रोक्न र दण्डित गर्न' आह्वान गरेको छ । उसले इजरायलसँग 'अपरिहार्य आधारभूत सेवा र मानवीय सहायताको उपलब्ध गराउन सम्भव हुनेगरी तत्काल र प्रभावकारी उपाय अपनाउन' माग गरेको छ ।

अन्तर्राष्ट्रिय अदालतले प्यालेस्टिनी सर्वसाधारणको सुरक्षा गर्न आदेश दिएको छ । इजरायललाई गाजामा बच्चा जन्माउने स्थितिमा रहेका ५० हजार महिलाहरूको रक्षा गर्न भनेको छ ।

उसले इजरायललाई 'विनाश रोक्न प्रभावकारी उपाय अपनाउन तथा गाजापट्टीका प्यालेस्टिनी जमातका सदस्यहरूविरूद्ध 'जातिसंहारक अपराध रोकथाम एवम् दण्ड महासन्धि' को धारा २ र ३ को परिभाषामा पर्ने गतिविधि भएको आरोपलाई लिएर देखिएका प्रमाणहरू जोगाउन' आदेश दिएको छ ।

अदालतले इजरायललाई 'हत्या, गम्भीर शारीरिक र मानसिक चोट पुग्ने, समूहगत जीवनमाथि आंशिक वा पूर्ण भौतिक विनाश ल्याउने र समूहभित्र नयाँ सदस्य जन्मिनबाट रोक्ने' जस्ता जातिसंहार प्रमाणित हुने अपराधहरू रोकथाम गर्न 'आफ्नो सामर्थ्यमा भएजति सबै उपाय अपनाउन' आदेश दिएको छ ।

इजरायलले एक महिनाभित्र यी अन्तरिम उपायहरू कार्यान्वयन गर्न आफूले गरेका प्रयासहरूबारे प्रतिवेदन बुझाउनुपर्नेछ । यसका लागि अदालतले एक महिनाको म्याद दिएको छ ।

हेग अदालतमा यी फैसला सुनाउँदै गर्दा गाजामाथि बम, मिसाइल र तोपका गोला बर्साइएको थियो । त्यसमा परेर पछिल्लो २४ घन्टामा १८३ प्यालेस्टिनीहरूको ज्यान गएको थियो ।

अक्टोबर ७ यता २६ हजार प्यालेस्टिनीहरू मारिएका छन् । प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाए अनुसार झन्डै ६५ हजार घाइते भइसकेका छन् । हजारौँ मानिसहरू बेपत्ता छन् । मारकाट चलिरहेको छ । क्रूर सत्य यही हो । (फेब्रुअरी २५, २०२४ सम्ममा २९,६०६ को मृत्यु र ६९,७३७ जना घाइते भएका छन्-सं.)

सरल भाषामा भन्नुपर्दा अदालतले इजरायलले पिडीतहरूलाई खाना र औषधि उपचार उपलब्ध गराउनुपर्छ, जातिसंहारको पक्षमा सार्वजनिक रूपमा बोल्न छोड्नुपर्ने, जातिसंहार भएका प्रमाणहरू जोगाउनुपर्ने, प्यालेस्टिनी सर्वसाधारणको हत्या रोक्नुपर्ने र एक महिनापछि अदालतमा हाजिर भएर प्रतिवेदन बुझाउनुपर्ने बताएको छ ।

गाजामा ताण्डव चलिरहन्छ भने यी अन्तरिम उपायहरू लागु हुने कुरामा ढुक्क हुन गाह्रो छ ।

अदालतको फैसलापछि दक्षिण अफ्रिकाका अन्तर्राष्ट्रिय सम्बन्ध मन्त्री नालेदी पान्डोरले स्पष्ट शब्दमा भनिन्, "युद्धविरामबेगर यो आदेशले काम गर्ने छैन ।"

समय प्यालेस्टिनको पक्षमा छैन ।

आउँदो महिनामा हजारौँ प्यालेस्टिनीहरू मर्नेछन् । विश्वभरि अकाल र सङ्गीन भोकमरी व्यहोरिरहेका समस्त जनताको ८० प्रतिशत भोका जनता अहिले गाजाका प्यालेस्टिनीहरू हुन् । यो तथ्य राष्ट्रसङ्घले सार्वजनिक गरेको हो ।

फेब्रुअरीको आरम्भसम्म गाजाका सबै मानिस पर्याप्त खानाको अभावमा छट्पटिने आँकलन गरिएको छ । तीमध्ये ५ लाख मानिस भोकभोकै बस्नुपर्नेछ । राष्ट्रसङ्घीय एजेन्सी र विभिन्न गैरसरकारी संस्थाको तथ्याङ्कका आधारमा अध्ययन गरिरहेको 'एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण' नामक संस्थाले यो तथ्य सार्वजनिक गरेको हो । यो भोकमरीको आयोजना इजरायलले गरेको हो ।

इजरायलले जातिसंहार गरेकै हो त भन्ने विषयमा छिनोफानो गर्न अदालतलाई केही वर्ष लाग्नेछ । यद्यपि गाजामा इजरायलले जे गर्दै छ त्यसलाई 'जातिसंहार' भन्न मिल्ने वैध अनुमतिपत्र अदालतले दिलाएको छ । गाजामा मानवीय विपत्ति चर्किरहेको बेला यो फैसला पुग्दो नभए पनि यो निकै महत्त्वपूर्ण उपलब्धि हो ।

इजरायलले गाजामा ३० हजारभन्दा बढी बम खसालिसकेको छ ।



अमेरिकाले इराकमा ६ वर्षमा जति बम खसालेको थियो, गाजामाथिको इजरायली बमबारी त्योभन्दा ८ गुणा बढी हो । शरणार्थी शिविरहरूलगायत प्यालेस्टिनीहरूका घना बस्तीहरूलाई नामेट पार्न उसले २ हजार पाउन्डका सयौँ बमहरू प्रयोग गरिसकेको छ ।

यी बमलाई 'बङ्कर बस्टर' भनिन्छ । यी बमले हजारौँ फिट वरपर रहेका सबथोक मार्ने सामर्थ्य राख्छन् । इजरायली हवाइ हमलाजस्तो घातक भियतनाम युद्धयता देखिएको थिएन । २० माइल लामो र ५ माइल चौडा गाजालाई फटाफट बसोबासका लागि अयोग्य तुल्याइँदै छ । सबै इजरायली योजना अनुसार हुँदै छ ।

अदालतको निर्देशनबाहिर गएर हमला गरेको छैन भन्ने तर्क राख्दै इजरायलले बमबारी जारी राख्नेमा दुई मत छैन । साथै, इजरायलले अन्तरिम उपायहरू अवलम्बन गर्नुपर्ने माग राख्दै राष्ट्रसङ्घको सुरक्षा परिषद्मा प्रस्ताव आए अमेरिकाको बाइडेन सरकारले त्यसको विपक्षमा भिटो लगाउने निश्चित छ ।

सुरक्षा परिषद्ले अन्तरिम उपायहरू अनुमोदन नगरे राष्ट्रसङ्घको महासभाले



युद्धविरामको पक्षमा पुनः मतदान गर्न सक्छ । तर त्यसलाई लागु गर्ने सामर्थ्य ऊसँग छैन ।

संवैधानिक अधिकार केन्द्रले अमेरिकी राष्ट्रपनि जो बाइडेन, विदेशमन्त्री एन्टोनी ब्लिङ्केन र रक्षामन्त्री लोयड अस्टिनलाई प्रतिवादी बनाई मुद्दा दर्ता भएको छ । बाइडेनलाई प्रतिवादी बनाई नोभेम्बरमा मुद्दा दर्ता गरेको छ । वादीमा 'डिफेन्स फर चिल्ड्रेन इन्टरनेसनल प्यालेस्टिन' लाई राखिएको छ । यस मुद्दाले प्यालेस्टिनी जनताको चालु जातिसंहारमा इजरायलसँग सहकार्य गर्नबाट अमेरिकी सरकार आफूलाई रोक्न विफल भइरहेको विषयलाई चुनौती दिएको छ ।

अभियोगपत्रमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुन बमोजिम बाइडेन सरकारले कूटनीतिक र सैन्य समर्थन र सहयोग रोक्नुपर्ने विषयमा अदालतको आदेश जानुपर्ने माग छ ।

गाजाको जातिसंहारलाई प्रत्यक्ष प्रतिकार गर्ने काम कहीकतैबाट भएको छ भने यमनबाट भएको छ । लालसागरको नाका बन्द गरेर उसले जातिसंहारविरूद्ध सक्रिय प्रतिकार गर्दै छ । जब कि यमनमा विगत ८ वर्षदेखि साउदी अरब, संयुक्त अरब इमिरेट्स, फ्रान्स, बेलायत र संरा अमेरिकाको नाकाबन्दी छ । ४ लाख यमनीहरू अहिले भोक, स्वास्थ्य सेवाको अभाव, सङ्क्रामक रोगव्याधी भोग्दै छन् । उनीहरू विद्यालय, अस्पताल, भौतिक पूर्वाधार, आवासीय क्षेत्र, बजार, अन्त्येष्टि र बिहेबर्तनमा हुने जमघटमाथि हुने नियोजित बमबारीबाट आक्रान्त छन् ।

कम्तीमा सन् २०१७ यता धेरै राष्ट्रसङ्घीय निकायले यमनले 'विश्वमा सबैभन्दा ठूलो मानवीय सङ्कट' भोगिरहेको बताउँदै आएका छन् । त्यसैले यमनीहरू प्यालेस्टिनी जनताको भोगाइ राम्ररी थाहा छ ।

जातिसंहारको यो इतिहास लेख्दै गर्दा प्रतिरोधका कारण यमन बाँकी विश्वबाट अलग देखिन पुगेको छ । अरब जगतसहित बाँकी विश्व अहिले दाँत नभएको बाघजस्तै निन्दा मात्र गर्दै छ । कोही गाजालाई सोत्तर पार्ने र त्यहाँका २३ लाख बासिन्दालाई लघार्ने इजरायली कदमको पक्षमा सक्रियतापूर्वक लाग्दै छन् ।

इजरायली पत्रिका 'येदिओथ आह्रोनोथ' ले जनाए अनुसार अक्टोबर ७ यता अमेरिकाले २३० मालवाहक विमान र २० हतियारवाहक पानीजहाज पठाएको छ । यी जहाजमा तोपका गोला, हतियारबन्द गाडी र लडाकू उपकरणहरू थिए ।

रित्तिँदै गरेको इजरायली हतियारखानामा अमेरिकाले आफ्नो हतियार र सैन्य सामग्रीहरू भर्दै छ । यसको लागि उसले साइप्रसमा रहेको बेलायती सैन्य अखडा राफ आक्रोतिरीलाई उपयोग गर्दै छ । यो कुरा बेलायती अनुसन्धाता वेबसाइड 'डिक्लासिफाइड युके' ले बाहिर ल्याएको हो । इजरायली पत्रिका हारेत्जले जनाएअनुसार अमेरिकाका ४० भन्दा बढी र बेलायतका २० विमानहरू एवम् अन्य सत्तरी भारिला हेलिकप्टरहरू राफ आक्रोतिरीमा पसेका छन् । यो अखडा इजरायली राजधानी तेलअभिवबाट ४० मिनेटको हवाइ दूरीमा छ ।

जर्मनीले इजरायलमा १२० एमएमका १० हजार सटिक गोलीगठ्ठा पठाउने योजना ल्याएको खबर छ । अदालतले इजरायलविरूद्ध फैसला गरे यी देशले विश्वको सबैभन्दा महत्त्वपूर्ण अदालतबाट जातिसंहारका मतियारको मान्यता पाउनेछन् ।

यद्यपि अन्तरिम फैसलालाई इजरायली नेताहरूले खारेज गरेका छन् ।

अदालती आदेशमा युद्धविरामको माग नगरिएको विषयलाई प्रम बेन्जामिन नेतन्याहुले इजरालयको विजयको रूपमा प्रस्तुत गर्न खोजे । उनले भने :

"अरू देशलाई जस्तै इजरायललाई पनि आत्मरक्षाको अधिकार छ । इजरायललाई यो आधारभूत अधिकारबाट वञ्चित गर्ने दुष्प्रयास यहुदी राज्यविरूद्ध ठाडो विभेद हो र अहिले यसलाई न्यायपूर्ण ढङ्गले अस्वीकार गरियो । इजरायलविरूद्ध जातिसंहारको आरोप झूटो मात्र होइन, विडम्बनापूर्ण छ र विश्वको जुन कुनामा भए पनि सज्जनहरूले यसलाई अस्वीकार गर्नुपर्छ ।"

"हेगस्थित यहुदीविरोधी अदालतको निर्णयले जगजाहेर कुरालाई पुष्टि गरेको छ । त्यो के भने यस अदालतले न्याय खोजेको छैन, बरु यहुदी जनतालाई कठघरामा उभ्याउन चाहेको छ । होलोकस्ट हुँदा तिनीहरू चुप थिए र आज पनि तिनीहरूको पाखण्ड जारी छ र यस मामिलामा तिनीहरू अझ एक पाइला अगाडि बढेका छन्", राष्ट्रिय रक्षामन्त्री इतमार बेन-गभिरले भने ।

अन्तर्राष्ट्रिय अदालतको स्थापना नाजी नरसंहारपछि सन् १९४५ मा भएको थियो । सन् १९४७ मा गएर मात्र त्यहाँ पहिलो मुद्दा दर्ता गरिएको थियो ।

बेन-गभिरले भने, "इजरायलको अस्तित्वलाई नै खतरामा पार्ने निर्णयलाई हामीले सुन्नु हुन्न । पूर्ण विजय नहुञ्जेल हामीले शत्रुलाई धुलो चटाइरहनुपर्छ ।"

मुद्दा खारेज गराउन इजरायलले अन्तर्राष्ट्रिय अदालतसामु केही तर्क राखेको थियो ।

त्यसको जवाफमा अदालतले भन्यो, "२०२३ अक्टोबर ७ को हमलापछि इजरायलले सञ्चालन गरिरहेको सैन्य कारबाहीका कारण दसौँ हजार मारिएका र घाइते भएका छन्; घर, विद्यालय, स्वस्थ्यसेवा तथा अन्य महत्त्वपूर्ण पूर्वाधार नष्ट हुनुका साथै ठूलो सङ्ख्यामा मानिसहरू विस्थापित भएका छन् ।"

अदालतको आदेशमा राष्ट्रसङ्घका उपमहासचिव मार्टिन ग्रिफिथ्सको वक्तव्य पनि उल्लेख छ । जनवरी ५ गते उनले गाजालाई 'मृत्यु र निराशाग्रस्त क्षेत्र' भनेका थिए । अदालती दस्तावेज बोल्छ :

"जाडो बढ्दै जाँदा मानिसहरू खुला आकाशमुनि सुतिरहेका छन् । सुरक्षित स्थल भन्दै सर्वसाधारणलाई जम्मा गरिएको स्थानमाथि बमबारी भएको छ । स्वास्थ्य सुविधाहरू निरन्तर आक्रमणमा परेका छन् । केही अस्पताल मात्र आंशिक रूपमा चालु छन् र ठूलो चोटपटक लागेका बिरामीले भरिएका छन् । स्वास्थ्य सामग्रीको अभाव हुँदै छ र सुरक्षाको खोजीमा भौतारिरहेका मानिसले पनि अस्पतालमै शरण लिँदै छन् ।

सार्वजनिक स्वास्थ्य सेवा सङ्कटग्रस्त छ । कोचाकोच बासस्थानका कारण ढलको फोहर सर्वत्र फैलिँदा सङ्क्रामक रोगहरू फैलिँदै छन् । यस गञ्जागोलबीच प्यालेस्टिनी महिलाहरूले दैनिक १८० बच्चा जन्माउँदै छन् । मानिसहरू कीर्तिमानी खाद्य असुरक्षा झेल्दै छन् । अकाल सन्निकट छ ।

विशेषत: बालबालिकाले १२ हप्तायता ठूलो आघात झेल्दै आएका छन् ।

खाना छैन । पानी छैन । विद्यालय जानु छैन । बिहानदेखि साँझसम्म युद्धको कहालिलाग्दो आवाजबाहेक अरू केही सुन्नु छैन ।

गाजा बसोबास गर्ने नमिल्ने बनेको छ । बाँकी विश्वका देखादेखी त्यहाँका बासिन्दाहरू दिनदिनै मृत्युको सामना गर्दै छन् ।"

अदालतले स्विकाऱ्यो :

"गाजाका ९३ प्रतिशत जनताले कहिल्यै नभोगेको भोक, अपुग खाना र उच्च कुपोषण भोग्दै छन् । चारमध्ये एक परिवार 'विपद्' को चपेटामा छ : खानाको चर्को अभाव र भोकमरीका कारण मानिसहरू आरुना सरसामान बेच्न विवश छन् ।

एक गास खाना जुटाउन मानिसहरू जस्तोसुकै हत्कण्डा अपनाउन बाध्य छन् । सर्वत्र शोक, भोक र गरिबी मात्र देखिन्छ ।"

राष्ट्रसङ्घीय उद्दार निकाय 'उन्रा' का अधिकारी फिलिप लाजारिनीको भनाइ उद्धृत गर्दै आदेशमा भनियो :

"उन्रा आवासहरू मानिसले भरिभराउ छन् । सरसफाइ छैन । अहिले यी आवासमा १४ लाखभन्दा बढी मानिस बसिरहेका छन् । खाना, सरसफाइ र गोप्यता - केही पनि छैन । मानिसहरू अमानवीय स्थितिमा छन् । अनेक रोगहरू फैलिँदै छन् । बालबालिकाबिच पनि रोग फैलिँदै छ । उनीहरू बाँच्नै नमिल्ने अवस्थामा छन् । घडी बिस्तारै अकालतिर घर्किँदै छ ।

गाजाका बालबालिकाको हाल हृदयविदारक छ । बालबालिकाको सिङ्गो पुस्ता नै आघातपीडित छ । यसको उपचारमा वर्षौँ लाग्नेछ । हजारौँ मानिसहरू मारिएका छन्, कति अङ्गभङ्ग र टुहुरा भएका छन् । लाखौँ बालबालिका शिक्षाबाट वञ्चित छन् । तिनको भविष्य धरापमा छ । यसको गहिरो असर पछिसम्म पर्नेछ ।"

राष्ट्रपति र रक्षामन्त्रीलगायत इजरायली सरकारका उच्च अधिकारीहरूले जातिसंहारको पक्षमा राखेका धेरै भनाइलाई अदालतले रेखाङ्कित गरेको छ । जातिसंहारको अपराध साबित गर्न इजरायल सरकार तथा उसका अधिकारीहरूका भनाइहरूले 'नियत' को पक्षलाई बलियो बनाउँ छ ।

अक्टोबर ७ को दुई दिनपछि इजरायली रक्षामन्त्री योभ गालान्तले गाजा सहरमाथि 'पूर्ण नाकाबन्दी' लगाउन आदेश दिए । उनले 'बिजुली, खाना र इन्धन' को आपूर्तिमा रोक लगाउन भने । उनको भनाइ अन्तर्राष्ट्रिय अदालतको आदेशमा उद्धृत गरिएको छ । उनले भनेका थिए :

"मैले सबै बाधा हटाइदिएको छु ।... हामी कोसित लड्दै छौँ तपाइँहरूलाई थाहै छ । हामी नरपशुसँग लड्दै छौँ । यो गाजाको इजइज हो", भोलिपल्ट गाजानजिकै जम्मा भएको इजरायली सैन्य टोलीलाई गालान्तले भने । उनले भने, "हो हामी यिनैसँग लड्दै छौँ ।... गाजा अब पहिलेको अवस्थामा फर्किनेछैन । अब हमास नामको कुनै चीज बाँकी रहनेछैन । हामीले सबथोक नामेट पार्नेछौँ । एक दिनमा नभए एक हप्तामा नामेट पार्नेछौँ । यसमा केही हप्ता र महिनादिन पनि लाग्न सक्छ । हामी सबै ठाउँ पुग्नेछौँ ।"

अन्तर्राष्ट्रिय अदालतले इजरायली राष्ट्रपति इजाक हर्जोगको भनाइ पनि उद्धृत गरेको छ । उनले भनेका थिए, "सर्वसाधारण सजग थिएनन् वा उनीहरू संलग्न थिएनन् भन्ने धारणा सत्य होइन । पटक्कै सत्य होइन । तिनीहरू जाग्न सक्थे । तिनीहरू गाजामा भएको सत्ताविद्रोहबाट गाजामा सत्तासीन भनेको दुष्ट शक्तिविरूद्ध लड्न सक्थे । तर, तिनीहरूसँग हामी लड्दै छौँ । हामी युद्धमा छौँ । हामी हाम्रो घरको प्रतिरक्षा गर्दै छौँ ।"

हर्जोगले भने, "हामी आफ्नो घर जोगाउँदै छौँ । सत्य यही हो । जब एउटा राष्ट्रले आफ्नो घर जोगाउँछ, ऊ लड्छ । र, हामी त्यसबेलासम्म लड्नेछौँ जबसम्म हामीले तिनको ढाड भाँच्दैनौँ ।"

अन्तर्राष्ट्रिय अदालतको निर्णय वर्तमान अध्यक्ष न्यायाधीश जोन डनेग्युले वाचन गरिन् । सन् २०१० मा अन्तर्राष्ट्रिय अदालतमा आउनुअघि अमेरिकी अधिवक्ता डनेग्यु अमेरिकी विदेश मन्त्रालय र अर्थमन्त्रालयमा कार्यरत थिइन् ।

निर्णय यस्तो थियो :

"अदालतको दृष्टिमा दक्षिण अफ्रिकाले दाबी गरेका र प्रत्याभूत गर्न खोजेका केही अधिकार जायज छन् भनी पुष्टि गर्न माथि उल्लिखित तथ्य तथा परिस्थितिहरू पर्याप्त छन् ।... यो मुद्दा जातिसंहारजन्य गतिविधि र दफा ३ मा उल्लेख तत्सम्बन्धी निषेधात्मक बन्दोबस्तबाट जोगिनपाउने गाजाका प्यालेस्टिनी जनताको हकको रक्षा गरिनुपर्छह साथै इजरायलले पनि यो महासन्धिमा हस्ताक्षर गरेको नाताले उसबाट सोही अनुसार आचरणको अपेक्षा गर्ने अधिकार दक्षिण अफ्रिकालाई छ ।"

यो आदेशबाट अदालत इजरायली अपराधको आकारबारे पूर्ण जानकार रहेको स्पष्ट हुन्छ । यसकारण गाजाविरूद्ध इजरायली सैन्य गतिविधि तत्काल स्थगित गराउन आदेश दिने निर्णय नआउनु चिन्ताजनक हुन गएको छ ।

तैपनि प्यालेस्टिनका रैथाने जनताविरूद्ध स्थापनाकालदेखि नै बस्ती बसाल्दै उपनिवेश जमाउने खालका नीतिहरू चालु राख्न इजरायलले प्रयोग गर्दै आएको धार्मिक तर्कमाथि अदालतले ठूलो प्रहार गरेको छ । अदालतको आदेशबाट अब इजरायलको हकमा जातिसंहार शब्दको प्रयोग गर्नु प्रमाणिक हुन गएको छ ।

**अनुवाद : गणेश**
**स्रोत : एमआरअनलाइन**

# देशमा व्याप्त भ्रष्टाचार, अनियमितता आदिको विरोध गर्ने नयाँ पुस्ता देशलाई आवश्यक




भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले वागीश्वरी माध्यमिक विद्यालयको ६५ औं, वागीश्वरी कलेजको १६ औँ र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको फागुन १० गते प्रथम वार्षिकोत्सव समारोहको पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले सिद्धान्त र विचारबाट प्रभावित जनता आफ्नो विचारमा अडान लिनुपर्ने बताउँदै देशमा व्याप्त भ्रष्टाचार, अनियमितता आदिको विरोध गर्ने नयाँ पुस्ता देशलाई आवश्यक भएको बताउनुभयो ।

परीक्षामा खुकुलो पारिदिए देशद्रोहीहरू तयार हुने बताउँदै उहाँले अनुशासित र मेहनती विद्यार्थीहरू आफ्नो पद र मर्यादाअनुसार काम गर्न सक्षम हुने बताउनुभयो ।

उद्योगधन्दा तथा कलकारखानाहरू निजीकरणले गर्दा देशको आर्थिक अवस्था झन्झन् कमजोर हुँदै गएको बताउँदै उहाँले देशमा भएका ठुल्ठुला काण्ड र देशघाती सम्झौताहरूमा शासक दलहरूकै संलग्नता पुष्टि भइरहेको बताउनुभयो ।

पढे-लेखेका बुद्धिजीवीहरूले देशलाई घात गरिरहेको बताउँदै उहाँले युवाहरूलाई शिक्षा र रोजगारीको नाममा विदेश पठाउने चलखेलमा अन्तर्राष्ट्रिय षड्यन्त्र भइरहेको प्रस्ट पार्नुभयो ।

विद्यार्थीहरूलाई शैक्षिक र बौद्धिकरूपमा अगाडि बढाउन प्रेरित गर्नुपर्ने बताउँदै अध्यक्ष बिजुक्छेँले एनजीओ तथा आइएनजीओहरू बुद्धिजीवी गुप्तचरको रूपमा परिचालित रहेकोतर्फ सजग हुनुपर्ने बताउनुभयो ।

आलोचना र आत्मलोचनाबाट भाग्ने होइन, त्यसको डटेर सामना गर्न विद्यार्थीहरूलाई सक्षम बनाउनुपर्ने बताउँदै उहाँले राजधानीकेन्द्रित विकास र सेवा सुविधाले काठमाडौँ उपत्यका प्रदूषित र अपराधको केन्द्र बन्दै गइरहेको बताउनुभयो ।

कार्यक्रमका सभापति, वागीश्वरी कलेज सञ्चालक समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले रोजगारीको निम्ति श्रमसँग जोडिएको शिक्षा आवश्यक भएको हुँदा राज्यले देशको आवश्यकताअनुसार राम्रो पूर्वाधारसहितको प्राविधिक शिक्षालय खोल्नु प्रभावकारी हुने बताउनुभयो ।

भक्तपुर नपाले सीटीईभीटीसँग हेल्थ एसिस्टेन्ट, रेडियोलोजिष्ट, फार्मेसीलगायतका विषयको कक्षा सञ्चालन गर्न स्वीकृति माग गरेको लामो समय भइसक्दा पनि अहिलेसम्म स्वीकृति प्राप्त नभएको बताउँदै उहाँले सक्षम कलेजहरूलाई कक्षा सञ्चालन गर्न सहज वातावरणको अवस्था सिर्जनामा सीटीईभीटीले आवश्यक समन्वयकारी भूमिका खेल्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने अनुमति पाए धेरै सस्तोमा पढाउने योजना रहेको बताउँदै उहाँले ख्वप इन्जिनियरिङ कलेजले राम्रा र क्षमतावान इन्जिनियरहरू उत्पादन गरेजस्तै चिकित्सकहरू पनि उत्पादन गर्ने उद्देश्य नपाको रहेको बताउनुभयो ।

भक्तपुरका कलेजहरूले गुणस्तरीय शिक्षाको साथै देशको सार्वभौमिकता र स्वतन्त्रताबारे पनि जानकारी दिने प्रयास गरिरहेको बताउँदै उहाँले देशको सार्वभौमिकता र स्वतन्त्रतामा आँच पुग्ने काम कहींकसैबाट भए वागीश्वरीका शिक्षक र विद्यार्थीहरू जुनसुकै बेला त्यसको विरोधमा उत्रन तयारी अवस्था बस्नुपर्ने विचार राख्नुभयो ।

वाग्मती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईले वागीश्वरी मावि र कलेजले देश विकास, समाज उत्थान र समाजलाई सभ्य र सुसंस्कृत बनाउन यथोचित योगदान पुऱ्याइरहेको उल्लेख गर्दै सांस्कृतिक, शैक्षिक, साहित्य र प्रकाशनको क्षेत्रमा यस विद्यालयले महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभयो ।

मेहनती विद्यार्थी, शिक्षक र अभिभावकको संयुक्त प्रयासले वागीश्वरीले आजको उचाइ प्राप्त गरेको चर्चा गर्दै उहाँले शिक्षालय सामूहिक प्रतिस्पर्धा गर्ने थलो हो र देशको लागि आवश्यक उत्कृष्ट विद्यार्थी उत्पादनमा विद्यालयले जोड दिनुपर्ने बताउनुभयो ।

नेपालमा हजारौँको सङ्ख्यामा एनजीओ र आइएनजीओहरू सञ्चालनमा रहेको बताउँदै उहाँले नेपालको शिक्षा, धर्म र स्वास्थ्य क्षेत्रमा लगानीको नाममा ती संस्थाहरूबाट आर्थिक चलखेलहरू भइरहेको बताउनुभयो ।

शासकहरूलाई बुँख्याचा बनाउन एनजीओ र आइएनजीओहरू उद्दत रहेको बताउँदै उहाँले भारतीय एनजीओ आइएनजीओहरूले नेपालको सार्वभौमिकता र सम्प्रभुतामाथि हमला गर्ने प्रयास भइरहेको बताउनुभयो ।

# शासकहरूको अकर्मण्यताले गरिब जनताको दुःख ज्यूँका त्यूँ

भक्तपुर । सहिद राजकुमार स्मृति पुस्तकालयको ३३ औं वार्षिकोत्सव, सहिद स्मृति सभा, सम्मान तथा सांस्कृतिक कार्यक्रम फागुन ८ गते साँझ सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले २००७, २०४६, २०६२/६३ मा भएको जनआन्दोलनमा कैयौँ सहिदहरूले सहादत प्राप्त गरे पनि सहिदहरूको सपना साकार हुन नसकेकोमा चिन्ता व्यक्त गर्नुभयो । सरकारमा गएका पार्टी र नेताहरूको अकर्मण्यताले गरिब जनताको दुःख ज्यूँका त्यूँका रहेको उहाँले जिकिर गर्नुभयो । कृषिप्रधान देश नेपालमा दाल, चामल र तरकारी भारतबाट आयात गरिरहनु परेको विचार व्यक्त गर्दै उहाँले देशको कृषि क्षेत्र सुधार गर्न सके खाद्य वस्तुमा आत्मनिर्भर हुने विश्वास गर्नुभयो ।

नेमकिपा नगर समिति भक्तपुरका नारायणबहादुर दुवालले ठुला पार्टीहरूले भारतीय एकाधिकार पुँजीको पक्षको वकालत गरिरहेको र कामदार जनताको सरकार नआएसम्म देशले दुःख भोग्नुपर्ने बताउनुभयो । जनताको हितमा काम गर्न नसक्नेहरूको पतन अवश्यम्भावी रहेको धारणा पनि उहाँले राख्नुभयो । दत्तचित्त भएर जनताको हितमा काम गर्दै जानुपर्ने औचित्यतामाथि उहाँले प्रकाश पार्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले कम्युनिस्ट विचार र सिद्धान्तअनुसार नै नेमकिपाले काम गरिरहेको र नयाँ पुस्तालाई अग्रसर गरी देशको हितमा लाग्ने काम सरकारले गर्दै जानुपर्ने विचार राख्नुभयो ।




कार्यक्रममा युवा कवि दामोदर सुवालले विद्यार्थी जीवनमा पुस्तकालयमा गई अध्ययन गरेर नयाँ कुराहरूको अध्ययन गर्ने बानीबाटै कविता लेख्ने प्रेरणा मिलेको जानकारी गराउनुभयो । भावी पुस्तालाई पनि अध्ययनमा रुची राखी अध्ययन गर्ने बानी बसाल्न सके जीवन सफल हुने धारणा पनि उहाँले राख्नुभयो ।

भक्तपुर नगरपालिका स्वास्थ्य समिति संयोजक डा. रत्नसुन्दर लासिवाले विश्वमा नयाँ नयाँ रोगहरू आइरहेको र यसको मुख्य कारण हिजोआजको खानपान भइरहेको परिवर्तनले हो भन्नुभयो । समयमै रोगको निदानको लागि प्रयास गरेमा सम्भावित समस्याको समयमै निराकरण हुने कुरामा चनाखो हुनुपर्ने विचार उहाँले राख्नुभयो । ख्वप अस्पतालमा विभिन्न विशेषज्ञ सेवाहरू दिइरहेको र थप्ने क्रममा रहेको जानकारी पनि उहाँले राख्नुभयो ।

सहिद राजकुमार सुवालकी सुपुत्री एवं नर्स रचना सुवालले सरकारमा धेरै पार्टीहरू भए तापनि सहिदप्रतिको सम्मान सही अर्थमा हुन नसकेको विचार राख्नुभयो ।

पुस्तकालयका अध्यक्ष कृष्णप्रसाद सुवालले जनतालाई राणा शासनकालमा साक्षर बनाउन खोज्दा जनअपराध र कैद गर्ने गरेको धारणा राख्दै विचारलाई कुण्ठित बनाउन नहुने आवश्यकताबारे प्रकाश पार्नुभयो ।

प्रतिवेदनसहित वार्षिक कार्ययोजना प्रस्तुत गरिएको उक्त कार्यक्रममा पुस्तकालयका कार्य समिति सचिव रामप्रसाद कोजुले स्वागत, सदस्य शिवकृष्ण कोजुले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रमबाट जनपक्षीय सहित्यकार युवा कवि दामोदर सुवाललाई अतिथि प्रेम सुवालले दोसल्ला एवं सम्मानपत्रका साथ सम्मान गर्नुभएको थियो । पुस्तकालयका रविना सुवालले पनि बोल्नुभएको थियो । समारोहमा सांस्कृतिक कार्यक्रमहरू पनि देखाइएको थियो ।

# औषधि उपलब्ध नगराउने स्वास्थ्य मन्त्रालय र औषधि व्यवस्था विभागलाई जिम्मेवार बनाइनुपर्ने

काठमाडौँ । सङ्घीय संसद्, राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिको आयोजनामा 'नेपालमा क्यान्सर रोगको अवस्था र जनप्रतिनिधिको भूमिका' विषयक अन्तरक्रिया सङ्घीय संसद्को भवन नयाँ बानेश्वरको ल्होत्से हलमा शनिबार फागुन १२ गते भयो ।

कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तर्फबाट डा.उमावती थापाले क्यान्सरबाट नेपालमा प्रत्येक वर्ष २० हजार बिरामी पहिचान भएको र सन् २०२० मा क्यान्सरबाट १६,६२९ जनाको मृत्यु भएको उल्लेख गर्दै नेपालमा फोक्सो, पाठेघर, स्तन, पेट र आन्द्राको क्यान्सर बढी देखिएको र सुर्तीजन्य पदार्थ, मद्यपान, हेपाटाइटिस बी लगायतको कारण क्यान्सर रोग लाग्ने गरेको बताउनुभयो ।

उहाँले देशभरि क्यान्सर उपचारको रेडियसन मेसिन १३ वटामात्र भएको, तत्काल आवश्यक रेडियसन मेसिन ३० भएको, देशभरि जनशक्ति ४८ जना मात्र भएको, तत्काल १२० जना आवश्यक भएको तर स्वास्थ्य मन्त्रालयबाट परिपूर्ति गर्न नसकेको, अधिकांश क्यान्सर बिरामीहरू तेस्रो र चौथो चरणमा मात्र अस्पताल आउने गरेको, पहिलो र दोस्रो चरणका ८० प्रतिशत, तेस्रो चरणका ३० प्रतिशत र चौथो चरणका ५ प्रतिशतमात्र क्यान्सर रोगी निको भएको उल्लेख गर्नुभयो ।

बीपी कोइराला क्यान्सर अस्पताल, भरतपुरका डा.शिवजी पौडेलले विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कअनुसार एसिया महादेशमा क्यान्सर बिरामीको पहिचान र मृत्यु सङ्ख्या दुवै बढेको बताउनुभयो ।

उहाँले प्रति १० लाख जनसङ्ख्याको लागि १ वटा क्यान्सर रोग उपचार गर्ने लि न्याक मेसिन हुनुपर्नेमा हाल ३ कर ोड जनताको लागि देशमा ३ करोड जनताको लागि ११ वटामात्र उपलब्ध भएको उल्लेख गर्नुभयो ।

मेडिकल अन्कोलोजिस्ट प्रा.डा. विष्णुदत्त पौडेलले नेपालको कुल मृत्युमध्ये १० प्रतिशत क्यान्सरबाट भइरहेको उल्लेख गर्दै क्यान्सर रोगी र परिवारको जीवन सुधार ल्याउने प्यालिएटिभको आवश्यकताबारे चर्चा गर्नुभयो । उहाँले क्यान्सर उपचारको दुखाइ कम गर्ने मर्फिन सन् २००० मा संरा अमेरिकामा ४५.०८२२ एमजी, भारतमा ०.०७६९ एमजी र नेपालमा ०.००१० एमजी उपलब्ध भएको बताउनुभयो ।

उहाँले नेपालमा सुर्तीजन्य पदार्थबाट वार्षिक ३५,५२९ को मृत्यु भइरहेको हुँदा सुर्तीजन्य उत्पादनमा कर बढाइए मृत्यु घट्ने उल्लेख गर्नुभयो ।

हर्ट इन्टरनेसन, नेपालका डा. सुशील बरालले नेपालमा सन् १९९० मा क्यान्सरबाट मर्नेको सङ्ख्या छैटौँ स्थानमा परेको तर सन् २०१९ सम्म पुग्दा दोस्रो स्थानमा परेको उल्लेख गर्दै काठमाडौँ उपत्यकाको वायु प्रदूषणको कारण यहाँका मानिसमा क्यान्सर रोग बढेकोतर्फ सचेत गराउनुभयो ।

काठमाडौँ विश्वविद्यालयका बायोटेक्नोलोजी विभागका प्रा.डा. भूपालगोविन्द श्रेष्ठले क्यान्सर रोगको उपचारमा जडीबुटीबारे चर्चा गर्दै राष्ट्रिय औषधिजन्य बिरुवा अनुसन्धान केन्द्र स्थापना हुनुपर्नेमा जोड दिनुभयो ।

काठमाडौँ क्यान्सर अस्पताल ताथलीका कार्यक्रम संयोजक डा. किशोरकुमार प्रधानाङ्गले क्यान्सर रोगबारे राष्ट्रिय नीति नभएको जनताको विषय भएको उल्लेख गर्दै नेपालमा फोक्सो पछि मुखको क्यान्सर बढी भएको बताउनुभयो ।

उहाँले नेपालीको स्वास्थ्यमा भन्दा रक्सी चुरोटमा बढी खर्च भएको बताउनुभयो ।

कार्यक्रममा क्यान्सर उपचारसँग सम्बन्धित केही निजी अस्पताल र संस्थाको प्रस्तुति राखिएको तर सरकारकै भक्तपुर क्यान्सर अस्पतालको प्रस्तुति छुटाएकोमा कानेखुसी पनि भएको थियो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले स्वास्थ्य करको अर्बौं रुपैयाँको सरकारी कोष सम्बन्धित क्यान्सर उपचार अस्पताललाई निकासा गराउन प्रतिनिधिसभाको ध्यान जानुपर्ने, औषधि उपलब्ध नहुँदा क्यान्सर बिरामीको मृत्यु बढेको, यसमा स्वास्थ्य मन्त्रालय र औषधि व्यवस्था विभागलाई जिम्मेवार बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भारतीय औषधि पाउन नेपालीलाई भारतीय नागरिक हुनुपर्ने, शासक दलका नेताहरू राज्यकोषबाट खर्च गराई क्यान्सरलगायत रोगको निको भएको, गम्भीर रोगबाट नेपालीको मृत्यु बढिरहे पनि पूर्वप्रम देउवा र ओली तथा वर्तमान प्रम दाहालको ध्यान नगएको बताउनुभयो । उहाँले काठमाडौँ उपत्यकाको प्रदूषणको कारण यहाँका बासिन्दालाई फोक्सोलगायत क्यान्सर हुनेबारे सूचित गराउन ढिलो गर्न नहुने, अस्पतालहरू मन्त्रीकै आ-आफ्ना मान्छेको जिम्मामा होइन स्थानीय सरकारको जिम्मामा चलाउनुपर्ने, जनशक्ति उत्पादन गर्न मेडिकल कलेजहरूलाई जिम्मा दिनुपर्ने बताउनुभयो । उहाँले जिल्ला जिल्लामा रोग पहिचान गराउन स्थानीय तहको सिफारिसमा सोही स्थानमा काम गराउने गरी एमबीबीएस र एमडीमा स्थानीय विद्यार्थीलाई पठाउनुपर्ने, जिल्ला जिल्लामा खेलकुद भवन र व्यायामशाला निर्माण गर्नुपर्ने, विज्ञबाट देखाइएका समस्या समाधान गर्न स्वास्थ्य सचिवबाट टिप्पणी तयार भई स्वास्थ्यमन्त्री र प्रम हुँदै संसद्बाट समेत पारित गर्नुपर्ने उल्लेख गर्नुभयो ।

सभामुख देवराज घिमिरले विज्ञको सुझावअनुसार क्यान्सर रोग नियन्त्रण र उपचारमा प्रतिनिधिसभाको सहयोग हुने उल्लेख गर्नुभयो ।

क्यान्सर रोगसँग लडेका समितिका सभापति दिलकुमारी रावल थापाको सभापतित्वमा भएको कार्यक्रममा क्यान्सर रोग लागेका बिरामीका परिवारको अनुभव सुदर्शन पौडेल र ढकराज कोइरालाले चर्चा गर्नुभएको थियो ।

# जाजरकोटको बारेकोटमा नेमकिपा स्थापनाको सैद्धान्तिक आधारबारे छलफल

जाजरकोट । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवस (माघ १०) को अवसरमा नेपाल क्रान्तिकारी युवा सङ्घद्वारा जाजरकोटको बारेकोटमा भेटघाट तथा नेमकिपा स्थापनाको सैद्धान्तिक आधार र देशको समसामयिक राजनीतिक विषयमा छलफल भयो ।

उक्त भेटघाटमा नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापाले सरकारमा जाने एमाले, एमाओवादीलगायतका पार्टीहरू व्यवहारतः कम्युनिस्ट नभएको बताउँदै भ्रष्टाचार गर्ने, तस्करहरूको संरक्षण गर्ने र सरकारमा सहभागी भएर भागबन्डा गर्नेहरू दोषी रहेको बताउनुभयो ।

भेलाबाट रमेश खत्रीको संयोजकत्वमा ५ सदस्यीय नेक्रायुसङ्घ जाजरकोट सम्पर्क समिति गठन भयो ।

# जेल बाहिर, जेल भित्र



✍ रामप्रसाद प्रजापति



## प्यारोल सुविधा अर्थात् जेल बाहिरको जेल

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले व्यवस्था गरेको प्यारोल सुविधाअन्तर्गत असल चालचलन भएका कैदीहरूलाई जेल बाहिरै बस्ने पाउने कानुनी व्यवस्था गत असोज १७ गते मन्त्रीपरिषद्को बैठकले फौजदारी कसुर ऐन, २०७४ लागु भएको पाँच वर्षपछि कार्यान्वयन गर्ने निर्णय गरेपछि बल्ल लागु भएको छ ।

असल चालचलन भएका र दुई तिहाइ सजाय भोगिसकेका कैदीहरूलाई जेलबाहिरै बसेर बाँकी जेल जीवन बिताउन सक्ने सुविधा दिने प्रोवेशन तथा प्यारोल ( असल चालचलन भएका कैदीलाई दिने सुविधा) कानुन बनेको पाँच वर्षपछि लागु भएको हो । यो मापदण्ड फौजदारी कसुर (सजाय तथा कार्यान्वयन) ऐन, २०७४ ले व्यवस्था गरेको र २०७५ कार्तिक १ गतेदेखि नै लागु हुने भनिएको थियो ।

पछिल्लो समय नेपालका कारागारहरूमा क्षमताभन्दा ४ गुणा बढी कैदी बन्दीहरू रहेको र कारागार व्यवस्थापनका लागि पनि उक्त कानुनी व्यवस्थाबमोजिम सुविधा दिन सकिने देखिएकोले सुरुमा गत २०८० पुस २५ गते महान्यायाधिवक्ता दिनमणि पोखरेलको अध्यक्षतामा बसेको “प्यारोल बोर्ड” को बैठकले पहिलो चरणमा १४३ जना कैदीलाई यो सुविधा प्रदान गर्न सिफारिस गरेको छ ।

दुईतिहाइ कैद सजाय भुक्तानी गरिसकेका, असल आचरण देखाएका व्यक्तिलाई समाजमै बसेर सजाय गर्ने पद्धति प्यारोल हो । यसमा कैदीले पूर्ण स्वतन्त्रता भने पाउँदैनन् । उनीहरू प्यारोल अधिकृतको नियन्त्रण र नियमित निगरानीमा बस्नुपर्ने व्यवस्था छ । कैदीले सजाय काट्ने सुधारात्मक तथा समाजमै राखेर दण्ड भोगाउने आधुनिक पद्धति प्यारोल प्रणाली हो । यसलाई दण्ड सजाय सम्बन्धी सुधारात्मक व्यवस्था भनिएको छ ।

यस्तो सुविधा पहिलो पटक कसुर गरेका, कसुर गर्ने नियत नभई तत्काल आवेशमा आई गरेका, कसुर गर्नुअघिको चालचलन तथा आचरण असल भएका, कसुर गरेकोमा पश्चाताप भएका, समाजलाई कुनै किसिमको हानी नोक्सानी नगर्ने तथा भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिबद्धता गरेको कैदीहरूले मात्र यो सुविधा पाउँछन् ।

बलात्कार, भ्रष्टाचार, जन्मकैद, मानव बेचबिखन, तेजाब आक्रमण, क्रुर अमानवीय घटना, सङ्गठित अपराध, सम्पत्ति शुद्धिकरण, मानवताविरुद्धको अपराध र राज्यविरुद्धको कसुरमा मुछिएका कैदीहरूले यो सुविधा पाउँदैनन् ।

प्यारोल प्रणालीमा छोडिएका कैदीहरूले निश्चित मापदण्ड पूरा गर्नुपर्ने हुन्छ । जस्तै प्यारोल अधिकृतले खोजेको समयमा उपस्थित हुनुपर्ने, कसुरबाट पीडितप्रति नम्र व्यवहार गर्नुपर्ने, प्यारोल अधिकृतको नियमित रूपमा सम्पर्कमा रहनुपर्ने, आफू बसेको ठाउँबारे जानकारी गराउनुपर्ने, आफू बसेको ठाउँ परिवर्तन गरेमा प्यारोल अधिकृतलाई जानकारी दिनुपर्ने, जिल्ला बाहिर जान अनिवार्य अनुमति लिनुपर्ने, हातहतियार लिएर हिँड्न नपाउनेलगायतका मापदण्ड तोकिएको पाइन्छ । प्यारोलमा छाडिएका कैदीहरूले यस्ता मापदण्ड उल्लङ्घन गरेमा तिनीहरूलाई पुन: कैद गर्ने व्यवस्था रहेको छ ।

नेपालमा प्यारोल प्रणालीमा कैदी छोड्ने कानुनी व्यवस्थाको पहिलो पटक कार्यान्वयनमा आएको हो । कारागारमा क्षमताभन्दा बढी कैदी राखिएको र कानुनमा व्यवस्था भएको सेवा सुविधा मापदण्ड पूरा हुने कैदी/व्यक्तिले पाउनुपर्छ भनी प्यारोल प्रणाली लागु गरेको बताइन्छ ।

प्यारोल बोर्डले सिफारिस गरेका कैदीहरूको विवरण सम्बन्धित जिल्लामा पठाइन्छ । सम्बन्धित जिल्लाको जिल्ला अदालतको न्यायाधीशले निर्णय गरेसँगै सिफारिस गरिएका कैदीहरू सम्बन्धित जेलबाट छोड्ने काम हुन्छ ।

प्यारोलमा छोडिएका व्यक्तिहरूको निगरानी र अनुगमन सोही जिल्लाको कारागारले गर्दछ । सम्बन्धित जिल्लाको कारागार प्रमुखलाई प्यारोलको अधिकृत तोकिएको हुन्छ । प्यारोल अधिकृतले नै प्यारोलमा छोडिएका कैदीहरूको निगरानी र नियन्त्रण गर्ने गर्दछ ।

देशभरका ७७ जिल्लाहरूमध्ये भक्तपुर, धनुषा, बारा, पुर्वी नवलपरासी र पूर्वी रुकुममा गरी ५ जिल्लामा कारागार छैन । त्यसदेखि बाहेक नेपालका ७२ जिल्लामा ७४ वटा कारागार कार्यालयहरू छन् ।

तीमध्ये ३२ कारागारमा रहेका २१७ जना कैदीहरूको नाम पहिलो चरणमा प्यारोलमा छोड्ने सिफारिस गरेको हो । यो सुविधा पाउने कैदीहरूले परिवार र समाजसँगै बसेर सामान्य जीवनयापन गर्न पाउँछन् । तर, पूर्ण स्वतन्त्र भने हुँदैन ।

ऐनको दफा २९ बमोजिम एक वर्षभन्दा बढी कैद सजाय पाएका, सजाय पाएको कैदमध्ये दुईतिहाइ कैद जीवन बिताइसकेका र राम्रो आचरण भएका कैदीहरूले मात्र यो सुविधा पाउने मापदण्ड रहेको छ । जसअनुसार पहिलो पटक सिफारिस गरिएका व्यक्तिहरूमा लागुऔषध, सवारी ज्यान, चोरी, वैदेसिक रोजगारसम्बन्धी कसुरमा सजाय भोगिरहेका कैदीहरू सिफारिसमा परेको बताइएको छ ।

प्यारोलसम्बन्धी व्यवस्था कार्यान्वयनमा आएपछि कारागारमा हुने कैदीको चाप घट्ने बताइन्छ । अहिले देशभरका कारागारमा क्षमताभन्दा दोब्बरदेखि चौब्बरसम्म कैदीहरू राखिएको बताइन्छ ।

कारागार व्यवस्थापन विभागको तथ्याङ्कअनुसार गत असोजसम्म १५ हजार ७८० कैदी तथा ११ हजार ८६९ थुनुवा जेलभित्र राखिएका छन् ।

## जेल भित्र नाइके चौकीदारहरूको असुली धन्दा

कारागारभित्र नाइके र चौकीदारहरूको बढ्दो प्रभाव समय समयमा सार्वजनिक हुने गरेकै हो । नेपाल प्रहरीमा जस्तै नेपालको कारागार व्यवस्थापनभित्र रहेका बेतिथी, अनियमितताहरूलाई पनि नेपालमा ओपन सेक्रेट भनेमा फरक पर्दैन ।

कैदीबन्दीहरूबाट उठाएका पैसा कति प्रतिशत कसको भागमा जान्छ भन्ने कुरा सर्वसाधारणलाई जानकारी नहुन सक्छ तर मिलाएर खान्छन् भन्ने कुरा सबैलाई थाहा छ । यसको हिसाब किताब कारागार व्यवस्थापन विभागदेखि गृह मन्त्रालयसम्म पुग्ने गरेको भद्र बन्दी गृह, काठमाडौँमा ८ वर्ष जेल जीवन बिताएका पुस्कर गौतमले बताएका छन् ।

सामान्यतया सुरुमा जेलभित्र सार्वजनिक भान्सामा खाना खानुपर्छ । तर हुनेखाने र पहुँचवालाहरूका लागि भने होइन । त्यसपछि आफ्नै बन्दोबस्तमा खाना पकाएर खान मिल्छ । यसरी निजी भान्सामा खानेका लागि महिनाको २१ किलो चामल र २४ सय नगद आउँछ । सार्वजनिक भान्सामा नाइके र चौकीदारहरूले कमाउने स्रोत यो पनि हो । भद्र जेलभित्र ११ सय कैदीमध्ये करिब ३०० जनाले आफै खाना बनाएर खान्छन् । उनीहरूले सरकारी चामल बापत ४०० रुपैयाँ नगद दिन्छन् तर त्यही चामल नाइके चौकीदारहरूले बाहिर १ हजार २ सय रुपैयाँमा बिक्री गर्छन् ।

त्यस्तै केन्द्रीय कारागारअन्तर्गत जगन्नाथदेवलभित्र ३ हजार पाँच सय कैदीबन्दीहरू बस्छन् । एक कप चिया मात्र खाए पनि नाइके चौकीदारहरूले महिनाको लाखौं कमाउँछन् । उनीहरूले जेलभित्र जिम, कपडा पसल, होटल चलाएका हुन्छन् ।

बन्दीगृहमा प्रहरीले खाजा खाएको बिल चौकीदारले नै तिर्छन् । कैदीबन्दीबाट उठाएको पैसा कति कहाँ जान्छन् सर्वसाधारणलाई थाहा हुँदैन । तर यसको हिसाबकिताब कारागार व्यवस्थापन विभागदेखि गृहमन्त्रालयसम्म पुगेको सहजै अनुमान गर्न सकिन्छ । नत्र नाइके चौकीदारहरूले मात्र चाहेर जेलभित्र कैदीबन्दीहरूलाई यातना दिने, मिटरव्याज चलाउने र भान्सादेखि जिम हल, खेलकुद, होटललगायत विभिन्न थरीका व्यापार व्यवसायबाट पैसा असुली गर्न के सक्थे र ? आफू बसेको बेला भद्र बन्दीगृहमा नाइके चौकीदारहरूले सामान्यतया महिनाको २०/३० लाख रुपैयाँ कमाउने गरेको गौतमले बताएका छन् ।

त्यसैले नाइके चौकीदार नियुक्त गर्दा उनीहरूले न्यूनतम १०/१५ लाख बुझाएको हुने बताउँछन् । जेलभित्र नाइके चौकीदार ४/५ किसिमका हुन्छन् । एक थरी राजनीतिक शक्ति भएको, दोस्रो बिचौलिया (दलाल) हुन्छन् र तेस्रो गुण्डा नाइकेहरू । नाइके चौकीदार हुन आवश्यक योग्यता हाँत्तीको देखाउने दाँत मात्र हुने गर्छन् । जेलर, विभागका निर्देशक, सिडियोहरू औपचारिकता पूरा गर्न मात्रै उनीहरूको योग्यता देखाउँछन् ।

कैदीबन्दीहरूबाटै असल चालचलन भएका कैंलाई कारागारको आन्तरिक प्रशासनमा चौकीदार, नाइके र सहनाइके नियुक्ति गर्ने कानुनी व्यवस्या छ । आन्तरिक प्रशासक (जेलर) ले पठाएको विवरणअनुसार कारागार व्यवस्थापन विभागले नाइके चौकीदार नियुक्ति गर्छ । कारागार ऐन २०७९ तथा नियमावलीले चौकीदार र नाइकेहरूको अवधि एक वर्ष तोकेको छ । तर पटक पटक एउटै व्यक्ति नाइके र चौकीदार हुने गर्छन् ।

कारागार ऐन, २०७९ र नियमावलीले जिउ मास्के बेच्ने, जबरजस्ती करणी, जेलबाट भाग्ने, भन्सार चोरी निकासी, लागुऔषध कारोबार, भ्रष्टाचार, जासुसी, वन्यजन्तु संरक्षण, पुरातात्त्विक वस्तुलगायतका मुद्दासँग सम्बन्धित कैदीलाई चौकीदार नाइके नियुक्तिमा रोक लगाएको पाइन्छ । तर, केन्द्रीय कारागारमा यी नै मुद्दाका कैदीहरू नै चौकीदार नाइके र सहनाइके छन् ।

भद्र बन्दीगृहमा बुद्धिकुमार गुरुङ ( लागुऔषध), महिला बन्दीगृहमा कल्पना लिम्बु - जिउ मास्ने बेच्ने), केन्द्रीय बन्दीगृहमा प्रभाकर नरसिंह (कर्तव्य ज्यान) मुद्दाका दोषीहरू नै चौकीदार छन् । विगत १० वर्षका चौकीदारहरू लागु औषध र जिउ मास्ने/बेच्ने मुद्दाका दोषीहरू भएको कारागार प्रशासनले जानकारी दिएको उकालो मिडियाले समाचारमा उल्लेख गरेको छ ।

कारागार व्यवस्थापन ऐन, २०५४ को दफा ५४ र नियमावलीको नियम २४ ले नाइके चौकीदार नियुक्तिको व्यवस्था गरेको पाइन्छ भने दफा २५ ले उनीहरूले पाउने सुविधाका बारेमा उल्लेख छ ।

प्रत्येक कारागारमा महिला तथा पुरुष कैदीबन्दीहरूका लागि एक/एक जना चौकीदार हुन्छन् । २५ भन्दा बढी कैदी बराबर एक नाइके र १० कैदी बराबर एक सहनाइके हुन्छन् । उनीहरूले सरकारी कोषबाटै चौकीदारले प्रतिदिन ७५ पैसा, नाइकेले ६० पैसा र सहनाइकेले ४५ पैसा पाउने व्यवस्था छ ।

कारागारभित्र इमानदारी प्रदर्शन गरे नाइके र चौकीदारलाई कैद सजाय छुटको समेत सुविधा छ । चौकीदारलाई एक वर्षको दुई महिना, नाइकेलाई वर्षको डेढ महिना र सहनाइकेलाई वर्षको एक महिनाको दरले कैद कट्टी हुने सुविधा कारागार ऐनले दिएको छ ।

भद्र बन्दीगृहमा ३४ वटा फोन सञ्चालनमा छन् । एक दिनको रिचार्ज खर्च ५१० रुपैयाँ लाग्छ । तर, कैदी बन्दीले आफन्तलाई फोन गरेबापत प्रतिमिनेट २ रुपैयाँ तिर्नुपर्छ । एक वर्ष अघिसम्म प्रतिमिनेट ४ रुपैयाँ लिन्थे ।

३४ वटा फोन प्रयोग गर्दा एक घण्टामा ४ हजार रुपैयाँभन्दा बढी पैसा उठ्छ । प्रत्येक दिन १० घण्टा फोन चल्ने गर्छ । यस हिसाबले महिनाको ३२ लाखभन्दा बढी, वर्षको १ करोड ३२ लाखभन्दा बढी पैसा टेलिफोनबाट मात्रै कमाउँछन् । यसको हिसाब चौकीदार र नाइकेले कतै देखाउनुपर्दैन ।

बन्दीगृहमा कुरा गर्न पालो कुर्दा कुर्दै कहिलेकाहीँ दुई दिनपछि मात्र टेलिफोन गर्ने पालो आउने कैदीबन्दीहरू बताउँछन् । केन्द्रीय कारागार जहाँ ३३ सय बढी कैदीबन्दीहरू छन्, त्यहाँ यो हिसाबले वर्षको ३ करोड ६१ लाखभन्दा बढी रुपैयाँ टेलिफोनबाट मात्रै उठ्ने बताउँछन् । केन्द्रीय कारागार जगनाथदेवलमा ९३ वटा फोन छन् ।

केन्द्रीय कारागारअन्तर्गतका भद्र, केन्द्रीय र महिला बन्दीगृहका साथै सुनसरीको झुम्का, पर्साको वीरगन्ज, मकवानपुरको भीमफेदी, काठमाडौँको डिल्लीबजार, ललितपुरको नख्खु, कास्कीको पोखरा, कैलालीको धनगढी, बाँकेको नेपालगन्ज र सिरहा कारागार पनि चौकीदार र नाइकेहरूको कमाइको आकर्षक अखडा मानिन्छ ।

अपराध गरेर सजाय भुक्तान गर्न जेल जानेहरूमध्ये त्यस्ता मान्छेहरूले जेलभित्र अवैध आर्जन गर्ने थलो बताउँछन् । खाना खाने मेस, सरकारी बिजुली बत्ती, खानेपानी, टेलिफोन, जेलभित्र हुने विभिन्न गतिविधि, व्यापार व्यवसाय तथा कैदी बन्दीलाई कानुनबमोजिम सजाय छुटका लागि हुने मोलमोलाइमा चौकीदार नाइकेहरूले माटो रकम कमाउने गरेको बताउँछन् । त्यसैले त चौकीदार नाइकेहरूको बचाउमा राजनीतिक दलका नेताहरू समेत लाग्ने गरेको देखिन्छ ।

*२०८० फागुण १३*

---

# सल्यानमा नेक्रायुसङ्घ गठन

सल्यान । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवस (माघ १०) को अवसरमा नेपाल क्रान्तिकारी युवा सङ्घद्वारा सल्यानको कुपिन्डेदह नगरपालिकामा भेटघाट तथा नेमकिपा स्थापना, नेमकिपा र अन्य शासक पार्टीहरूबिचको भिन्नताबारे छलफल भयो ।

उक्त भेटघाटमा नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापाले संविधानमा समाजवादउन्मुख लेखिएको भए पनि शासक पार्टीहरूले संविधानको कार्यान्वयन नगरेको बताउनुभयो ।

यदि समाजवादको लक्ष्यअनुसार कार्यान्वयन गरेको भए शिक्षा र स्वास्थ्य नि:शुल्क हुने र देशभित्रै रोजगारीको सुनिश्चितता हुने थियो, ८० लाख युवाहरू सस्तो ज्यामीको रूपमा खाडी मुलुकमा जान बाध्य हुनुपर्ने थिएन भन्नुभयो । उहाँले भागबन्डा गरी खाने, विदेशीहरूको गुलामी गर्ने, असमान सन्धि सम्झौता गर्ने शासकहरू गरिब काम गरिखाने वर्गको शत्रु भएकाले गरिब मजदुर किसानहरूको हितको लागि वैज्ञानिक समाजवाद स्थापनाको लागि कामदार जनता सचेत र सङ्गठित हुन आवश्यक छ भन्नुभयो ।

उक्त भेलाबाट प्रकाश नगालको संयोजकत्वमा ७ सदस्यीय नेपाल क्रान्तिकारी युवा सङ्घ सल्यान जिल्ला सम्पर्क समिति गठन भएको छ ।

# कीर्तिपुरमा ‘श्रमिक’ पत्रिकाको अन्तरक्रिया

कीर्तिपुर । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा बुधबार ‘श्रमिक’ साप्ताहिक र ‘मजदुर’ दैनिक पत्रिकाको अन्तरक्रिया कार्यक्रम कीर्तिपुरमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले विचारप्रधान ‘श्रमिक’ पत्रिकामा प्रकाशित समाचार र आलेखहरूबारे अन्तरक्रियात्मकरूपले अध्ययन गर्नुपर्ने बताउनुभयो ।
उहाँले पत्रिकाको कमजोरी पक्षलाई पनि उजागर गर्नुपर्छ भन्नुभयो ।

‘श्रमिक’ पत्रिकामा प्रकाशित समाचार र लेखहरूबाट जनतामा चेतना स्तर वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेको उहाँले बताउनुभयो ।

नेमकिपा कीर्तिपुर नगर समितिका हरिकुमार महर्जनले पत्रिका पनि वर्गीय हुने भएकोले नेमकिपाको समाजवादी विचार र गतिविधि अन्य पत्रिकामा प्रकाशित नभएकोमा आश्चर्य हुन नपर्ने बताउनुभयो ।

अविरमान महर्जनले देशमा भइरहेको भ्रष्टाचारलाई मलजल र प्रोत्साहन गर्ने काम मन्त्रीले नै गरिरहेकाले जनता सचेत भई त्यस्ता गतिविधिविरुद्ध लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति वासुमान महर्जनले पार्टीका कार्यकर्ताहरू पत्रिका अध्ययन गर्दै प्रस्तुति शैलीको पनि विकास गर्नुपर्ने बताउनुभयो ।

# सहिदहरूको स्मरणमा प्रवचन

भक्तपुर । भक्तपुर नगरपालिका वडा नं. ७ को वडा कार्यालय र सहिद स्मृति पुस्तकालय गोल्मढीको आयोजनामा सहिदहरूको स्मरणमा फागुन ८ गते प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले शान्तिपूर्ण प्रदर्शनमा गोली चलाएर पञ्चायती सरकारले नृशंस दमन गरी नेमकिपालाई खतम गर्ने चाल चालेको बताउनुभयो ।

सहिदहरूको बलिदानबाट सरकारमा गएका ठुला र शासक दलका नेताहरूले गणतन्त्र स्थापनापछि पनि बहुमत जनताको पक्षमा काम नगरेको उल्लेख गर्दै उहाँले पुँजीवादी व्यवस्था अन्त्य गरी जनताको प्रजातन्त्र हुँदै समाजवादी व्यवस्था स्थापना गर्न सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

साबिक वडा नं. ६ का पूर्ववडाध्यक्ष कृष्णगोविन्द खाइजुले नेमकिपाले पञ्चायती व्यवस्थाविरुद्ध कानुनी र गैरकानुनी सङ्घर्ष गर्दै आएको उल्लेख गर्दै नेपालको शासन विदेशी शक्ति राष्ट्रहरूको चाहनाअनुसार चलेको कारण जनताले दु:ख पाइरहेको बताउनुभयो ।

भनपा वडा नं. ७ का वडा सदस्य हेरा ख्याजुले सहिदहरूको बलिदानबाट प्राप्त प्रजातन्त्रमा सहिदका परिवारको कष्टपूर्ण जीवनप्रति वास्ता नगरी शासक दलहरूले ऐय्यासी जीवन बिताइरहेको बताउनुभयो ।

सहिद स्मृति पुस्तकालयका अध्यक्ष नारायणप्रसाद मचामसी, बद्रीराम छुस्याबाग र रत्नवीर किसीले सहिदहरूको योगदान र घाइते योद्धाहरूको स्थितिबारे जानकारी दिनुभयो ।

# सिम्का ल्याब्रोटोरिजमा लगाएको ताला खोली मजदुरहरूको रोजीरोटी व्यवस्था गर्न जोड

भक्तपुर । नेपाल क्रान्तिकारी मजदुर सङ्घ जिल्ला समिति भक्तपुरले भक्तपुर नगरपालिका वडा नं. १ इतापाकोस्थित सिम्का ल्याब्रोटोरिज प्रालिको व्यवस्थापन पक्षले गरेको तालाबन्दी खोली मजदुरहरूको रोजीरोटीको व्यवस्था गर्न माग गर्दै शुक्रबार एक प्रेस विज्ञप्ति प्रकाशित गरेको छ ।

मजदुरहरूको आन्दोलनप्रति ऐक्यबद्धता जनाई प्रकाशित विज्ञप्तिमा भनिएको छ - भक्तपुर नगरपालिका वडा नं. १, इतापाकोस्थित सिम्का ल्याब्रोटोरिज प्रा.लि. को व्यवस्थापनका तर्फबाट एकतर्फीरूपमा गरिएको तालाबन्दीका कारण उक्त कारखानामा कार्यरत मजदुरहरूको दैनिक रोजीरोटीमा बाधा परेको छ । सिम्का कम्पनीको यो तालाबन्दी श्रम ऐन र नियमविपरीत भएको हुनाले सरकारको सम्बन्धित निकायले तालाबन्दी खोल्न लगाई कम्पनी यथावत सञ्चालन गराउनु आवश्यक छ ।

कार्यरत मजदुरहरूले कारखाना पुन: सञ्चालनको माग राखी फागुन १ गतेदेखि कारखाना अगाडि धर्ना बस्दै छन् । नेपाल क्रान्तिकारी मजदुर सङ्घले सिम्का कम्पनी अविलम्ब सञ्चालन गराउन सम्बन्धित पक्षको ध्यानाकर्षण गराएको छ ।


# जनताको साहित्यकार कसरी बन्ने ?

किसान-मजदुर र जनताको पक्ष लिएर लेख्नेलाई नै जनताका साहित्यकार र कलाकार भनिन्छ । जनताको पक्षमा कलम चोप्न सबभन्दा पहिले उसले जनताको मुख्य समस्या के हो भन्ने बुझ्नुपर्छ । अनि, उसले जनताका अरू समस्यालाई पनि छुट्ट्याउनुपर्छ । जनतासँग नमिलेका लेखक, कवि र कलाकारहरूले सजिलैसित ती समस्यालाई बुझ्न र छुट्ट्याउन सक्दैनन्, किनभने यस सामन्ती समाजमा पढे-लेखेका मानिस मात्रै धेरैजसो यस क्षेत्रमा उत्रन्छन् । तिनीहरू आर्थिक र सामाजिक रूपले अलि माथिल्ला वर्गका हुने भएकोले जनताको समस्या छिट्टै बुझ्न सक्दैनन् । यसकारण, जनताको समस्या बुझ्न जनतासँगै बस्नुपर्छ, जनतामाथि भित्रैदेखि भक्ति हुनुपर्छ । यहाँ भक्तिको अर्थ समर्थन र सेवा गर्ने भावना हो । जनतासँगै साहित्यकार लीन हुनुपर्छ । त्यसको अर्थ साहित्यकार आफै जनतामा मिसिनुपर्छ । जनतासँग मिसिनुको अर्थ दसैं-तिहारको उत्सवको हुलमा घुस्नु होइन । जनतासँग मिसिनुको अर्थ जनताको जीवनलाई जनताकै आँखाले हेर्नु हो । जनताको मर्मलाई बुझ्नु, जनताको दुःख-कष्टलाई आफ्नै जस्तो ठान्नु, अर्को भाषामा यसलाई जनताको दुःख-कष्ट र पीर मर्कालाई आत्मसात् गर्नु भन्दछन् । अनिमात्र लेखकले जनतालाई चिन्न सक्नेछ । जनतालाई साँचो मानेमा चिनेपछि जनताको समस्या पनि बुझ्नेछ । जनताबाट सिक्ने भनेको यही हो ।

जनतासँग यसरी एकाकार भैसकेपछि एक अर्थले भन्नुपर्छ कि बल्ल जनताको नजिक पुगियो ! अब साहित्यकार एउटा जन्जालमा फस्छ । उसले जनताको कुन पक्ष र समस्यालाई प्रमुखता दिएर लेख्ने भन्ने अर्को अप्ठ्यारो आइपर्छ । नत्र जङ्गलको अर्थ एक दुइटा रुखलाई मात्रै देख्नु जत्तिकै हुनेछ । तर, जनताको समस्यालाई सार रूपले बुझ्ने शक्ति पनि उसमा हुन्छ । जनताको समस्या सार रूपले त्यसले मात्रै बुझेको हुन्छ जसले सदा जनताकै मात्र चिन्तन गर्छ अथवा जनताको सेवामै लगातार लागिरहन्छ । देशमा दर्जनौं राजनैतिक कार्यकर्ता र सयौं मजदुर किसान कार्यकर्ताहरू त्यस काममा लागेका छन् । तिनीहरू घर-बार त्यागेर रातदिन त्यही चिन्तामा लागेका हुन्छन्; अनेक सङ्घर्षबाट तिनीहरूले शत्रु र मित्र चिनिसकेका हुन्छन् । जनताको अघिल्लो र पछिल्लो समस्यालाई पनि बुझिसकेका हुन्छन् । तिनीहरूको त्यो अनुभव एक निर्णयमा पुगेको हुन्छ । त्यो निर्णय चिन्तन गर्ने एक-दुईजना व्यक्तिको मात्रै ठम्याइ नभई सङ्घर्षमा लागेका सयौं हजारौं जनताको अनुभवको निचोड हुन्छ । यो त माहुरीहरू र त्यसको चाका जस्तै हो । सयौं माहुरीहरूले बटुलेको रसले मात्रै चाका र मह बनेको हुन्छ, एक दुईओटा माहुरीको मिहिनेतले होइन । त्यो निचोड किसान र मजदुर वर्गको पक्षमा बोल्ने क्रान्तिकारी राजनैतिक पार्टीको ठम्याइ र अनुभवको रूपमा अगाडि आउँछ । त्यो पार्टी वा शक्ति जनताको समस्या समाधान गर्ने मुख्य बाटोमा पुगेको हुन्छ । बस, त्यस पार्टी वा सङ्गठनले साहित्यकारको अल्झाइलाई फुकाइदिन्छ । अनि, साहित्यकारले बाटो पाउँछ । हुनसक्छ साहित्यकार नयाँ भएमा वा पुराना प्रभावहरू उसमा बाँकी भएमा फेरि फेरि बाटो बिराउन सक्छ । तर, पार्टीको नजिक भएमा उसले बाटो बिराउन पाउने छैन, जबसम्म पार्टी स्वयम्ले बाटो बिराउँदैन । यसरी पार्टीको निर्देशनमा लेखिएको साहित्य जनताको समस्यासँग धेरै नजिक पुग्छ वा पछि तारोमै पुग्छ । जनताको समस्यालाई लिएर लेखिएको कुरा जनताले मन पराउँछन् । जनताको पक्षमा लेख्नेलाई जनताले आफ्नै मान्छे ठान्दछन् । यसरी एउटा नयाँ साहित्यकार जनताको साहित्यकारको रूपमा फेरिन्छ ।

# के जनताको साहित्य 'प्रचार साहित्य' हो ?

✍ हरिबहादुर श्रेष्ठ




हो, 'जनताको साहित्य' जनताको 'प्रचार साहित्य' हो । जनताको साहित्य जनताको प्रचारका साधन हुन् । त्यस्तै, अरू सबै किसिमका साहित्य पनि प्रचारका साधन नै हुन् । कुनै पनि साहित्य कसैको 'दु-धन' (गुप्तधन) होइन । साहित्य प्रचारकै निम्ति लेखिएको हुन्छ । हरेक वर्गले साहित्यलाई आ-आफ्नो स्वार्थको ज्यावलको रूपमा उपयोग गर्दै आएका छन् ।

तर, केही मानिस साँचो कुरालाई लुकाउने असफल प्रयास गर्छन् । तिनीहरू आफ्नो वर्ग र पार्टीको प्रचारलाई ढाकछोप गर्न खोज्छन् । तिनीहरू आफ्नो साहित्यलाई वर्ग र राजनीतिबाट अलग्ग र 'चोखो' भनेर फलाको गर्छन् । जनताको साहित्य वा प्रगतिशील साहित्यलाई तिनीहरू 'राजनैतिक प्रचार' र 'पार्टी प्रोपगन्डा' (पार्टी प्रचार) भनेर गुहार माग्छन् । यो एक जालसाजी हो । यो एक बेइमानी हो ।

तर, हामी प्रस्ट भन्छौं कि साहित्य र कला जहिले पनि एउटा न एउटा वर्ग अथवा गुटको प्रचारका साधन भएरै आएका छन् । उदाहरणको निम्ति रामायण र महाभारत जस्ता काव्यहरूलाई नै लेऔं ! राजा हरिश्चन्द्र र नल दमयन्तीका कथाहरूलाई लेऔं ! ती सबै काव्य र कथाहरू दास-मालिक र सामन्त वर्गको अथवा एक एक गुटको पक्षमा लेखिएका प्रचार साहित्य हुन् । त्यस्तै, आज पनि लेखक, कवि र कलाकारहरूले सिधा या घुमाउरो रूपले कुनै न कुनै वर्ग या गुटको प्रचार गरिरहेकै छन् । जनताको साहित्य वा प्रगतिशील साहित्यलाई 'राजनैतिक प्रचारका साधन' भन्नेहरू स्वयम् कुनै न कुनै सामन्त वा पुँजीपतिवर्ग वा तिनीहरूको कुनै एउटा गुटको पक्षमा लागेकै हुन्छन् । सोझो हिसाबले सोधौं- नेपाली साहित्य एकेडमी (नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान) का सदस्यहरू र त्यससँग सम्बन्धित लेखक, कवि र कलाकारहरू के कसको पक्षमा लेख्ने गर्छन् ? प्रत्यक्ष वा अप्रत्यक्षरूपले तिनीहरू कुन वर्ग वा कुन गुटको पक्षमा कलम चोप्छन् ? यो कुरो दिउँसोको घाम जत्तिकै प्रस्ट छ कि तिनीहरूले सामन्त वर्ग र सामन्ती व्यवस्थाको पक्षमा नै लेख्छन् । त्यस्तै, अनेक गुरु-पुरोहित, पण्डित र प्राध्यापकहरूले आ-आफ्नो सामन्ती मालिक र गुटको गुणगान गर्छन् । तिनीहरू आफ्ना मालिकलाई हुने हमलालाई पहिले नै रोक्न जोर-जाम गर्छन् । पुँजीवादी लेखक, कवि र कलाकार एवम् प्राध्यापकहरू ती पुँजीपति वर्ग र पुँजीवादी व्यवस्थाको फाइदाको निम्ति आ-आफ्ना बुद्धि खियाउँछन् । 'गरुड पुराण' होस् कि 'शोषण पुराण' त्यसले दास मालिक र सामन्त वर्गकै फाइदा गर्छ । 'कृष्ण भगवान'को रासलीलाको बयान होस् वा छाडावाद त्यो शोषक वर्गकै साहित्य हो । त्यसले तिनीहरूकै प्रचार गर्छ । त्यस साहित्यले जनताको मनलाई बिटुल्याउँछ । जनताको मनलाई वर्गसङ्घर्षबाट पर धकेल्छ । त्यसले शोषक वर्गलाई फाइदा गर्छ । यसकारण, छाडावाद पनि शोषक वर्गको राजनैतिक प्रचार हो ।

तर, तिनीहरू फेरि जनताको साहित्य वा प्रगतिशील साहित्यलाई किन 'राजनैतिक प्रचार' र 'पार्टी प्रचार' भनेर गुनासो गर्छन् त ? पहिलो, तिनीहरू शोषक वर्गको पक्षमा लेख्छन् भन्ने कुरो जनताबाट लुकाउन चाहन्छन् । दोस्रो, जनताले पनि साहित्यलाई आफ्नो वर्गको हितमा उपयोग गरेको हेर्न तिनीहरू चाहँदैनन् । जनताले साहित्यलाई आफ्नो हितको निम्ति उपयोग गर्लान् भनेर तिनीहरू चौपट्टै तर्सन्छन् । यसकारण, तिनीहरू साहित्यलाई राजनीतिबाट अलग्ग भएको देखाउन चाहन्छन् । साहित्य राजनीतिको एक बलियो र प्रभावशाली हतियार हो भन्ने कुरा तिनीहरूलाई थाहा छ । जनता राजनीतिमा लागेको हेर्न भने तिनीहरू चाहँदैनन् । 'सः कुबिया लाय्कूया चिउताः' (मल बोक्नेलाई दरबारको चासो) भनेर जनतालाई राजनीतिबाट अलग्याउन खोज्छन् । छोटोमा, जनताले राजसत्ता कब्जा गर्लान् भनेर थर-थर काँप्छन् ।

यसबाट तिनीहरू आफै पनि शोषणलाई ठीक छ भनेर भन्ने ह्याउ गर्दैनन् भन्ने प्रस्टिन्छ । तिनीहरू शोषक वर्गको पक्ष लिएको देखाउने साहस गर्दैनन् । जनताले त्यसबाट के सिक्छन् ? जनताले तिनीहरूको इच्छाको उल्टो कुरो गर्न सिकेका छन् ! जनताले राजनीतिमा चाख लिनुपर्छ । शोषित वर्गले राजसत्ता कब्जा गर्ने काममा लाग्नुपर्छ । त्यसको निम्ति साहित्यलाई वर्गसङ्घर्ष र राजनीतिको हतियार बनाउनुपर्छ अथवा साहित्य मजदुर किसान र जनताको पक्षमा लेखिनुपर्छ । जनताको साहित्यले जनताको पक्ष लिने राजनैतिक पार्टी वा गुटको प्रचार गर्नुपर्छ र पक्ष लिनुपर्छ । साहित्यले बत्तीको काम गर्नुपर्छ । जनताले शत्रुहरूबाट यही कुरो सिक्छन् ।

हो, जनताको साहित्यले मजदुर र किसानहरूको एक साँचो क्रान्तिकारी पार्टीको प्रचार गर्ने उद्देश्य राख्छ । साहित्यले जनताको राजनीतिको सेवा गर्नुपर्छ । त्यही साहित्यमात्र आज असल र राम्रो साहित्य हो । अनि, जुन साहित्यले शोषित वर्ग या त्यसको राजनीतिको प्रत्यक्ष या अप्रत्यक्ष प्रचार गर्दैन र पक्ष लिँदैन, त्यो साहित्य साहित्य नै होइन । त्यो जनतालाई ठग्ने जालसाजी गरिएको कागतपत्र हो । त्यो साहित्य किसान र गरीब जनतालाई चुस्न शोषक र जमिनदारहरूले तयार पारेको जाली तमसुक हो । त्यसको निन्दा र विरोध गरिनुपर्छ । त्यस जाली र छलछामको कागतपत्रलाई जनताको अगाडि उदाङ्ग्याइ दिनुपर्छ ।

जनताको साहित्यलाई राजनीति र पार्टी 'प्रचार' भन्नेहरूसँग हामी प्रश्न गर्छौं- भलादमीहरू हो ! तपाईंहरूको प्रज्ञा प्रतिष्ठान ( साहित्य एकेडेमी), गोरखापत्र संस्थान, रेडियो नेपाल र अरू यस्तै खाले प्रचार र प्रकाशनका संस्थाहरूले कसको र कुन राजनीतिको प्रचार र प्रकाशन गर्ने गरेका छन् ? के तपाईंहरूका संस्थान र प्रतिष्ठानहरूले देश-विदेशका कुनै क्रान्तिकारी साहित्य छापेका छन् ? अथवा, के तपाईंहरू त्यसो गर्ने हुत्ति राख्नुहुन्छ ? के यो शोषक वर्गको पक्षको राजनीति होइन ? यसकारण, हामी भन्छौं- शोषित जनताको पक्षमा नलेखिएका सबै साहित्य जनताको निम्ति कागजका खोस्टा हुन् । तिनीहरू शोषक वर्गकै ऐस-आरामका वस्तु र जनतालाई छल्ने अनि ठग्ने जालसाजी हुन् । शोषक वर्गको प्रतिकृयावादी साहित्य जनता र क्रान्तिको निमित्त 'ढिलो विष' हो । एक 'अन्धो'ले पनि देख्नसक्ने कुरो हो कि दास-दासी, जग्गा-जमिन, सुन-चाँदी, असर्फी र अनेक वस्तुहरू दान-दक्षिणा, इनाम र बक्सिस पाएर सामन्ती लेखक र कविहरू, ऋषिमुनि वा गुरु-पुरोहितहरूले 'कृष्ण-लीला', 'चीर हरण', 'भीमको बल', 'अर्जुनको वीरता' र अनेक स्वर्ग-नर्कका जाली बखानहरू लेखेका हुन् । के यो 'नूनको सोझो' गरेका होइनन् ?

ठीकै छ, 'जसको सीता खान्छ, उसकै गीता गाउँछ ।' यसकारण, तिनीहरूलाई भाट कवि, भाट लेखक भन्ने चलन छ । तिनीहरू पढे-लेखेका बुद्धिजीवी कमारा र बाधाहरू हुन् । त्यस्ता पालिएका वा बन्धक राखिएका वा बेचिएका र किनिएका साहित्यकारहरूले जनताको साहित्यलाई 'राजनैतिक प्रचार' र 'पार्टी प्रचार' भन्नु 'चोरले चोर आयो' भन्नु जत्तिकै होइन र ? हामी भन्छौं, जनताको साहित्य वर्गीय र राजनैतिक प्रचार हो, जनताको साहित्य कामदार वर्ग र त्यसको पार्टी र गुटको प्रचार हो ।

के सबै किसिमका प्रचार जनताको साहित्य हो ? होइन, सबै किसिमका प्रचारहरू जनताका साहित्य होइनन् । तर, सबै साहित्य भने प्रचारका साधन हुन् । शोषक वर्ग सिनेमाका फोहोर तस्बिर र कुराहरूलाई पनि कला र साहित्य मान्छन् । स्टिलका भाँडाकुँडाको प्रचार गीत, आशा र गरुड चुरोटको विज्ञापन, देशी र विदेशी सामान एवम् औषधी बेच्नेहरूले ल्याउने छापा र तस्बिरहरूलाई पनि पुँजीवादीहरू अरू साहित्यलाई जस्तै महत्त्व दिन्छन् । किनभने, हरेक सामन्ती र पुँजीवादी साहित्यिक पत्रपत्रिकाहरू मालसामान र कम्पनीहरूको विज्ञापन तथा सूचनाहरूले भरिएका हुन्छन् । एक अर्थमा तिनीहरू त्यसलाई साहित्य मान्दछन् किनभने त्यो प्रचारभित्र नाफा र फाइदा लुकेकै हुन्छ । '.. राजा र रानीको तस्बिर छ', 'नारायणहिटी सुनको दरबार' आदि त्यस्तै नाफा र शुभलाभमा अडेको सामन्ती र पुँजीवादी साहित्यकै हाँगाबिँगा हुन् । तर, जनताको साहित्यले त्यसलाई साहित्य स्वीकार गर्दैन । ती सबै शोषक सामन्तहरूको प्रशंसा गर्ने र नाफा खाने साधन हुन् । ती सबै सिधा-साधा जनतालाई भाँड्ने र ठग्ने वस्तु हुन्, साहित्य होइनन् ।

## पचासौं वर्ष लड्छौं !

पचास वर्ष लडिसक्यौं पचासौं वर्ष लड्छौं
देश-जनता-क्रान्तिको सदा पक्ष लिन्छौं ।

अल्याख छौं मजदुर-किसान, एक भई उठ्छौं
अन्याय-शोषण-दमनविरुद्ध हरप्रहर भिड्छौं ।

शोषित-पीडित-अपहेलितको भरोसा हामी बन्छौं
हिमाल-पहाड-तराईमा क्रान्ति-चिराग बाल्छौं ।

सङ्कट पर्दा देशलाई अग्रपङ्क्तिमा लड्छौं
सदनदेखि सडकसम्म देशकै पहरेदारी गर्छौं ।

एक्लै होस् तर रातो झन्डा सगौरव फहराउँछौं ।
मार्क्स-लेनिन-माओको मुक्ति बाटो हिँड्छौं ।

पचास वर्ष लडिसक्यौं पचासौं वर्ष लड्छौं
देश-जनता-क्रान्तिको सदा पक्ष लिन्छौं ।

१० माघ २०८०

## एस. आर. का दुई गीत

*पच्चास वर्ष सङ्घर्षमा जुट्यौं गौरवसाथ*
*पच्चासौं वर्ष क्रान्तिपथमा हिँड्छौं साथ-साथ्*

*झुकेनौं कहिल्यै सामन्तसामु, झुक्दैनौं कदापि*
*लत्रेनौं विस्तारवादी सामु, लत्रन्नौं कदापि*

*शत्रु हुन् हाम्रा देशभित्र शोषक र सामन्त*
*जारी छ हाम्रो युगौंदेखिको वर्गीय भीडन्त*

*मजदुर किसान यो देशको क्रान्तिको मूल आधार*
*तोड्छौं अवश्य एकदिन उसको एकाधिकार*

*नेपाली क्रान्तिको आवाज हो जनताको प्रजातन्त्र*
*कामदार जनताको लक्ष्य हो समाजवादी गणतन्त्र ।*

*आऊ, एकजुट होऔं सारा श्रमिक नेपाली जन*
*अगाडि बढाऔं समाजवादी प्रचार अभियान ।*

*उठ, जाग सारा नेपाली एकजुट भई उठ*
*सर्वस्व हाम्रो हरण गर्ने जालो तोड्न उठ !!*
*उठ, जाग सारा नेपाली एकजुट भई उठ*
*निकाला देशबाट हामीलाई गर्ने जालो च्यात्न उठ !!*
*अबेर भो हेर, अबेर भो हर बखत चिनेर उठ*
*शत्रु को हो ? मित्र को ? जानेर-बुझेर बेलैमा उठ !!*
*अबेर भो हेर, अबेर भो हर बखत चिनेर उठ*
*एमसीसी नेपालीको काल हो, सङ्घर्ष गर्ने सयम यही हो उठ !!*
*संसारको मालिक बन्न एसिया कब्जा गर्ने*
*साम्राज्यवादी अमेरिकाको चाल बुझेर उठ !!*
*युक्रेनमा आगो लगाई युद्धको बिउ रोप्ने*
*विश्व इतिहासका पृष्ठ पल्टाई यही बेला उठ !!*
*इराक, लिबिया, अफगानिस्तानझैं ध्वस्त पार्ने*
*'एसियाली नाटो' विरोधीहरु उठ, एकजुट भई उठ*
*सिक्किम, फिजीलाई झैं काखमा राखी गल्ला रेट्ने*
*हेर्ने नचाहने उठ, नेपाली नै भई बाँच्न चाहने उठ !!*

# महाकाली सन्धिको कालो रूप

रवीन्द्र ज्याख्व

नेपालको पश्चिमी सिमाना महाकाली नदीको भ्रमण गर्दा प्रत्येक पल्ट फरकफरक परिदृश्य देखिन्छ। २०५३ सालमा देशघाती महाकाली सन्धिको विरोधमा राजधानीका सडकहरूमा आन्दोलन गर्दै गर्दाको देशभक्ति भावना सोही सालको माघ महिनामा महाकाली नदीमै पुगेर शारदा बाँध र टनकपुर बाँधको आफ्नै आँखाले प्रत्यक्ष हेर्दा आँसुसँगै आक्रोशको ज्वाला बनेर पोखिएको थियो। भारतीय विस्तारवादको छलकपट र तत्कालीन नेपाल सरकारमा रहेका दल तथा प्रमुख प्रतिपक्षको जनविरोधी एवं देश बेच्ने अपराधविरुद्ध कञ्चटको रौँ ठाडो भएका थिए।

त्यतिबेला शारदा बाँधको मध्यभागमा नेपाल र भारतको झन्डा क्रस गरेर राखिएको थियो। बाँधमा हिँड्डुल गर्न दिइएको भएर पनि निकै केरकार गर्दा हामीमा भारतीय पक्षसँग निकै रिस उठेको थियो। तर, टनकपुर बाँध भने पार गर्ने अनुमति पाइएको थिएन भारतीय पक्षबाट। नेपाली बगरमा बसेर पृष्ठभूमिमा महाकालीको पानी र टनकपुर बाँध आउने गरी साथीहरूले फोटो खिच्न खोज्दा क्यामेराको रिलसमेत खोसेको तीतो यथार्थ बोकेका थियौँ।


त्यसपछिका वर्षहरूमा जाँदा नेपालतिरको भूमि अतिक्रमण गर्दै भारतीय सशस्त्र बलको चेकपोस्ट नेपाली भूमिमा सर्दै आएको थियो। यसपटकको भ्रमणमा भारतीय अतिक्रमणको नाङ्गो रूप प्रस्टै देखियो। शारदा बाँधको १ किमिभन्दा वारि नेपाली भूमिमा भारतीय विशाल झन्डामात्र फहराइएको थिएन, सँगै 'भारतीय भूमिमा स्वागतम्' लेखिएको पक्की प्रवेशद्वारसमेत बनाइएको थियो। विश्वव्यापी फैलिएको कोरोना महामारीको समयमा भारतीय पक्षले नेपाली भूमि मिचेर प्रवेशद्वारको निर्माण र भारतीय विशाल झन्डा फहराइएको स्थानीयको भनाइ सुनियो।

भारतीय सशस्त्र सीमा प्रहरी बलको टुकडीले नेपालीहरूलाई नागरिकता प्रमाणपत्रबिना पारि जानसमेत दिएन। नेपाली दाजुभाइहरूलाई आफ्नै भूमिमा लाइन लगाएर भारतीय पक्षले शरीरमा छामछुम गर्‍यो। पारि बनवासा बजारबाट आएका नेपाली दाजुभाइहरूलाई त हैरान हुनेगरी चेकजाँचको नाममा मानसिक यातना दिएको देखियो। आयु सकिएको शारदा बाँधमा डोजरले भत्केबिग्रेको भाग निकाल्दै त्यसमा ढलान गर्दै गरेको देखियो। कसैलाई पनि बाँधमा जान दिइएको थिएन। पानी पूरै थुनेर भारततिर लगेकोले सुख्खा बगरको रूपमा रहेको महाकाली नदीबाट सबैजना वारपार गर्दै थिए। नेपालतिरका ढोकाहरू बन्द थिए। अलि अलि चुहिएको पानीमात्र नेपालतिर बगिरहेको थियो।

टनकपुरको पनि हाल उस्तै। बाँधले थुनेर सागर बनेको महाकालीको पानी सम्पूर्णरूपले भारततिर पठाइएको र नेपालमा एक थोपा पनि पानी नपठाएको देख्दा जोसुकैलाई भारतीय पक्षपातले पोल्नु स्वाभाविक हो। भारतीय बगर अत्यन्त फोहर र गन्हाउने, तर चहलपहल उतै थियो। नेपाली बगर भने सुख्खा खण्डहर। त्यहाँ पनि नेपाली भूमिमा भारतीय चेक पोस्ट थियो, चेकजाँच भारतीय पक्षबाटै भइरहेको थियो।

नेपाली बजार ब्रह्मदेवमाडौँमा सडकको एक खण्ड काटिएको र ढलनिकास समेत हटाइएको देखेपछि स्थानीय व्यापारीसँग 'किन यसो गरिएको?' भनी बुझ्दा उनको उत्तरले चकित बनायो। उनको उत्तर थियो, "नेपाल सरकारले सडक पीच गर्न खोज्दा भारतीय सेना आएर रोक्यो। ढल पनि खन्न दिएन।"

नेपाली बजारमा नेपाली लगानीमा सडक पीच गर्न र ढल खन्न पनि भारतीय पक्षले स्वीकृति नदिएको सुन्दा जोकोही देशभक्त नेपालीको मनमा भारतीय अत्याचारको विरोधी भावना उब्जिन्छ।




**महाकाली सन्धि हुनुअघि :**

**क) शारदा बाँध :**

सन् १८१६ मा नेपाल र तत्कालीन इस्ट इन्डिया कम्पनीबिच भएको सुगौली सन्धिमा नेपालको राजाले महाकाली नदीभन्दा पश्चिमको भूमिमाथि दाबी गर्न नपाइने कुरा उल्लेख छ। यसको अर्थ महाकाली नदी पूरै नेपालको हो र नदीपारि मात्र नेपालले भूमिमाथि दाबी गर्न नपाइने भनिएको हो। तर, चन्द्र शमशेरको पालामा सन् १९२० अक्टोबर २१ मा इस्ट इन्डिया कम्पनीले महाकालीमा शारदा बाँध बनाउँदा नेपाल सरकारले केही भन्न सकेन। उल्टै बाँधको कारण नेपाली भूमि २८९८ एकड (२३ हजार ५३ रोपनी जग्गा) डुबानमा पर्‍यो। त्यसबापत कम्पनी सरकारले नेपाललाई ४००० एकड जमिन फिर्ता गर्ने त्यतिबेलाको सम्झौतामा उल्लेख थियो तर नेपालले उक्त जग्गा हालसम्म पनि पाएको छैन।



कम्पनी सरकारले भारतीय भूमि ५ लाख हेक्टरमा सिँचाइ गर्न उक्त बाँधको निर्माण गरेको थियो। भारतले उक्त बाँधबाट अटुटरूपमा २७१ क्युमेक्स (क्युविक मिटरप्रति सेकेन्ड) पानी आफ्नोतिर लगिरहेको छ। तर, नेपाललाई हिउँदमा केबल ४.२५ क्युमेक्स र वर्षात्को समयमा २८.३५ क्युमेक्स पानी दिन्छ, त्यो पनि भारतको निगाहमा।

**ख) टनकपुर बाँध :**


शारदा बाँधको आयु ७५ वर्षको थियो। त्यसको आयु सकिएपछि पनि भारतीय भूमि सिञ्चित गर्न भारतीय पक्षले शारदा बाँधबाट ७ किमि उत्तरतिर टनकपुर बाँध निर्माण गर्‍यो। नेपाली जनता निरङ्कुश पञ्चायती व्यवस्था फाल्ने आन्दोलनमा व्यस्त हुँदा भारतीय सरकारले टनकपुर बाँध निर्माण गरिरहेको थियो। भारतमा १२० मेगावाट बिजुली उत्पादन गर्न र सोही पानी फेरि शारदा बाँधकै पानीढलोमा लगेर शारदा बाँध भत्किएमा पनि भारतीय भूमि सिञ्चित गर्ने उद्देश्यले भारत सरकारले टनकपुर बाँध निर्माण गरेको उसकै लिखतले बताउँछ। यस क्रममा नेपालतिरको भँगालोमा बाँध बनाउँदा ५७७ मिटर लामो तटबन्धका लागि नेपाली भूमि २.५ हेक्टर (४९.१४ रोपनी जग्गा) डुवानमा परेको थियो। बदलामा नेपाली पक्षले टनकपुर बाँधबाट हिउँदमा ८.५ क्युमेक्स र वर्षात्मा २८.३५ क्युमेक्स पानी तथा ७ करोड युनिट बिजुली पाउने सम्झौतामा उल्लेख छ।

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सन् १९९१ डिसेम्बर ४ र ५ मा भारत भ्रमणमा जाँदा टनकपुर बाँध परियोजनासम्बन्धी सन्धि गरेका थिए। तर, प्रधानमन्त्री कोइरालाले टनकपुर बाँधबारे कुनै सन्धि नगरेको बरु सामान्य समझदारीमात्र गरेको भनी नेपालको संसद्लाई ढाँटे। उक्त सन्धिमा देशघात भएको भन्दै नेपाली जनताले सडक र सदनमा सङ्घर्ष गरे। सर्वोच्च अदालतले गिरिजाले भारतमा सन्धि नै गरेको फैसला सुनाएको थियो। परिणामत: गिरिजाले निर्वाचित संसद् विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गरे। एमालेले त्यतिबेला देशघाती महाकाली सन्धिलाई देशव्यापीरूपमा चुनावी मुद्दा बनायो र सरकार पनि गठन गर्‍यो। तर, २०५२ माघ १५ गते भारतीय विदेशमन्त्री प्रणव मुखर्जी नेपाल भ्रमण आउँदा महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धिमा दुई देशका मन्त्रीस्तरमा हस्ताक्षर भयो। त्यसको लगतै तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणको क्रममा दुई सरकार प्रमुखबिच औपचारिकरूपमा सन्धिमा हस्ताक्षर गरियो। एकीकृत सन्धिमा आयु सकिएको शारदा बाँधलाई पुनर्जीवित गर्ने कार्यसँगै टनकपुर सन्धिमा भएको देशघातलाई अनुमोदन गरियो। त्यसका साथै प्रस्तावित पञ्चेश्वर बाँधबाट विद्युत् उत्पादन गर्ने, सिँचाइ गर्ने र बाढी नियन्त्रण गर्ने बहुउद्देश्यीय योजना पनि समेटियो। भूकम्पीय दृष्टिकोणले अत्यन्त जोखिमयुक्त क्षेत्रमा संसारकै अग्लोमध्येको एक ३१५ मिटर अग्लो बाँध निर्माण गरेर पञ्चेश्वरबाट ६ हजार ४८० मेगावाट र रूपालगढबाट थप २४० मेगावाट बिजुली उत्पादन गर्ने प्रस्ताव गरिएको थियो सन्धिमा।

एकीकृत महाकाली सन्धिमा पञ्चेश्वर बहुउद्देश्यीय परियोजना निर्माणसम्बन्धी विस्तृत आयोजना प्रतिवेदन (डीपीआर रिपोर्ट) सन्धि भएको मितिले ६ महिनाभित्र तयार गर्ने उल्लेख थियो। तर, सन्धि भएको २७ वर्ष पूरा भइसक्दा समेत अहिलेसम्म उक्त प्रतिवेदन तयार भएको छैन। त्यस नाममा अहिले पनि भारतीय पक्षले महाकालीको पानीमाथि एकाधिकार कायम गरिरहेकै छ।

महाकाली सन्धिमा देशघात भएको सबैलाई थाहा छ, त्यसको विरोधमा त्यतिबेला देशव्यापी आन्दोलन पनि चर्केको थियो। तर, काङ्ग्रेस, राप्रपालगायत सत्ताधारी दलहरूले 'पश्चिमबाट सूर्य उदाउने', 'विकासको मुल फुट्ने' जस्ता भ्रम फैलाउन छोडेनन्। एमालेका नेताहरूले समेत जनतालाई धोखामा पार्ने काम गरे। उनीहरूले 'देश झिलिमिली हुने', 'जङ्गलका रुखका पातहरूमा बिजुली बल्ने' जस्ता फुस्रा गफ गरेर जनताको आँखामा कालोपट्टी बाँध्ने काम गरे।

तत्कालीन संवैधानिक व्यवस्थाअनुसार उक्त सन्धिलाई संसद्को दुवै सदनबाट अनुमोदनको लागि २०५३ भदौ ४ गते संसद्मा दर्ता गरियो र भदौ २६ गतेबाट सांसदहरूबिच छलफल चलाइयो। सन्धिको पक्ष र विपक्षमा संसद्मा चर्काचर्की भएको थियो। देशघाती सन्धिको विरोधमा जनमत तयार हुँदै थियो। सांसदहरूलाई खबरदारी गर्न जनता सडकमा ओर्लिन थाले। नेपाल मजदुर किसान पार्टीले भक्तपुरदेखि काठमाडौँसम्मको विशाल पैदल ऱ्याली पनि गर्‍यो। माइतीघरमा धर्ना तथा खबरदारी कार्यक्रम दिनहुँजसो भए। शासक दलकै नेताहरूसमेत सन्धिको विपक्षमा आवाज उठाउन थालेका थिए। तर, भारतीय विस्तारवादको दलाली गर्दै शासक दलहरूले आफ्नै सांसदहरू खरिदबिक्री गर्ने, बन्धक बनाउनेजस्ता आपराधिक कार्य गर्न थाले। २०५३ असोज ४ गते राति काङ्ग्रेस, एमाले, राप्रपालगायतका दलहरूले आफ्ना सांसदहरूलाई ह्वीप जारी गर्दै सन्धि अनुमोदनको पक्षमा जबरजस्ती मतदान गर्न लगाए। त्यतिबेला नेपाल मजदुर किसान पार्टीका ४ सांसदहरूसहित ८ जनाले सन्धिको विपक्षमा मतदान गरे भने ३१ जना सांसदहरूले मतदान बहिष्कार गरे। २२० जना सांसदहरूले देशघाती महाकाली सन्धि संसद्बाट अनुमोदनको पक्षमा मतदान गरे। शासक दलहरूले जनविरोधी सन्धि अनुमोदनका लागि चोरबाटो अपनाएर रातिको समयमा संसद्मा मतदान




गराएको चाल पाउनेबित्तिकै देशभक्त जनता राति नै सडकमा ओर्लेका थिए। लामो समयसम्म सन्धि एवं नेपाली शासक दलहरूको भारतीय दलाली प्रवृत्तिको विरोधमा राजधानीका सडकहरू तातिएका थिए।

**पञ्चेश्वर बहुउद्देश्यीय परियोजनामा ललिपप :**

एकीकृत महाकाली सन्धिको एउटा महत्त्वपूर्ण पक्ष प्रस्तावित पञ्चेश्वर बहुउद्देश्यीय परियोजनालाई बनाइएको थियो। पञ्चेश्वरलाई दुई देशबिच न्याय र समानताको आधारमा देशहितमा गरिएको दाबी गर्दै टनकपुर र शारदामा भएको देशघातलाई पखालिने बताइएको थियो। भारतीय सरकार हिजो पनि पञ्चेश्वर बनाउने पक्षमा थिएन र अहिले पनि नभएको घटनाक्रमले पुष्टि गरिसकेकै छ। अहिलेसम्म डीपीआर रिपोर्ट तयार नहुनुले भारतीय स्वार्थ छर्लङ्गै पारेको छ। महाकाली नदीमाथिको नेपालको अधिकार पूर्णत: छिनिएको छ र भारतले नदीको पानी र बिजुलीमाथि एकाधिकार कायम गरेको छ।

पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाअन्तर्गत पञ्चेश्वरमा ३१५ मिटर अग्लो बाँध बनाएर वर्षाको पानी रोक्ने, रूपालगढ र पञ्चेश्वरमा विद्युत् उत्पादन गर्ने, महाकालीमा बाढी नियन्त्रण गर्ने र दुवै देशको भूमिमा सिँचाइ गरी कृषि उत्पादकत्व वृद्धि गर्ने लक्ष्य राखिएको थियो। विद्युत् उत्पादनबाट ७५ प्रतिशत, सिँचाइबाट २४.६ प्रतिशत र बाढी नियन्त्रणबाट ०.४ प्रतिशत लाभ लिने र दुवै देशले वार्षिकरूपमा ८३ करोड ५० लाख ३५ हजार अमेरिकी डलर लाभ प्राप्त गर्ने सपना देखाइएको थियो। लाभको अनुपातमा दुवै देशले पञ्चेश्वर परियोजनाको लागि लगानी गर्ने पनि उल्लेख थियो।

यही हो, शासक दलहरूले नेपाली जनतालाई त्यतिबेला छारो हालेको। तिनीहरूले महाकाली सन्धिको कारण नेपालले हरेक वर्ष ३१ करोड ५० लाख अमेरिकी डलर आम्दानी गर्ने झूटा प्रचार गरिरहे। नेपाली जनताले पनि डलरमा आम्दानी गर्ने भए, पानी र बिजुली बेचेर नेपाल धनी बन्ने भयो। यस्तै यस्तै सपना देखाएका थिए शासक दलका नेताहरूले हाम्रा गाउँघरमा। सन्धिपछि नेपालले ४४ हजार हेक्टर भूमि सिञ्चित गर्ने र भारतले ३८ लाख हेक्टर जग्गामा सिँचाइ सुविधा प्राप्त गर्ने पनि उल्लेख थियो। तर, लाभका आधारमा दुवै देशले पञ्चेश्वर परियोजनामा लगानी गर्नुपर्ने कुरा भने ज्यादै मधुरो स्वरमा बोलिएको थियो।

त्यतिबेला नेपाल सरकारसँग पञ्चेश्वर परियोजनाका लागि १ अर्ब ९ करोड अमेरिकी डलर रकम लगानी गर्ने क्षमता पनि थिएन, लगानीको स्रोत जुटाउने जुक्ति पनि थिएन सायद। त्यसैले त योजना अघि बढेन। भारतीय सरकारले त यो योजना अघि सार्ने सोच पनि बनाएको थिएन। नेपालको पानी र बिजुली कब्जा गर्नेबाहेक उसको अर्को विचार पनि छैन। त्यसैले पञ्चेश्वर रोकियो, तर पानी भने निरन्तर भारततिर बगिरह्यो।

समय धेरै परिवर्तन भइसकेको छ। नेपाली जनता हिजोको तुलनामा धेरै सचेत भएका छन्। देशघाती महाकाली सन्धिको अङ्ग्रेजी, हिन्दी र नेपाली भाषा तीनै प्रतिमा दुवै सरकार प्रमुखले हस्ताक्षर गरेको प्रति सहजै अध्ययन गर्न सकिने अवस्था छ। शारदा बाँध, टनकपुर बाँध र प्रस्तावित पञ्चेश्वर बाँधको निर्माणस्थलसम्म पुग्ने बाटोको सहज सुविधा बनेको छ। तथापि भारतीय विस्तारवादी सरकारको नेपालका प्राकृतिक स्रोतहरूमाथि नियन्त्रण गर्ने र नेपाली शासक दलहरूको भारतीय विस्तारवादसामु नतमस्तक हुने प्रवृत्तिमा कुनै परिवर्तन आएको छैन। सङ्घर्षशील युवाहरूलाई स्वदेशमै रोजगारी दिइएमा शासक दलहरूको विरुद्ध आवाज उठाउलान् भन्ने डरले रोजगार र अध्ययनको नाममा विदेशी भूमिमा कर्मशील युवा बेचबिखन कार्यमा सक्रिय छन्। यो विडम्बनापूर्ण स्थितिको अन्त्य नभएसम्म देशको सार्वभौमसत्ता रक्षा गर्न र विकासमा काँचुली फेर्न कठिन छ, तर असम्भव छैन।

२०८०/११/११ गते

| विवरण | नेपालले पाउने वार्षिक लाभको अंश (अमेरिकी डलर) | भारतले पाउने वार्षिक लाभको अंश (अमेरिकी डलर) | कुल वार्षिक लाभ ( प्रतिशत) |
|---|---|---|---|
| विद्युत्बाट लाभ | ३१ करोड ३० लाख ४० हजार (३७.५ प्रतिशत) | ३१ करोड ३० लाख ४० हजार (३७.५ प्रतिशत) | ७५ प्रतिशत |
| सिंचाइबाट लाभ | १० लाख ५० हजार (०.२ प्रतिशत) | २० करोड ३० लाख ४० हजार (२४.४ प्रतिशत) | २४.६ प्रतिशत |
| बाढी नियन्त्रणबाट लाभ | ७० हजार (०.०४ प्रतिशत) | ३० लाख (०.३६ प्रतिशत) | ०.४ प्रतिशत |
| वार्षिक कुल लाभ | ३१ करोड ५० लाख ६० हजार डलर (३७.७७ प्रतिशत) | ५१ करोड ९० लाख ८० हजार डलर (६२.२३ प्रतिशत) | १०० प्रतिशत |

दुवै देशलाई लगानीको बाँडफाट :

| विवरण | नेपालले गर्नुपर्ने लगानी (अमेरिकी डलर) | भारतले गर्नुपर्ने लगानी ( अमेरिकी डलर) | जम्मा लगानी प्रतिशत |
|---|---|---|---|
| विद्युत् उत्पादनका लागि | ८४ करोड ८० लाख ४० हजार (२८.४ प्रतिशत) | ९२ करोड ७० हजार (३१.१० प्रतिशत) | ५९.५० प्रतिशत |
| सिंचाइ तथा बाढी नियन्त्रणका लागि | २४ करोड ६० लाख ६० हजार (८.३० प्रतिशत) | ९६ करोड ४० हजार (३२.२० प्रतिशत) | ४०.५० प्रतिशत |
| कुल लगानी अंश | १ अर्ब ९ करोड ५० लाख डलर (३६.७ प्रतिशत) | १ अर्ब ८८ करोड ८० लाख १० हजार (६३.३ प्रतिशत) | १०० प्रतिशत |

**महिला...**

भक्तपुरका कलेजहरूमा पढ्ने तथा पढाउने दुवैमा महिलाहरूको सङ्ख्या बढी हुनुका साथै पढाइ पनि अब्बल रहेको र यस्तो स्थिति आउनुमा नेमकिपाको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेक्रामसङ्घ र पार्टीको सक्रियतामा समय समयमा महिला स्वास्थ्य शिविरहरू सञ्चालन भइरहेको हुँदा यहाँका महिलाहरूको स्वास्थ्यमा धेरै हदसम्म प्रगति भएको छ । अन्य जिल्लाहरूमा पनि महिलाहरूको लागि नियमित स्वास्थ्य शिविर सञ्चालन हुनु आवश्यक छ ।"




नेपालको शासक दलका नेता तथा नेतृहरू आफू पार्लर जाने र करोडौँ गाडी चढी संसद् जान मन्त्री बन्नेमै ध्यान केन्द्रित हुँदा सिंजाका गरिब महिलाहरू ८० प्रतिशत आङ खस्ने समस्याबाट पीडित रहेको उहाँले बताउनुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले महिला स्वास्थ्य अशिक्षा र चेतनाको अभावमा अत्यन्त नाजुक अवस्थामा पुग्ने भएकोले महिलाहरूलाई स्वास्थ्य सचेतना कार्यक्रम आवश्यक भएको बताउनभुयो ।

नेमकिपा भनपा वडा नं. ७ एकाइ समितिका अध्यक्ष बलराम गोसाईले नेमकिपाले नेपालको राजनीतिमा प्रकाशस्तम्भको रूपमा काम गरेको बताउनुभयो ।

आयोजक समितिका संयोजक लक्ष्मीकेशरी तुइतुईको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा इन्द्रमाया लागे, अञ्जु मचामसी र सुवर्णकेशरी दुवालले पनि बोल्नुभएको थियो ।

**कृषि...**

कलेज व्यवस्थापन समितिका उपाध्यक्ष एवम् भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले देश र जनताको सेवालाई केन्द्रबिन्दुमा राखी नेमकिपाबाट निर्वाचित जनप्रतिनिधिले काम गर्दै आएको प्रकाश पार्दै ख्वप सर्कलले समाजलाई बुद्धिजीवीकरण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायका डीन प्रा.डा. कुसुम शाक्यले सबै क्षेत्रमा महिलाहरूको सहभागिता उल्लेख्य रहेको चर्चा गर्दै महिलालाई शिक्षित र सचेत पार्नु आजको आवश्यकता भएको बताउनुभयो ।

भक्तपुर नपाको ख्वप विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्य छिट्टै साकार हुने विश्वास राख्दै उहाँले जनतालाई सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न विश्वविद्यालयहरू प्रतिबद्ध हुनुपर्ने बताउनुभयो ।

विश्वविद्यालय अनुदान आयोगका निर्देशक लालप्रसाद आम्गाईले विश्वविद्यालयले अध्ययन र अनुसन्धानमा जोड दिनुपर्ने बताउँदै रोजगारीमूलक शिक्षा आजको आवश्यकता भएको स्पष्ट पार्नुभयो । उहाँले विश्वविद्यालय अनुदान आयोगले गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई एमफिल र विद्यावारिधि अध्ययन गर्न छात्रवृत्तिको लागि अनुदानको व्यवस्था गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, जिल्ला प्रशासन कार्यालयका प्रमुख प्रशासकीय अधिकृत अशोककुमार पोखरेल र ख्वप कलेजका अङ्ग्रेजी शिक्षक कमिनिका न्याइच्याईले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य र ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले सम्बन्धित कलेजहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

वार्षिकोत्सव अवसर पारेर कलेजले ख्वप कलेज र ख्वप माविमा अविछिन्नरूपमा दस वर्ष सेवा पूरा गरेका शिक्षक तथा कर्मचारीहरूलाई कदरपत्रका साथ सम्मान गरेको थियो । कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले वार्षिकोत्सवको अवसरमा आयोजित अतिरिक्त क्रियाकलापका विजेताहरूलाई मेडल र प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

वार्षिक उत्सव कार्यक्रमको अवसर मा बिहीबार शैक्षिक प्रदर्शनी भयो भने शुक्रबार सांस्कृतिक तथा समापन कार्यक्रम सम्पन्न भयो ।

समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले देशको संस्कृति विदेशी संस्कृतिको प्रभावबाट मुक्त हुनुपर्ने आवश्यकता औँल्याउँदै मौलिक संस्कृतिलाई संरक्षण गर्नुपर्छ भन्नुभयो ।

सांस्कृतिक अतिक्रमण भौतिक अतिक्रमणभन्दा खतरनाक हुनेतर्फ सचेत गराउँदै उहाँले नेपालीहरू नेपाली संस्कृतिमै रमाउन जानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विद्यार्थीहरूलाई सांस्कृतिक गतिविधिहरूमा समावेश गराइराख्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "विद्यार्थीहरूलाई स्थानीय संस्कृति र सम्पदाबारे शिक्षित गराउने उद्देश्यले नै भनपाले स्थानीय पाठ्यक्रम लागु गरेको छ ।"

"एनजीओ/आईएनजीओले नेपालको भन्दा पनि विदेशीको हितमा काम गरिरहेको छ । पाँच वर्षमा एनजीओ/आईएनजीओले १० खर्ब रकम देशमा भित्र्याएको तथ्याङ्क छ । उनीहरूको खर्च प्रणाली अपारदर्शी छ । यसरी भित्रिएको रकम सही रूपमा सदुपयोग भइरहेको छैन", प्रमुख प्रजापतिले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सृजना सैजूले विद्यार्थीलाई देश प्रेमको भावनाबारे सिकाउनुपर्ने आवश्यकता औँल्याउँदै ख्वपका विद्यार्थीले सांस्कृतिक कार्यक्रममा प्रस्तुत गरेको देशप्रेमको भावना सराहनीय छ भन्नुभयो ।

सांस्कृतिक गतिविधिमार्फत विद्यार्थीमा देशभक्तिको भावना जगाउनसक्ने यसतर्फ शिक्षकहरूले विद्यार्थीलाई उत्प्रेरणा दिनुपर्ने आवश्यकता उहाँले व्यक्त गर्नुभयो ।

प्रदेश सदस्य सैँजूले भन्नुभयो, "शैक्षिक गतिविधिसँगै विद्यार्थीलाई व्यावहारिक र सैद्धान्तिक रुपमा शिक्षित गर्नुपर्छ । नयाँ पुस्तालाई व्यक्तिवादी नभई सामूहिक भावना जगाउने शिक्षा दिनु आवश्यक छ ।"

देश र जनताको सेवामा इमानदारीपूर्वक लड्ने सिपाहीँको रूपमा लड्ने विद्यार्थी तयार गर्नु अहिलेको आवश्यकता भएको उहाँले बताउनुभयो ।

सांस्कृतिक कार्यक्रमअन्तर्गत विद्यार्थीहरूले देश भक्ति र देशको विभिन्न संस्कृति झल्काउने नाटक, गीत र नृत्य प्रस्तुत गरिएको थियो । कार्यक्रममा ख्वप मा.वि.का प्राचार्य लक्ष्मीप्रसाद कमाचार्य, ख्वप कलेजका उपप्राचार्य डा. राजेशकुमार श्रेष्ठ, ख्वप मा.वि.का उपप्राचार्य विष्णुप्रसाद किसी र बीए तथा एमए अङ्ग्रेजी इन्चार्ज कमिनिका न्याइच्याईले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा वार्षिक उत्सवको अवसरमा भएका विभिन्न अतिरिक्त क्रियाकलापमा विजयी विद्यार्थीलाई प्रदेशसभा सदस्य सैजूले प्रमाणपत्र तथा मेडल वितरण गर्नुभएको थियो ।

**भन्सारमा...**

संयुक्त पहल जरुरी छ । यससम्बन्धी अघिल्लो आयोगका प्रतिवेदनहरू सांसदहरूलाई उपलब्ध गराउनु जरुरी छ । सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरेका मालपोत कार्यालयका अधिकारीहरूलाई सरकारले तत्काल बर्खास्त गरी कारबाही गर्नुपर्दछ ।

सत्ता गठबन्धनको मुख्य दल नेपाली काङ्ग्रेसको चार दिनको महासमिति बैठक सम्पन्न भयो । नेपाली काङ्ग्रेसकै एक केन्द्रीय सदस्यले भन्नुभयो, "देशकै सबभन्दा "ठुलो प्रजातान्त्रिक पार्टी" नेकाभित्र नीतिगत विषय र अनुशासन देखिएन ।" नीति महाधिवेशन भनिए पनि बैठकमा नीतिगत विषय गौण भएको अन्य सहभागीहरूको पनि रह्यो ।

आम जनताको गुनासो छ- "सिद्धान्तप्रति प्रतिबद्ध नभएको शासक पार्टीका नेता र सांसदहरूबाट जनहितको आशा गर्नु व्यर्थ हुनेछ ।" जनताको थप गुनासो छ, "बेइमानी गर्ने मौका नपाएरमात्रै इमानदार बनेका शासक पार्टीका नेता र सांसदहरू मौका पाउनासाथ देश र जनताप्रतिको प्रतिज्ञा र बाचाहरू मिल्काएर आफ्नो स्वार्थलाई प्राथमिकता दिन्छन् र जनतालाई मूर्ख बनाउँछन् । सदस्य सङ्ख्याअनुसार नेकाले आफ्नो जिम्मेवारी निर्वाह गरेन ।"

लघुवित्त, सहकारी पीडित र मिटरब्याज पीडितहरूलाई सम्बन्धित पीडकबाट क्षतिपूर्ति दिलाउनु जरुरी छ, राज्यकोषबाट भरणपोषण गर्नु देशको हितमा हुनेछैन ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० फागुन ११ गते प्रतिनिधिसभाको आकस्मिक समयमा राख्नुभएको मन्तव्यको सार - सं.)*

**प्रदूषण बढ्दा काठमाडौँबासी क्यान्सरको सिकार !**

फागुन १२ गते सम्पन्न सङ्घीय संसद् भवन, बानेश्वरमा सम्पन्न 'क्यान्सर रोग र जनप्रतिनिधिहरूको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा विज्ञहरूले काठमाडौँ उपत्यका विश्वकै प्रदूषित सहरमा परिणत हुँदा काठमाडौँका बासिन्दा क्यान्सर रोग बढेको बताए । अर्को सूचना स्रोतमा काठमाडौँ उपत्यकाको प्रदूषण यहाँका बासिन्दालाई दिनको दुई बट्टा चुरोट खाएसरह भएको पनि उल्लेख भयो । एउटा चुरोटको धुवाँले मानिसको ११ मिनेट आयु घटाउँछ । यो गम्भीर विषयमा सरकारको ध्यान किन गएन ?

बहुदल र गणतन्त्रको ३५ वर्षमा सरकारहरूले जिल्ला-जिल्लाका मानिसलाई काठमाडौँ उपत्यकामा बसाइँसराइ गराउँदै यसलाई प्रदूषणको थलो बनाए । यसकारण पनि उपत्यकाका बासिन्दामा फोक्सोको क्यान्सर बढ्यो । सरकारमा पुगेर गम्भीर लापरवाही गर्ने प्रधानमन्त्री, मन्त्री र अधिकारीहरू नै हुन् । शासक दलका नेताहरू, प्रधानमन्त्री, मन्त्री राज्य कोषको खर्चमा क्यान्सर रोगको उपचार गराएर आ-आफ्नो ज्यान जोगाउने तर सर्वसाधारण जनता क्यान्सर रोगबाट मर्नुपर्ने यो सरकारको निम्ति लाजको विषय होइन र ? औषधि व्यवस्था विभागले समयमा औषधि आपूर्ति नगर्दा क्यान्सरलगायत गम्भीर रोगका बिरामीहरूको मृत्यु बढ्यो । क्यान्सर रोगको औषधि उपलब्ध भए बाँच्ने सर्वसाधारण जनता समेतको मृत्यु हुनुमा औषधि व्यवस्था विभाग र स्वास्थ्य मन्त्रालयकै अधिकारीहरू दोषी छन् । एउटा सूचाङ्कले वाग्मती प्रदेशमा सबभन्दा बढी मानवअधिकार प्रत्याभूति नभएको सार्वजनिक भयो, यसको कारण पनि बसाइँसराइ यहाँ बढी भएको कारण हो ।

**अदालतको आदेशमा समलिङ्गी विवाह !**

नेपालको मुलुकी देवानी संहिताअनुसार पुरुष र महिलाबिचको विवाहलाई मात्र मान्यता हुन्छ । तर, सर्वोच्च अदालतले समलिङ्गी विवाह दर्ता गराउन सरकारको नाममा अन्तरिम आदेश जारी गऱ्यो । नेपालको एउटा गाउँपालिकाले नवलपरासीका पुरुष सुरेन्द्र पाण्डे र लमजुङका रामबहादुर गुरुङबिचको विवाह दर्ता समेत गरायो । सङ्घीय संसद्बाट ऐन संशोधन नहुँदै अदालतको आदेशअनुसार कार्यपालिकाले समलिङ्गी विवाह दर्ता गराएको व्यवस्थापिकामाथि कार्यपालिकाको हस्तक्षेप हो । प्रधानमन्त्री पुष्पकमल दाहालको अमेरिका भ्रमणमा राष्ट्रपति बाइडेनसँग समलिङ्गी विवाहलाई सहमति दिएको सार्वजनिक भयो । के प्रधानमन्त्री दाहालले नेपालको जनसङ्ख्या वृद्धि रोक्ने नयाँ उपाय अमेरिकी राष्ट्रपतिसँग लिएका हुन् र ? के नेपालको व्यवस्थापिकाको काम अमेरिकी राष्ट्रपतिबाट भइरहेको हो र ? यो विषयमा प्रधानमन्त्रीसँग स्पष्टीकरण दिलाउनु जरुरी छ ।

**तराईका नेताहरूको कारण त्यहाँका जनतालाई दुःख !**

प्रधानमन्त्री र मन्त्री भएकाहरूसँग देश विकासको खाका नहुँदा अन्नको भण्डार क्षेत्र तराईका जनता कुपोषणको सिकार भएका छन् । तराई ४९ थरी जातजातिसहितको समाज हो । तराईका सामन्त र जमिनदारहरू आ-आफ्नो स्वार्थमा लागेको हुँदा यहाँका सर्वसाधारण जनता २९ प्रतिशतमा पुडकोपना, २७ प्रतिशतमा कम तौल, १० प्रतिशतमा ख्याउटेपना, ५१ प्रतिशतमा रक्तअल्पता रहेको सार्वजनिक भयो । तराईका १५ देखि ४९ वर्षका महिला रक्तअल्पताको सिकारमा परे । २०७९/८० को एक रिपोर्टमा तराईका ३९ प्रतिशत आमाले मात्र ६ महिना स्तनपान गराएको र स्तनपान नगराएका ६१ प्रतिशत आमाहरू कुपोषणको सिकार भएको सार्वजनिक भयो । तराईमा शिक्षा र रोजगारी पनि दयनीय छ । यो स्थिति हुनुमा तराईबाट प्रधानमन्त्री र मन्त्री भएकाहरू दोषी किन होइनन् ?

**उपकुलपतिको प्रस्ताव सार्वजनिक हुनुपर्ने**

त्रिभुवन विश्वविद्यालयमा उपकुलपति नियुक्तिको लागि प्रस्ताव आह्वान गरियो तर सरकारले ती प्रस्तावहरू सार्वजनिक गरेनन् । उपकुलपति उम्मेदवारहरूको प्रस्ताव संसद् सदस्यहरूलाई उपलब्ध गराउनु जरुरी छ ।

**अमेरिका जहाँ पुग्यो त्यहाँ युद्ध !**

संरा अमेरिकाको इन्डोप्यासिफिक कमान्डर दिल्ली हुँदै नेपाल आएका रायसिना संवाद दिल्लीमा भयो । त्यहाँ नेपालका परराष्ट्रमन्त्री पुगे । प्रधानमन्त्री दाहालले 'चौथो शान्ति प्रयास अभ्यास' भनेर १९ देशको सैन्य अभ्यासको पाँचखालमा उद्घाटन गरे । यी विषयमा प्रधानमन्त्री र परराष्ट्रमन्त्रीलाई संसद्मा स्पष्ट गर्न लगाउनु जरुरी छ । संसारमा अमेरिका जहाँजहाँ पुग्यो त्यहाँत्यहाँ युद्ध र विध्वंश भइरहेको छ । २०० वर्ष यता संसारका ५०० ठाउँमा अमेरिकी सैन्य हस्तक्षेप भएको छ । अमेरिकी सरकारले युक्रेनलाई हतियार दिएर रुसविरुद्ध युद्ध गरायो । अहिले युक्रेनमा नेपाली युवाको ज्यान गइरहेको सार्वजनिक भयो । अमेरिकी सरकारले इजरायललाई हतियार नपठाएको भए प्यालेस्टिनी भूमि कब्जा र जातीय नरसंहार हुने थिएन । यो यथार्थ प्रधानमन्त्रीले कसरी थाहा भएन ? यसबारे पनि प्रधानमन्त्रीलाई संसदमा स्पष्ट गराउनु जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० फागुन १३ गते प्रतिनिधिसभाको विशेष समयमा राख्नुभएको मन्तव्यको सार - सं.)*

**एकक्षण** | **बिजुक्छेँ**

# अमेरिकी औद्योगिक क्रान्तिमा मजदुरको योगदान-२

सन् १८२० पछि नै अमेरिकाको पश्चिमी राज्यहरूमा सबै गोराहरूलाई मतदानको अधिकार दिइयो । पुराना राज्यहरूले मताधिकार सम्पत्तिका मालिकहरूलाई मात्र दिने गरे । सन् १८२० को दशक र १८३० को दशकमा रोडे टापुबाहेक सबै राज्यहरूमा सम्पत्तिको मालिक भए पनि नभए पनि सबै गोराहरूलाई मताधिकार दिइयो । त्यसबेलादेखि अमेरिकी राजनैतिक दलहरूले मजदुरवर्गको आवश्यकतामा बढी ध्यान दिन थाले । सबै गोरा मानिसहरूले मत दिने अधिकार पाउनु भनेको अमेरिकी मजदुरवर्गको निम्ति ठुलो घटना बन्यो ।

त्यसपछि श्रमिक सङ्गठनहरूले श्रमिकहरूप्रति मित्रवत् व्यवहार गर्नेहरूलाई निर्वाचित गराउन काम गर्न थाले । उदाहरणको निम्ति सन् १८२८ मा मजदुरहरू किसानहरूसँग मिलेर आन्ड्रु ज्याक्सन (Andru Jackson) लाई राष्ट्रपतिमा निर्वाचित गर्न साथ दिए । तिनीहरूले पनि कामदार र महिलाहरूको स्थितिलाई अझ बढी सुधारको निम्ति नयाँ अवसरका ऐनहरू बनाउन सहयोग गरे । निःशुल्क सरकारी विद्यालयहरू, महिलाको समान अधिकार, पश्चिममा बसोबास गरेकाहरूलाई निःशुल्क घर बनाउन दिने, ऋण तिर्न नसक्नेलाई बन्दी नबनाउने, दासमुक्ति गर्ने, दिनको १० घण्टाको कामजस्ता अरू सुधारहरू गर्नमा तिनीहरूले मद्दत गरे । त्यसैले आन्ड्रु ज्याक्सनलाई किसान राष्ट्रपति भन्थे । भनिन्छ - उनको शपथग्रहणको दिन गाउँका किसानहरू राष्ट्रपति भवन पुग्दा त्यहाँका सबै कार्पेट र फर्निचरहरू फेर्नु परेको थियो ।

मिहीन कामको निम्ति कैयौँ पेसामा दिनको १० घण्टा काम तोकियो । सरकारी मजदुरहरूको निम्ति नगर र बस्तीहरूमा दिनको १० घण्टाको काम तोकियो । १८४० मा राष्ट्रपति मार्टिन भान बुरेन (Martin Van Buren) ले सरकारी निर्माण कार्यको काममा १० घण्टाको कानुनी कामको दिन घोषणा गरे । १८४३ मा मासाचुसेट राज्यका १२ वर्षभन्दा कम उमेरका लागि १० घण्टाभन्दा बढी काममा लगाउन बन्देज लगाइयो ।

निःशुल्क सरकारी विद्यालय स्थापनामा सरकारले सफलता प्राप्त गऱ्यो । त्यसबाट अनिवार्य सैनिक सेवालाई समाप्त गरियो । ऋण तिर्न नसक्नेहरूलाई गरिएको थुनछेकलाई उन्मूलन गरेर श्रम आन्दोलनको निम्ति अर्को विजय प्राप्त भएको थियो । १८२९ मा एउटा अनुमानअनुसार एक वा दुई डलर पनि ऋण तिर्न नसक्ने ७५ हजार अमेरिकीहरूलाई बन्दी बनाइएको थियो र ६ भागमध्ये ५ भाग नगरका गरिब ऋणीहरू कारागारमा थिए । १८३० दशकको एक राज्य सभामा एकपछि अर्को ऋण मुक्तिका कानुनहरू निर्माण गरियो । गरिब र असहायहरूको निम्ति अरू पनि धेरै सुधारहरू गरिए ।

**उद्योगपतिका मागहरू**

कारखानाको वृद्धि सँगसँगै मजदुरवर्ग मात्र बनेन बरु कारखाना मालिक अथवा उद्योगपतिहरूको साना र ठुला शक्तिशाली समूहहरू पनि बने । उद्योगका नाइकेहरू के विश्वास गर्थे भने कारखानाहरूको सहयोगले सारा राष्ट्रलाई सहयोग पुग्छ । तिनीहरू व्यवस्थित र सुरक्षित अन्तःशुल्कको पक्षमा थिए । तिनीहरू राम्रो मुद्रा र एक राष्ट्र बैङ्क चाहन्थे । तिनीहरू श्रमिकहरूको आपूर्ति बढाउनको निम्ति अध्यागमन वा प्रवासीहरूलाई बढाउन चाहन्थे ।

कारखाना मालिकहरू सबैभन्दा पहिले कलकारखानाका जिल्लाबाट पश्चिमतिर श्रमिकहरू पलायन हुनबाट हतोत्साहित बनाउन चाहन्थे । तिनीहरू पश्चिमका स्वतन्त्र बसाइँसराइको पक्षमा थिएनन् अथवा पश्चिममा गरिबहरूको निम्ति खेतीको बन्दोबस्त गर्न अरू योजना बनाउन दिन चाहन्नथे । केही समयपछि पश्चिम एक राम्रो बजारमा कारखानाको उत्पादन बेच्न पाउने देखेर विचारमा परिवर्तन आयो ।

**व्यापारिक स्वार्थ**

साहुमहाजन, सामान आयात गर्नेहरू, जहाज निर्माणकर्ताहरू, जहाजका नाविकहरू, उत्तरी अमेरिकामा सबैभन्दा ठुलो महत्त्वपूर्ण समूहहरूको व्यापारिक स्वार्थ थियो । मासाचुसेट्का सांसद डानियल वेबस्टर धेरै वर्षसम्म प्रतिनिधिसभामा तिनीहरूको हितमा बोल्थे । निश्चित सरकारी शुल्कको विरोधमा उनी १८१६ देखि लागिरहेका थिए । १८२४ मा पुनः नयाँ नयाँ अन्तः शुल्कको वृद्धिको विरोध गर्थे । सुरक्षित शुल्कको पक्षमा मत दिन्थे व्यापारमा उत्तरको नियन्त्रण कमजोर होला भन्ने उसको चासो थियो । यसरी प्रतिनिधिसभामा कारखानेदारहरूको मागमा बढी ध्यान दिन थालियो ।

सवारी साधन व्यवस्थापनका लागि अनुरोध

➤ काठमाडौँ उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दुरीका बसहरु गोंगबुस्थित नयाँ बासपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं।

➤ सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्ण रुपले पालना गरौं।

➤ शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रुबाहक सवारी साधन रोक्ने, यात्रु चढ्ने र ओर्लने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३